

# मोरी : नृत्य र सौन्दर्यको दोभान




जापानको माउन्ट फुजिको काखमा स्थित सानो सहर सिजुओकाबाट आएकी रियो मोरीले देखाएको आत्मविश्वासकै कारण उनी सन् २००७ को मिस युनिभर्सको मुकुट पहिरिन सफल भइन् । २ लाख ५० हजार डलर मूल्य पर्ने उक्त मुकुट पहिरिन उनी आफैंले गोलाप्रथाबाट छनौट गरेको निर्णायकको तपाईंले जीवनमा के सिक्नुभयो र नयाँ पुस्तालाई के सिकाउनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा यी जापानी युवतीले भनिन्- 'मैले सधैं खुसी हुन सिकें । त्यसबाहेक धैर्य राखें र अरूप्रति सधैं सकारात्मक भावना राख्नुपर्छ भन्ने मान्यता बनाएँ । मैले यही सिकें र नयाँ पुस्तालाई पनि यही सिकाउँछु ।



'हेलो मेक्सिको' भनेर दर्शकलाई अभिवादन गर्दै स्टेजमा आएकी २० वर्षीया मोरीले इभिनिङ गाउनको राउन्डमा खासै राम्रो अंक हासिल गर्न सकेकी थिइनन् तर उनले स्विम सुटको राउन्डमा भने सबै प्रतियोगीलाई उछिन्दै पहिलो स्थान पाएकी थिइन् ।

जीवनमा नृत्यबाहेक केही पनि नसोचेकी मोरी ब्याले डान्सकी उत्कृष्ट नृत्यांगना पनि हुन् । उनले आफ्नी आमासँग चार वर्षको उमेरदेखि ब्याले नृत्य सिक्न थालेकी हुन् । मोरीले यो नृत्य सिकेको १६ वर्ष भैसकेको छ । नृत्यप्रतिको लगावकै कारण उनले नृत्य गर्न आमाले किनिदिएको पहिलो ब्याले जुत्ता अझै पनि सुरक्षित राखेकी छिन् । रियो आमाको सम्झना गर्दै भन्छिन्– 'मेरी आमाले पनि एकपटक स्थानिय सौन्दर्य प्रतियोगितामा भाग लिनुभएको थियो । यो कुराको मलाई उति ख्याल त छैन, तर आमाको सिको गर्ने हुनाले मलाई मेरी हजुरआमा (आमाको आमा) ले २० वर्ष नपुग्दै तँलाई मिस जापान बनाउनेछु भनेको कुराचाहिँ सम्झना छ ।

मिस युनिभर्सको विभिन्न चरणमा सहभागी भएका ७७ देशका सुन्दरीलाई स्टेजमा प्रस्तुत गरेपछि उनीहरूबीच उत्कृष्ट १५ सुन्दरीको छनौट गरिएको थियो । त्यसपछि टप टेन हुँदै टप फाइभमा पुऱ्याइएको थियो । टप फाइभमा जापानलगायत ब्राजिल, भेनेजुएला, कोरिया तथा अमेरिकाकी सुन्दरी पुगेका थिए । इभिनिङ गाउनको राउन्डमा लड्न पुगेकी अमेरिकी सुन्दरी राचेल स्मिथले पाँचौं स्थानमा चित्त बुझाइन् भने कोरियाकी सुन्दरी हनी लि चौथो भइन् । सेकेन्ड रनरअपको उपाधि भेनेजुएलाकी सुन्दरी लि जोनाटिस्ले पाइन् । जब फस्ट रनरअपको घोषणा गर्दै उद्घोषकले ब्राजिलकी सुन्दरी नाथालिया गोमारेज्को नाम भने तब रियो मोरी अवाक भइन् ।

यसपटकको मिस युनिभर्स प्रतियोगिताका केही सहभागी राष्ट्र तथा आयोजक मेक्सिकोका केही नागरिकले विरोधसमेत गरे । तीन पटक मिस युनिभर्सको उपाधि हासिल गरिसकेको स्वीडेनले आफ्नो देशकी प्रतिनिधि इसाबेल लेस्टापिर विनभिष्टलाई फिर्ता बोलायो ।

मिस युनिभर्स आधुनिक युवतीहरूको प्रतियोगिता हो भन्दै उनीहरूले टाउको चिन्डो पारेर सहभागिता गरेकी मिस तान्जानिया फ्लाभियाना माटाटाको विरोधमात्र गरेनन् मिस जमैका जहारा रेडउडले जमैकाको एक धार्मिक समुदायले लगाउने रस्ताफेरियन पोसाक लगाएर सहभागिता गरेको घटनाप्रति पनि आपत्ति जनाए । यसबाहेक मिस युनिभर्स प्रतियोगिता आयोजना स्थलबाहिर शान्त विरोध गर्दै 'मिस मारिजुअना' 'मिस सेक्सुअल हेल्थ' 'मिस ह्युमन राइट' जस्ता प्रतियोगिता आयोजित गरिएका थिए । उक्त प्रतियोगिताको प्रत्यक्ष प्रसारण १ सय ८० राष्ट्रमा गरिएको थियो जसलाई ६० करोडभन्दा बढी दर्शकले हेरेको अनुमान गरिन्छ ।






साइवर गर्ल

सावित्रा

साप्ताहिक




## अनु ओझा

मध्यपृष्ठमा

## फ्रिस्टाइल रेस्लिङको रौनक

नेपाल-चीन सीमाक्षेत्र तातोपानी बजारमा गत साता फ्रिस्टाइल रेस्लिङ प्रतियोगिता सम्पन्न भयो । भीमकाय शरीर भएका खेलाडीहरूको मात्र सहभागिता रहने यो प्रतियोगितामा करिब एक दर्जन खेलाडीले भाग लिएका थिए । आकर्षक उपनाम राखेर रिङमा भिडन्त गरिने उक्त प्रतियोगितामा ट्र्याक टिम तर्फ अजिङ र स्कोर्पियोको जोडीले मिस्टर यती र बाबा बुईलाई पराजित गरेका थिए । यसैगरी साईनाई, राइनो, स्कोर्पियो, नकुल, ईश्वर र प्रकाशबीच भएको खेलमा झगडा चर्किएपछि प्रतिस्पर्धा नै स्थगित गर्नुपरेको थियो ।

उक्त प्रतिस्पर्धामा आयोजक समितिले तातोपानी हेभिवेट उपाधिको समेत व्यवस्था गरेको थियो । यो रोमाञ्चक भिडन्तमा देवा द ग्रेट, अजिङगर, मिस्टर यती तथा आर.के. श्रेष्ठले एक-अर्कासँग प्रतिस्पर्धा गरेका थिए, जसमा सबै प्रतियोगीलाई पराजित गर्दै देवा द ग्रेटले उपाधि हात पारे । सगरमाथा रेस्लिङ मनोरञ्जन संघले आयोजना गरेको उक्त प्रतियोगितामा हजारौं स्थानीयवासीले खेलाडीहरूको मनोबल बढाएका थिए । विभिन्न स्थानमा मनोरञ्जन रेस्लिङ प्रतियोगिता आयोजना गर्दै आएको संघका अध्यक्ष उद्धवप्रसाद थपलियाका अनुसार आगामी दिनमा पनि नेपालका विभिन्न भागमा यस्ता प्रतियोगिता आयोजित गरिनेछ ।



## क्यासेट

### बटौली मेला



लोकगायक भगवान् भण्डारीको संकलनमा महाबौद्ध रेकर्ड्सले नयाँ लोकदोहोरी गीतिसंग्रह 'बटौली मेला' श्रोतामाझ ल्याएको छ । संग्रहको पहिलो भागमा आऊ है माया बटौली मेला र दोस्रो भागमा छायाँ पानीमा गीत समावेश छन् । यो गीतिसंग्रहमा राजु परियार, मदन खनाल, विष्णु माझी, दीपक घिमिरे तथा बिमाकुमारी दुराको स्वर सुन्न पाइन्छ भने लय अनि शब्द भगवान भण्डारी, मदन खनाल तथा दीपक घिमिरेको छ ।

### साइधारा



श्री सत्यसाई पुस्तक तथा प्रकाशन समिति नेपालबाट प्रशान्ति गायन श्रेणीको स्वीकृति प्राप्त साई भजनसंग्रह 'साइधारा' श्रोतामाझ आएको छ । अनिश श्रेष्ठको एकल संगीत सुन्न पाइने यो भजनसंग्रहमा शब्दरचना डा. विश्वदीप अधिकारी, सरस्वती रिजाल तथा लीलाप्रसाद गिरीको छ । संग्रहमा दीप श्रेष्ठ, सोकिया श्रेष्ठ, शरद पोखरेल, चुन्नु भट्टराई, आशिष श्रेष्ठ, दीपा तिवारी, प्रशान्त पोखरेल र जोन साइरामको स्वर छ । त्यसैगरी संग्रहका गीतको म्युजिक एरेन्ज बुद्ध सायमीले गरेका छन् ।

### बुट्टेचोली नीलो साडीमा



जानकी क्यासेट सेन्टरले लोकगायक पूण्यप्रसाद गौतमको तेस्रो प्रस्तुति 'बुट्टे चोली नीलो साडीमा' बजारमा ल्याएको छ । यो गीतिसंग्रहमा चन्द्रमा झैं हाँसेकी नानी, निष्ठुरी मायाले, धन कमाउन विदेश गा'को, कल्ले मलाई बोलायो मेलैमा लोकगीत समावेश छन् । संग्रहमा गायक गौतमलाई गायिकाद्वय लक्ष्मी न्यौपाने र सरस्वती पराजुलीले स्वरमा साथ दिएका छन् भने शब्दमा चीनबहादुर थापाको सहयोग छ । सबै गीतमा लय गौतम स्वयंको छ ।

## रंगमञ्च

**आरोहण**-गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित रिमाल थियटरमा आइतबारदेखि दुईवटा एकल नाटक मञ्चन भैरहेको छ । गुरुकुलका मिलनकुमार कार्कीका अनुसार ती नाटक भोलि शनिबारसम्म मञ्चन हुनेछन् । खगेन्द्र लामिछानेको लेखन, निर्देशन तथा अभिनय रहेको 'उद्घोषको पीडा गीत' तथा वीरेन्द्र हमालको निर्देशन, अभि सुवेदीको लेखन एवं सौगात मल्लको अभिनय रहेको 'समय शरीर यात्रा' क्रमैसँग मञ्चन भैरहेका छन् । त्यसैगरी गुरुकुलमा आगामी २१ गते सोमबारदेखि ३० गतेसम्म नाटक 'पुतलीको घर' मञ्चन हुने कार्कीले बताए ।

**सांस्कृतिक** संस्थानले नाट्यकर्म तथा रंगमञ्चसम्बन्धी विविध विषयलाई समेट्ने उद्देश्यले आगामी जेठ २१ र २२ गते नेपाल पर्यटन बोर्डमा दुई दिने सेमिनार आयोजित गर्दैछ । सेमिनारमा रंगकर्मसँग सम्बन्धित ५ जना विज्ञले कार्यपत्र प्रस्तुत गर्नेछन् । सेमिनारमा नेपाली नाटकका विभिन्न पक्ष एवं रंगमञ्चको विकासका सम्बन्धमा अर्न्तक्रिया हुनेछ । कार्यपत्र प्रस्तुत गर्नेमा वरिष्ठ नाट्यकर्मी हरिहर शर्मा, लेखक साहित्यकार डा. अभि सुवेदी, प्राध्यापक मोहनराज शर्मा, साहित्यकार मोदनाथ पश्रित एवं नाट्यकर्मी कृष्ण शाह यात्री छन् ।

**महिलालाई** हेरिने दृष्टिकोण तथा महिलाहरूका समस्याका विषयमा पौरखी पोखराले पोखरा तथा लेखनाथ नगरपालिकाका विभिन्न चार स्थानमा नाटक प्रस्तुत गरेको छ । नाट्यकर्मी कृष्ण शाह यात्रीको निर्देशन रहेको उक्त नाटकमा जेवी रुवाली, रीता थापा, दिनेश खड्का तथा प्रमिला महत आदिले अभिनय गरेका थिए ।

**प्रशान्ति** प्रकाशनद्वारा प्रकाशित रोशन सुवेदीको नाटक संग्रह 'मेरो छोरा मेरी छोरी' को संस्कृतिविद् सत्यमोहन जोशीले विमोचन गरेका छन् । विमोचन समारोहमा प्रा. डा. अभि सुवेदी, नाट्यकर्मी सुनील पोखरेल आदिले नाटक संग्रहका बारेमा समीक्षा गरेका थिए ।

## ग्यालरी

**कला** पत्रिका 'क्यानभास' ले ललितकलाका विविध पक्षलाई समेट्दै सयौं अंक पूरा गरेको छ । कलाकार मुकेश मल्लले सम्पादन गर्ने यो पत्रिकाले ललितकलाका क्षेत्रका विभिन्न समाचार-टिप्पणी आदि प्रस्तुत गर्छ । तीन वर्षअघिदेखि प्रकाशन थालिएको यो पत्रिकालाई राजमान महर्जनले आफ्नै पहलमा प्रारम्भ गरेका थिए । सम्पादक मल्लले भने- 'कला पत्रकारिता र समीक्षाका लागि क्यानभासले सयौं अंकसम्मको यात्रा गर्नु धेरै खुसीको कुरा हो, तर हामीले यसलाई निरन्तरता दिनु आवश्यक छ ।'

**मूर्तिकलाको** विकास एवं विस्तारका लागि नेपाल कलाकार समाजले मूर्तिकला कार्यशाला सम्पन्न गरेको छ । ललितकला संस्था नाफामा गत आइतबार आयोजित उक्त कार्यशालामा वरिष्ठदेखि कनिष्ठसम्म १४ जना कलाकारको सहभागिता थियो । कार्यशालामा विभिन्न प्रकारका मूर्ति तयार गरिएका थिए ।

**वार्ो** फिस्टा नक्सालमा कलाकार विजय महर्जनको एकल चित्रकला प्रदर्शनी सम्पन्न भएको छ । 'डिसगाइज्ड हार्मोनी' शीर्षक राखिएको उक्त चित्रकला प्रदर्शनी गत शुक्रबार प्रारम्भ भएको थियो । महर्जन काठमाडौं विश्वविद्यालयका ललितकलातर्फ स्नातक तहका विद्यार्थी हुन् ।

## पुस्तक

### ए टेक्स्टबुक अफ कम्प्युटर हार्डवेयर

सुमन सुवेदी तथा सूर्य बानियाँले संयुक्त रूपमा लेखेको पुस्तक ए टेक्स्टबुक अफ कम्प्युटर हार्डवेयर, मेन्टिनेन्स एन्ड ट्रवलसुटिङ कम्प्युटर मर्मतसँग सम्बन्धित विषयमा केन्द्रित छ । अंग्रेजी भाषामा लेखिएको यो पुस्तकले कम्प्युटरसँग सम्बन्धित स-साना विषयदेखि जटिल विषयसम्मका जानकारी समेटेको छ । कम्प्युटर मर्मतको क्षेत्रलाई आफ्नो रोजगारको माध्यम बनाउन चाहने व्यक्तिका लागि यो पुस्तक सहयोगी सावित हुनसक्छ । सुकुन्दा पुस्तक भवनद्वारा प्रकाशित ४ सय पृष्ठको यो पुस्तकको मूल्य ३ सय रुपैयाँ छ ।



## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

साताले मिश्रित फल दिनेछ । सुरुमा स्वास्थ्य प्रतिकूल रहनुका साथै शरीरमा आलस्यता एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ । घरेलु समस्याले सताउनेछ भने धोका पनि हुनसक्छ । आइतबारदेखि भाग्यवृद्धि हुने, मानसम्मान मिल्ने, पराक्रम एवं आम्दानी बढ्ने तथा अधुरा काम बन्ने देखिन्छ । नयाँ काम पाइनेछ । यात्रामा भाग लिनुहुनेछ ।

### वृष

समय मध्यम रहनेछ । सुरुमा मन प्रसन्न रहनेछ । काममा सफलता मिल्नेछ । भेटघाटमा रमाउने अवसर जुट्नेछ । यात्रा हुनसक्छ । प्रशस्तै आम्दानी हुने देखिन्छ । बोलीको प्रभाव बढ्नेछ । अरूलाई विश्वास दिलाउन सकिनेछ । आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

### मिथुन

सुरुमा रोग तथा शत्रु बढ्ने योग छ । झूटा आरोप पनि लाग्न सक्छ । गलत विचारले सताउनेछ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । शनिबार, आइतबार तथा सोमबार प्रसन्नता र सोच्ने शक्ति बढ्ने तथा अध्ययन एवं व्यवसायमा सुधार आउनेछ । यात्रा गर्ने अवसर जुट्नेछ ।

### कर्कट

समष्टिमा साता राम्रो छ । सुरुमा सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसाय एवं पराक्रम बढ्नुका साथै यात्रा पनि हुनसक्छ । भाग्यले साथ दिनेछ । अधुरा कामहरू पूरा हुनेछन् । शत्रुबाट सजग रहनुहोला । स्वास्थ्यमा ध्यान दिनुपर्ने बेला छ । सानो भूलले पनि तपाईंको सफलतालाई बिगार्न सक्छ ।

### सिंह

सुरुमा आफन्तहरूको सहयोग मिल्नेछ । सोच्ने शक्ति बढ्नुका साथै अध्ययनमा पाइने सफलता कायमै रहनेछ । यात्रा गर्ने अवसर जुट्नेछ । व्यवसायमा सोचेजस्तै लाभ प्राप्त हुनेछ ।नाम कमाउन सफल भए पनि दाम कमाउन मुस्किल पर्नेछ । बोली प्रभावशाली हुनेछ । सफलताका लागि संयमित रहनुहोला ।

### कन्या

समष्टिमा ग्रह-गति राम्रै चलिरहेका छन् । जोस एवं जाँगर बढ्नेछ । सानै प्रयासले पनि महत्त्वपूर्ण काममा सफलता हात लाग्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । मन प्रसन्न रहला । व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ । सफलताका लागि गोपनीयता आवश्यक छ । धन आर्जन गर्न सफल हुनुहोला ।

### तुला

समय बलियो छ । बोलीको प्रभाव बढ्नेछ । काममा सफलता मिल्नेछ । पराक्रम बढ्नुका साथै अधुरा कामहरू बन्नेछन् । भाग्यले साथ दिनेछ । शत्रु पराजित हुनेछन् । अरूबाट प्रशंसा पाइनेछ । धन आर्जन गर्न नसके पनि तपाईंको लगनशीलता एवं इमान्दारिताको सबैले प्रशंसा गर्नेछन् ।

### वृश्चिक

साता राम्रो छ । सुरुमा मानसम्मान एवं काममा सफलता मिल्नेछ । बोलीको प्रभाव बढ्नेछ । व्यवसायमा लाभ देखिन्छ । रमाइलो यात्रा पनि होला । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आर्थिक क्षेत्र भने कमजोर नै होला । सफलताका लागि गोपनियतामा जोड दिनु उचित हुन्छ ।

### धनु

सुरुमा खर्च एवं विवाद बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घट्नेछ । घरेलु समस्याले सताउन सक्छ । स्वास्थ्य पनि कमजोर हुनेछ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । शनिबारदेखि प्रयास गरे काममा सुधार आउनेछ । व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ । आर्थिक क्षेत्र त्यति बलियो देखिँदैन ।

### मकर

सानातिना समस्या आए पनि ग्रहले साथ दिनेछ । मनोबल एवं पराक्रम बढ्नेछ । प्रशस्तै आम्दानी हुनसक्छ । यात्रा गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता मिल्नेछ । मानसम्मान पनि प्राप्त होला । आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

### कुम्भ

प्रतिस्पर्धा भए पनि लक्ष्यसम्म पुग्न सकिनेछ । सुरुमा मानसम्मान प्राप्त होला । व्यवसायमा सफलता पाउन प्रतीक्षा गर्नुपर्ला । धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिक कार्यबाट लाभ मिल्नेछ । मंगलबार तथा बुधबार खर्च एवं विवाद बढ्ने योग छ । शत्रुबाट सजग रहनुहोला ।

### मीन

ग्रहगोचर राम्रा छन् । आँटेको काममा सजिलै सफलता मिल्नेछ । धार्मिक कार्यमा मन जानेछ । भाग्यले पनि साथ दिनेछ । बौद्धिकता बढ्नेछ भने व्यवसायमा लाभका साथै मानसम्मान प्राप्त हुनेछ । अध्ययनमा सफलता हासिल हुनेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ ।

### यो साताको पञ्चाङ्ग

जेठ २१ गते : बालबालिकामाथि अत्याचारविरुद्ध अन्तर्राष्ट्रिय दिवस, २२ गते : विश्व वातावरण दिवस






## साता संक्षेप

जेठ ११– सर्लाहीमा बम विस्फोट, ३ घाइते।

- निजामती कर्मचारी संघद्वारा चरणबद्ध आन्दोलनको घोषणा।
- आर्थिक मुद्दा हेर्न छुट्टै इजलास गठन हुने।
- जापानद्वारा मेलम्ची आयोजना अवरुद्ध भए माथिल्लो सेतीमा सहयोग पनि रद्द गर्ने चेतावनी।

जेठ १२– पूर्वाञ्चल भ्रमणका क्रममा वाईसीएलका कार्यकर्ताद्वारा अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीको गाडीमाथि ढुंगा प्रहार।

- तराई आन्दोलन छानबिन गर्न पाँच सदस्यीय स्वतन्त्र आयोग गठन।
- शिक्षक आन्दोलनका क्रममा ३६ हजार विद्यालय बन्द, ७८ लाख विद्यार्थी प्रभावित।

जेठ १३– नेपाल शैक्षिक गणतान्त्रिक मञ्चद्वारा उपत्यका बन्द।

जेठ १४– शैक्षिक हड्ताल फिर्ता, एक महिनाभित्र सरकारले शिक्षकका माग पूरा गर्ने।

- माओवादीद्वारा पर्वतमा भएको राप्रपा भेलामा हस्तक्षेप।
- प्रहरी-शरणार्थी झडप, प्रहरीको गोली लागी एक युवकको मृत्यु।

जेठ १५– आठ दलको बैठकमा संविधानसभा निर्वाचनको मिति तोक्ने विषयमा आ-आफ्नै अडान।

- भुटानी शरणार्थीहरू माथि भारतीय सुरक्षाकर्मीद्वारा गोली प्रहार १ शरणार्थीको मृत्यु।

जेठ १६–पाल्पामा एक किसानको घरमा लुकाएर राखेको बम बिस्फोट, ९ को मृत्यु।

- माओवादीको बुद्धनगरस्थित पार्टी कार्यालयमा बम बिस्फोट।
- आठ दलको बैठक पुनः स्थगित।
- राज्यद्वारा ज्वाला सिंहसहित जनतान्त्रिक तराई मुक्तिमोर्चाका ५६ कार्यकर्ताविरुद्ध राज्य विप्लवको मुद्दा।

# रोपाईंसँगै काङ्ग्रेसको एकीकरण

**अश्विनी कोइराला**

काठमाडौं– सिंचाइ सुविधा पुगेका केही जिल्लामा धानको ब्याड बनाउने क्रमसँगै राजधानीमा नेपाली काङ्ग्रेसको एकीकरणको बीउ रोपिएको छ। नेपाली काङ्ग्रसले आफूसँग छुट्टिएर गएको प्रजातान्त्रिक काङ्ग्रससँग वार्ता गर्न गत सोमबार तीन सदस्यीय कार्यदल गठन गरेपछि एकीकरणको बीउ रोपिएको हो। आठ महिनाअघि प्रजातान्त्रिक काङ्ग्रेसले पनि एकताका लागि पहल गर्न तीन सदस्यीय कार्यदल गठन गरेको थियो। यसअघि दुवै काङ्ग्रेसबीच एकीकरणको चर्चा चले पनि एकीकरणको गृहकार्य प्रारम्भ हुन सकेको थिएन।

'हामीले एकीकरणको सबै प्रक्रियाका बारेमा छलफल गरिसकेका छौं।' प्रजातान्त्रिक काङ्ग्रेसबाट एकीकरण कार्यदलका सदस्य मीनेन्द्र रिजालले साप्ताहिकसँग भने– 'कृषकहरूको रोपाईंसँगै नेपाली काङ्ग्रेसको एकीकरण हुनेमा हामी आशावादी छौं।' गत बुधबार प्रजातान्त्रिक काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले आफ्ना दलका वरिष्ठ नेताहरूसँग छलफल गरेपछि प्रसन्न मुद्रामा भने– 'अब एकीकरण हुन्छ, नभएर सुख्खै छैन।' नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) बाट मीनेन्द्र रिजालसहित प्रकाशमान सिंह तथा डा. प्रकाशशरण महतलाई 'स्वतन्त्रतापूर्वक' एकीकरणलाई अघि बढाउने जिम्मा पाएका छन्।

यता नेपाली काङ्ग्रेसको मूल पार्टी पनि एकताका लागि हतारिएर वार्ता गर्न थालेको छ। गत सोमबार उक्त दलले आफ्ना केन्द्रीय सदस्य आमोदप्रसाद उपाध्याय, रामकृष्ण ताम्राकार तथा डा. शेखर कोइराला सम्मिलित तीन सदस्यीय कार्यदल गठन गरेपछि उक्त समूहले प्रजातान्त्रिक काङ्ग्रेससँग औपचारिक वार्ता थालनी गरेको छ। सोमबारदेखि नै अनौपचारिक वार्ता थालेका दुवै दलले आज शुक्रबार औपचारिक वार्ता प्रारम्भ गर्ने बताइएको छ। 'धेरै कुरा मिलिसक्यो भन्दा पनि हुन्छ।' वार्ता समितिका एक सदस्यले साप्ताहिकसँग भने– 'अब दुवै दलका शीर्ष नेताहरूको भेटघाटपछि नेपाली कांग्रेस कसरी मिल्दैछ भन्ने कुरा बाहिर आउँछ।' यसअघि पनि दुवै दलका सभापति तथा नेपाली काङ्ग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईबीच नेपाली काङ्ग्रेस एकीकरणका विषयमा वार्ता भएको थियो।

केही असहमतिका कारण उक्त प्रक्रिया अवरुद्ध भएको थियो। वार्ता समितिका अनुसार अहिलेसम्म असहमतिका कुरा दुवै पक्षले निकालेका छैनन्। दुवै पक्षले मिलेर जाने कुरामा जोड दिइरहेका छन्। 'झन्डा एउटै, नीति एउटै, नेता (बीपी) एउटै, दुवै दलको नाम पनि एउटै, कार्यकर्ताको मन पनि एउटै' यसपटक दुवै दल मिल्ने आशा गर्दै रामहरि खतिवडा भन्छन्– 'जनताले पनि दुवै काङ्ग्रेस नमिली गाउँ नआउनू भनेर नेताहरूलाई चेतावनी दिएका छन्।'

यसपटक एकीकरणको बीउ नमर्ने तरिकाले रोपिएको दाबी दुवै समूहका कार्यदल सदस्यहरूले गरेका छन्। प्रजातान्त्रिक काङ्ग्रेसको सम्मानजनक एकताको कुरालाई नेपाली काङ्ग्रेसको संस्थापन पक्षले स्वीकार गरेको छ। जसअनुसार दुवै दलका महाधिवेश प्रतिनिधिमध्ये कसैलाई नहटाई सबैलाई त्यही पदमा बहाल गरिनेछ। कार्यदलले दिएको जानकारीअनुसार नेपाली काङ्ग्रेसको ६ सय १५ महासमिति सदस्यमा प्रजातान्त्रिक काङ्ग्रेसका ६ सय १५ महासमिति सदस्य थपिनेछन्। त्यसैगरी दुवै दलका १ हजार ४ सय ३५ महाधिवेशन प्रतिनिधिलाई जोडेर २ हजार ८ सय ७० महाधिवेशन प्रतिनिधि बनाइनेछ। जिल्लाका दुई सभापतिमध्ये जो सिनियर छ, उही जिल्ला सभापति हुनेछ भने जनआन्दोलन-२ मा सक्रिय भूमिका निर्वाह गरेकाहरूलाई सदस्यमा राखिनेछ।

दुवै दलले महाधिवेशन गरेर केन्द्रीय सदस्यलगायत सभापतिको चयन गरिसकेकाले सबै साविककै पदमा कायम रहने कार्यदलले जानकारी दिएको छ। जसअनुसार प्रजातान्त्रिक काङ्ग्रेसका २४ जना केन्द्रीय समितिमा कसैलाई पनि हटाइनेछैन। बरु नेपाली काङ्ग्रेसका १८ जना केन्द्रीय सदस्यमा सभापतिले थप १५ जना मनोनीत गरी ३३ केन्द्रीय सदस्य बनाउने नीति लिएको छ। कार्यदलका अनुसार नेपाली काङ्ग्रेसका ३३ तथा प्रजातान्त्रिक काङ्ग्रेसका २४ गरी ५७ सदस्यीय केन्द्रीय समितिको निर्माण हुने अनुमान गरिएको छ। 'यसो गर्दा कसैले पनि गुनासो गर्ने ठाउँ रहँदैन।' कार्यदलका एक सदस्यले भने– 'यति हो, ठूलो दलको ठूलो कार्य समिति निर्माण हुनेछ।'

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभाको निर्वाचन सबैभन्दा बढी मधेसी, जनजाति तथा महिलालाई चाहिएको छ। पहाडिया-बाहुन-छेत्रीजस्ता उच्च वर्गले संविधानसभामार्फत केही पाउनेभन्दा गुमाउने कुरा बढी छ। त्यसैले उक्त वर्गले संविधानसभा रुचाएको छ भन्ने मलाई लाग्दैन। मधेसी आन्दोलनका कारण संविधानसभा निर्वाचनको मिति पर सरेको कुरा म स्वीकार गर्दिनँ।

**हृदयेश त्रिपाठी, नेता, सद्भावना पार्टी, आनन्दीदेवी**

हामी संविधानसभाको मिति तोकिएन भनेर कराइरहेका छौं, तर किन मिति तोक्न सकिएन भन्ने कुरा बुझिरहेका छैनौं। वास्तवमा संसद्बाट संविधानसम्बन्धी विधेयक पारित हुन ढिलाइ भएकाले मिति तोक्न ढिला भएको हो। उक्त विधेयक पारित नभै प्राविधिक रूपले पनि हामीले मिति तोक्न मिल्दैन।


**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

आठ दलबीच जुन मतभेद देखिँदै गएको छ, त्यो मतभेद संविधानसभा निर्वाचनविरोधी छ। हामी जति धेरै आन्तरिक विवाद गर्छौं, त्यति धेरै निर्वाचन सर्दै जान्छ। संविधानसभा चाहने दलले अब विवाद गर्नै हुँदैन। सानातिना मतभेदलाई मिलाउँदै जाने तर निर्वाचनलाई अगाडि ल्याउने नीति तय गर्नुपर्छ। जुन दल तथा नेताले त्यसो गर्दैन, ऊ संविधानसभा विरोधी दल हो भन्ने बुझ्नुपर्छ।

**माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)**

अब महिलाका सवालमा ३३ प्रतिशत भनेर पुग्दैन, बराबर हुनुपर्छ भन्ने हाम्रो मान्यता छ। संविधानसभाको निर्वाचनमा ५० प्रतिशत उम्मेदवारी उठाउने हाम्रो माग रहन्छ। हार्ने स्थानमा मात्र महिलालाई उठाउने पुरानो नीतिमा परिवर्तन गर्ने अनि बरु महिला-महिलाबीच प्रतिस्पर्धा गराउने नीति सार्वजनिक हुनुपर्छ।

**अम्बिका बस्नेत, सभापति, नेपाल महिला संघ**

निः शुल्क ब्यूटिसीयन तालिम

७ दिन भित्र सम्पर्क गर्नुहोला।
NGO को सहयोगमा अत्याधुनिक तरिकाले सिकाइने विहानी तथा दिवाको Basic, Advanced, Diploma र Spicial कक्षाहरूमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
सम्पर्कः BBC International Institute
डिल्लीबजार रोड, पुतलीसडक चोक सँगै
फोन नं. ४४१९१६७
BBC का शाखाहरू
रमिनाज् ब्यूटी क्लिनीक, कुमारी कम्प्लेक्स, पुरानो बानेश्वर चोक सँगै, २००३०३३/९८४१३९८२९७
लुक्स ब्यूटी पार्लर, त्यौड, असन
२०१४००५, ९८०३३४१९००
शाखाहरूबाट दैनिक पार्लर सेवा उपलब्ध छ।

पासहुनेनैगरी पढ्न आउनुहोस्।
समय: विहान/दिउसो/बेलुका
भर्ना खुल्यो-०६४
माध्यम: अंग्रेजी/नेपाली
Private
Test-SLC
D.E.O.
I.A, I.Com,
T.U.
Regular: Tuition & Coaching
Test-SLC, I.A, I.Com, I.Sc, +2
Capsule कक्षाद्वारा Maths/Science/English सजिलै पास गर्न सकिन्छ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ☏ 4422105

प्राइभेट टेष्ट/ एस.एल.सी.
नि:शुल्क भर्ना खुल्यो
हाम्रा विशेषताहरू : २०६४ का लागि
✔ उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था।
✔ विगत वर्षहरूमा उत्कृष्ट नतिजा।
✔ विहान, दिउसो र बेलुका तीनवटै समयमा पढाई हुने।
✔ अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष ग्राह्यता दिने।
✔ अनुभवी शिक्षकद्वारा अध्यापन गराइने।
✔ होस्टलको सुविधा।
पाइथागोरस एकेडेमी फोन नं. ४२६०६३२

## सम्पादकीय

# प्राकृतिक प्रकोपको पीडा

यार्सागुम्बा टिप्न गएका डोल्पाका हजारौं गाउँले सम्पर्कविहीन अवस्थामा छन् भन्ने समाचार सार्वजनिक भएपछि यतिखेर सिंगो मुलुक चिन्तामग्न भएको छ । त्यसरी हराउने गाउँलेहरूमध्ये कति मारिए वा हराए भन्ने कुराको कुनै सुराकसमेत प्राप्त हुन नसक्नुले प्राकृतिक प्रकोपविरुद्धको हाम्रो सञ्जाल कति कमजोर रहेछ भन्ने कुरा एकपटक फेरि प्रमाणित भएको छ । प्राकृतिक रूपमा कच्चा भू–बनौट भएको र अधिकांश क्षेत्र पहाडी रहेको नेपालजस्तो मुलुकमा बाढी–पहिरोजस्ता बर्सेनि दोहोरिने प्राकृतिक प्रकोपविरुद्ध सरकारले हरेक वर्ष ठूलो रकम खर्च गर्दै आएको छ, तर पनि प्राकृतिक प्रकोपमा परी मारिने नेपालीहरूको संख्या हरेक वर्ष थपिँदै गएको छ । यस्तो स्थितिले प्राकृतिक प्रकोपविरुद्धको हाम्रो तयारी अपुग मात्र नभै हचुवासमेत देखिएको छ । अधिकांश जनता गरिबीको रेखामुनि रहेका कारण प्रकृतिले उपलब्ध गराउने आय आर्जनको मौसमी अवसरलाई नेपालीहरू जुनसुकै जोखिम मोलेर पनि सदुपयोग गर्न चाहन्छन् । डोल्पा घटना त्यस्तै अवसरको एउटा कडी मात्र थियो । वर्षा लाग्नुभन्दा अघि देखा पर्ने यार्सागुम्बाले आफ्नो औषधीय महत्त्वका कारण अन्तर्राष्ट्रिय बजारमा प्राप्त गरेको ख्याति र मूल्यका कारण नेपालका हिमाली क्षेत्रहरूमा त्यो आमजनताको आय आर्जनको एउटा दरिलो स्रोत बनेको छ । आफ्ना लागि वर्षभरिकै दैनिक आवश्यक वस्तुहरूको जोहो गराउन सक्ने यार्सागुम्बाको खोजी गर्न त्यस क्षेँत्रका मानिसहरू सबै किसिमका काम थाँति राखेर यो मौसममा यार्सागुम्बा टिप्न जान्छन् ।

यार्सागुम्बा टिप्नका लागि सरकारले निश्चित क्षेत्रका निश्चित मानिसहरूलाई अनुमतिसमेत प्रदान गर्छ । यसरी यार्सागुम्बा टिप्न जानेहरू लामो समयसम्म सम्बन्धित क्षेत्रमा सक्रिय हुन्छन् । खासगरी दार्चुलादेखि धवलागिरि क्षेत्रसम्मको हिमाली भेगमा यार्सागुम्बा टिप्नेहरूको ताँती नै हुन्छ । विगतका वर्षहरूमा पनि यार्सागुम्बा टिप्न गएकाहरूमध्ये एक–दुई जना हराएका समाचार नआएका होइनन्, तर यस पटक १६ जना मारिएको र हजारौं मानिस सम्पर्कबाहिर रहेको समाचार आएको छ । यसरी आएको विपत्तिका लागि हिमपहिरो जिम्मेवार भएको बताइएको छ । यार्सागुम्बा टिप्न जानेहरू जे–जस्तो कारणले संकटमा परे पनि उनीहरूको उद्धार गर्नु राज्यको कर्तव्य हो, तर राज्यले घटना घटेको तीन दिनसम्म पनि सम्बन्धित क्षेत्रमा उद्धारकार्य सञ्चालन गर्न नसक्नु लज्जाको विषय बनेको छ । राज्यले हरेक वर्ष प्राकृतिक प्रकोपविरुद्ध आमजनतालाई सचेत गराउन ठूलो रकम खर्च गर्ने गरेको छ, तर विपत्तिमा परिसकेका नागरिकहरूको उद्दार गर्ने काममा भने आवश्यक कार्य अगाडि बढाउन सधैं ढिलासुस्ती हुने गरेको छ । यस्तो अवस्थामा प्राकृतिक प्रकोपको चपेटामा पर्नेहरू अकाल मृत्यु वरण गर्न बाध्य हुन्छन् । यस्तो स्थिति रहेसम्म डोल्पा घटना दोहोरिरहनेछ, तसर्थ प्राकृतिक प्रकोपविरुद्ध हाम्रो सञ्जाललाई ठीक समयमा उद्धारकार्य गर्न सक्ने किसिमले चुस्त बनाउन सक्नुपर्छ । डोल्पा घटनाबाट शिक्षा लिँदै नेपालमा धेरैजसो प्राकृतिक प्रकोप निम्त्याउने वर्षायाम आइसकेकाले सरकारले आगामी दिनमा हुन सक्ने प्राकृतिक प्रकोपविरुद्ध समयमै ठोस तयारी गर्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### दुबईमा यस्तो व्यापार □

नेपालीहरू काम गर्न जाने युनाइटेड अरब इमिरेट्स मुस्लिम देश हो । मुस्लिम देशहरूमा नियम-कानुन अति कडा छन् । साउदी अरब, कतारसहित अन्य मुस्लिम देशमा महिलाहरू खुला रूपमा बाहिर हिंडडुल गर्न पाउँदैनन् । मुस्लिम देशहरूमा महिलालाई खुला रूपमा हिँडडुल गर्न दिइँदैन । यी देशहरूमा सबैभन्दा कडा सजाय यौनजन्य क्रियाकलाप गर्ने व्यक्तिहरूलाई दिइन्छ, तर युएई अन्य अरब मुलुकभन्दा फरक छ । यहाँ महिलाहरूलाई तुलनात्मक रूपमा बढी छुट छ । यहाँ बुर्का लगाएर हिंड्ने महिलाहरूसँगै साडी, कुर्तासुरुवालका साथै आधुनिक पहिरन लगाएर हिंड्ने महिलाहरू पनि भेटिन्छन् ।

कतिपयलाई विश्वास नलाग्न सक्छ, युएईको प्रमुख सहर दुबईमा दिउँसै यौनव्यापार हुन्छ । त्यहाँ दिउँसै खुला रूपमा यौन व्यापारीहरूसँग मोलतोल भएको देख्दा जो-कोहीलाई अचम्म लाग्छ । यही सन्दर्भमा केही सातापहिले यो पंक्तिकार खुला रूपमा यौनको मोलतोल हुने गल्लीमा पुग्यो र केही तस्बिर खिच्न सफल भयो । उक्त ठाउँको क्रियाकलाप देख्दा युएई मुस्लिम देश नभै पश्चिमी देश हो कि भन्ने लाग्छ ।



भारतका रेडलाइट एरिया तथा नेपालको ठमेल, गोंगबु, रत्नपार्कमा बेलुकातिर यौनकर्मीहरूको चहलपहल हुने गरेको थाहा पाउनु ठूलो कुरा होइन, तर मुस्लिम देश युएईको बरदुबईस्थित एउटा गल्लीमा दिउँसै खुला रूपमा यौनकर्मीहरूको चहलपहल हुन्छ । विशेष गरेर शुक्रबारको दिन यहाँ बिहानैदेखि यौनकर्मीहरूको भीड लाग्छ, जसमा फिलिपिन्स, रूस र चीनका यौनकर्मी बढी देखिन्छन् । त्यहाँ २५ देखि ३५ वर्षसम्मका युवतीहरू ग्राहकहरूसँग आ□नो शरीरको मोलतोल गरिरहेका हुन्छन् । त्यहाँ बङ्गाली, भारतीय र फाट्टफुट्ट नेपालीहरू पनि पुगेका पाइन्छन् । यौनकर्मीहरू टाढैबाट आ□नो मूल्य तोक्छन्, यदि त्यो मूल्यमा राजी भए ग्राहकलाई नजिकैको आ□नै कोठामा पुऱ्याउँछन् । उक्त गल्लीमा मात्र नभै देरा दुबई र दुबई आसपासमा पनि खुला यौनव्यापार हुन्छ । दुबईको देरा दुबईमा त नेपाली महिलाहरूले पनि यौन व्यवसाय गरेको पाइन्छ । बाहिरै दलालले नेपाली, बंगाली, भारतीय कुनचाहिँ भनेर सोध्छन् र मोल-भाउ गर्छन् । प्रायः बिदाको दिन कतिपय नेपाली नजिकैका बार, होटलहरूमा तुम्बाले टिल्ल हुन्छन् अनि त्यहाँका यौनकर्मीहरूले उनीहरूमाथि आँखा लगाउँछन् । यौनकर्मीहरूले आफूले भनेको ठाउँमा लगी ग्राहकसँग भएका सबै पैसा, सामान आदि लिई फर्काइदिएका कतिपय घटना पनि छन् ।

– खेमनाथ पौडेल, युएई

### पैसा कमाउने ध्येय

कानुनी प्रावधान हुँदाहुँदै पनि ५ महिनासम्मको गर्भपतन गर्न गराउन खोज्नु कत्तिको उचित हो ? नेपालको कानुनमा १२ हप्तासम्मको गर्भपतन पाउने प्रावधान छ तर इजाजतप्राप्त ठाउँहरूमा मात्र । पाँच महिनाको गर्भपतन गराउन जाँदा कास्कीकी एक २६ वर्षीया युवतीले अकालमै ज्यान गुमाइन् । उनी पोखरास्थित एउटा स्वास्थ्यकेन्द्रमा पुगेकी थिइन् तर उक्त केन्द्र गर्भपतन गराउन मान्यताप्राप्त संस्था होइन । उक्त संस्थाले ५ महिनाको गर्भ पतन गराएबापत १५ हजार रुपैयाँ लिए पनि गर्भ हुर्किसकेकाले अत्यधिक रक्तस्राव भई उनले ज्यान गुमाइन् । वास्तवमा नेपालको कानुन लेखाइमा मात्र छ, गल्ती गर्नेमाथि कारबाही भने गरिँदैन ।

उक्त संस्था चार लाख रुपैयाँ दिने सर्तमा उम्कियो । आमाको स्वास्थ्यको ख्याल नराखी कानुनको बेवास्ता गर्दै लुकीछिपी अव्यवस्थित तवरले हुर्किसकेको गर्भ पतन गराउँदा ती युवतीले जस्तै नेपालका धेरै महिलाले ज्यान गुमाइरहेका छन् । यस्ता कामलाई ४ लाख रुपैयाँको सहमतिमा टुङ्ग्याइयो भने भविष्यमा अरू कैयौं महिलाले ज्यान नगुमाउलान् भन्न सकिँदैन । मोटो रकम कुम्ल्याई गर्भपतन गराउन तम्सिने यी मेडिकल फर्माहरूको कठालो नसमाते अर्को पटक पनि यस्तै घटना दोहोरिरहन्छ ।

–राजेश थापा, पोखरा
(पुरस्कृत पत्र)

## नीति-नियम

वादी–प्रतिवादीको नजिक रहनुभन्दा पहिले देखेर वा सुनेर मुद्दाको विषयमा अनुभव भएका र सोही अनुरूप बताउन सक्ने व्यक्तिलाई नै साक्षी राख्न योग्य मानिन्छ ।

धेरै समय बितिसक्दा पनि जसको बुद्धि, स्मरण शक्ति तथा श्रवण शक्ति (सुन्ने शक्ति) क्षीण हुँदैन, साक्षी राख्न योग्य हुन्छ ।

जसले अनुभव गरेको छ, सत्य बोल्छ त्यही साक्षीका लागि योग्य हुन्छ । कोही एक्लो धर्मज्ञ साक्षी छ भने ऊ वादी–प्रतिवादी दुवैका लागि मान्य हुन्छ ।

जहाँ धेरै साक्षी छन् र मत फरक छन् अनि सत्यका लागि निर्णयमा पुग्न शंका भैरहेको छ भने बहुमतले बताएको कुरा मान्नुपर्छ । यदि समान संख्याका विभिन्न कुरा गर्छन् भने तिनमा जो गुणी पुरुष छ उसैको वचन मान्नुपर्छ । यदि गुणी व्यक्तिको वचनमा पनि विभिन्नता आएमा जुन विषयमा विभिन्नता आएको हो त्यसमा अधिक गुणी व्यक्तिको कुरा मान्नुपर्छ ।

–शुक्रनीति
अनुवाद : रामहरि बन्जारा

## मुखाले

मेलाम्चीमा गरिएको अवरोध कम्युनिस्टविरोधी राजनीतिसँग सम्बन्धित छ ।
**माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)**

दलहरूले हठ नत्यागे लोकतन्त्र गुम्न सक्छ ।
**प्रदीप नेपाल, मन्त्री, शिक्षा तथा खेलकुद**

नेपाली जनताका सबैभन्दा गद्दार नेता भनेकै प्रचण्ड र बाबुराम हुन्।
**रवीन्द्र श्रेष्ठ माओवादीबाट निष्कासित नेता**

माओवादीका नाममा हुने सबै आतङ्क बन्द भएपछि मात्र संविधानसभा हुन सक्छ ।
**रामशरण महत, अर्थमन्त्री**

जनतालाई लाग्न सक्छ, संसद् मात्र अवरुद्ध भएको हो तर यो त देश बन्द भएभन्दा खतरनाक कुरा हो।
**सुवासचन्द्र नेम्वाङ, सभामुख**

पार्टी एकीकरण गर्न ढिला भैसक्यो ।
**शेरबहादुर देउवा सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)**

कर्मचारीलाई स्वतः बढुवा गर्ने हो भने निजामती सेवा तहसनहस हुन्छ ।
**डा. द्वारिका ढुंगेल, पूर्वप्रशासक**

संसद्‌बाट गणतन्त्रको प्रस्ताव राख्नेहरूले त्यसको दिगोपनको पनि ख्याल राख्नुपर्छ ।
**गगन थापा, विद्यार्थी नेता, नेविसंघ**

मधेसी तथा जनजातिभन्दा पहिले हामी नेपाली हौं। नेपाली रहेनौं भने हामी केही पनि हुन सक्तैनौं।
**रामराजाप्रसाद सिंह, वरिष्ठ राजनीतिज्ञ**

मधेसीहरू हाइलाइटमा आउनेबित्तिकै उनीहरूलाई 'र' को आरोप लगाइन्छ ।
**अमरेश सिंह, सांसद, नेपाली काङ्ग्रेस**

हामीलाई देशमा गणतन्त्र आए पनि उस्तै हो, लोकतन्त्र भए पनि उस्तै हो । जे भए पनि गरिखान पाउनुपर्छ भन्ने हाम्रो माग हो ।
**हेमन्त शर्मा, गायक**

## तीतो सत्य

- समयले बाघलाई बिरालो र बिरालोलाई बाघ बनाइदिन्छ ।

**रोजिना शाक्य, खोपासी बजार**

- मूर्ख मित्रभन्दा विद्वान् शत्रु नै कल्याणकारी हुन्छ ।
- अपराध व्यक्तिमा होइन, समाजमा जन्मन्छ ।
- किसान सधैं आउँदो वर्ष धनी हुने आशा राख्छ ।
- पहिलो विवाह कर्तव्य हो, दोस्रो विवाह मूर्खता अनि तेस्रो पागलपन ।

**प्रभुकुमार श्रेष्ठ, सिम्पानी**

- त्यो व्यक्ति महान् हो जसले सजिलै उपकार, दया र क्षमा आफ्नो कर्तव्य सम्झन्छ ।
- लठ्ठीले हड्डी टुट्छ तर शब्दले सम्बन्ध टुट्छ ।
- सहयोग दिनु सहयोगी बनाउनु हो।

**वीरेन्द्रराज ढकाल, स्याङ्जा**

- असल काम सिक्न गाह्रो हुन्छ तर खराब काम सिक्न हुँदैन ।
- सबै काम जानेर गरिँदैन, कुनै काम सिक्नलाई गरिन्छ ।
- जुन चीज दुर्लभ हुँदै जान्छ त्यो अवश्य मूल्यवान् हुन्छ ।
- अर्काले खाएको चीजलाई छि भनेर नघिनाऊ ।
- शब्द पढ्न सजिलो भए पनि अर्थ बुझ्न गाह्रो हुन्छ ।

**रविन दुभिराई, खोटाङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
***सम्पादक***

## भ्रष्ट न्यायपालिका

ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले नेपालको न्यायपालिकामा भ्रष्टाचार व्याप्त रहेको निष्कर्षसहित 'ग्लोबल करप्सन रिपोर्ट २००७' सार्वजनिक गरेको छ । उक्त प्रतिवेदनमा नेपालको न्यायपालिका अति भ्रष्ट क्षेत्रमध्ये एक भएको उल्लेख छ । न्यायपालिकामा हुने भ्रष्टाचारका लागि न्यायाधीश र वकिल दुवै जिम्मेवार रहेको पनि प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा नेपालमा अदालती प्रणाली अति खर्चिलो र भ्रष्टाचारयुक्त हुने कुरा पनि उल्लेख छ ।

## मृत्युदरमा कमी

पछिल्लो दस वर्षमा नेपालमा बाल तथा मातृ मृत्युदरमा उल्लेखनीय कमी आएको छ । स्वास्थ्य तथा जनसंख्या सर्वेक्षण २००६ को प्रतिवेदनअनुसार सन् २००६ मा १ लाख जीवित जन्ममा मातृ मृत्युदर २ सय ८१ देखिएको छ । सन् १९९६ मा उक्त दर ५ सय ३९ थियो । पछिल्लो १० वर्षमा बालमृत्युदरमा पनि कमी आएको छ । हाल नेपालमा प्रत्येक १ हजार जीवित जन्ममा ४८ शिशुको मृत्यु हुने गरेको छ । पाँच वर्षमुनिका बालमृत्युदर भने १ हजार जीवित जन्ममा ६१ छ । सन् २००१ मा यो दर ११ बालबालिकामध्ये १ थियो । बाल रोगविरुद्ध खोप लिने बालबालिकाको संख्यामा पनि उल्लेखनीय वृद्धि भै ८३ प्रतिशत पुगेको छ । १२ देखि १३ महिनाका यी बालबालिकाहरूमध्ये पाँच वर्षअघि दुई तिहाइले मात्र यस्ता खोप लिने गरेका थिए ।

## कान्तिपुर समाचार डायरी

### महिलाहरू सचेत

नेपालमा ४४ प्रतिशत महिलाले परिवार नियोजनका आधुनिक साधन प्रयोग गर्दै आएका छन् । सन् २००१ मा यो संख्या ३५ प्रतिशत थियो । स्वास्थ्य तथा जनसंख्या सर्वेक्षण २००६ अनुसार ४४ प्रतिशत गर्भवती महिलाले सुत्केरी गराउन दक्ष स्वास्थ्यकर्मीहरूबाट सहयोग लिने गरेका छन् । उक्त सर्वेक्षणका लागि १० हजारभन्दा बढी १५ देखि ४९ वर्षका महिला तथा ४ हजारभन्दा बढी सोही उमेर समूहका पुरुषसँग प्रत्यक्ष प्रश्नोत्तर गरिएको थियो ।

### नेपालीहरूको मुटु

पछिल्लो अध्ययनले नेपालीहरूमा उच्च रक्तचाप बढ्दै गएको निष्कर्ष निकालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य विभागले गरेको अध्ययनअनुसार मुलुकका १ सय अस्पतालमा सन् २००४/५ मा २ हजार ३८ उच्च रक्तचापका रोगी भर्ना भएका थिए । सन् २००३/४ मा त्यसरी भर्ना हुनेहरूको संख्या ९ सय २७ मात्र थियो । यसअघि सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले ललितपुरको धापाखेलमा सन् २००४/५ मा १ हजार १ सय १४ व्यक्तिमाथि गरेको नमुना अध्ययनले पनि २० प्रतिशत नेपाली उच्च रक्तचापबाट पीडित भएको तथ्य सार्वजनिक गरेको थियो । मोटोपन तथा धूम्रपानको सेवनका कारण खासगरी सहरवासी नेपालीमा उक्त रक्तचाप देखापरेको विज्ञहरूले बताएका छन् ।

### गर्भपतनको स्थिति

गर्भपतनसम्बन्धी कानुन बनेपछि अहिले सरकारले सुरक्षित गर्भपतनका लागि ७० जिल्लामा १ सय ६५ वटा सूचीकृत स्वास्थ्य संस्थामार्फत् गर्भपतनसम्बन्धी सेवा उपलब्ध गराएको छ । यसका लागि सरकारी तथा गैरसरकारी क्षेत्रमा ३ सय ५९ चिकित्सक एवं २ सय ७९ नर्सलाई आवश्यक तालिम र अधिकार दिइसकेको छ । यसअघि नेपालमा गर्भपतनसम्बन्धी कानुन नबन्दा प्रति १ हजार गर्भवती महिलामध्ये १ सय १७ जनाले असुरक्षित र लुकीचोरी गर्भपतन गराउँथे । नेपालमा गर्भपतनसम्बन्धी कानुन बनेपछि गत वैशाख महिनासम्ममा १ लाख ६ हजार २ सय ८८ जनाले सुरक्षित गर्भपतन गराइसकेका छन् ।

### निर्णयहीन उजुरीहरू

मानवअधिकार आयोगमा विभिन्न घटनासँग सम्बन्धित एक हजार उजुरी (फायल) उपर कुनै निर्णय हुन सकेको छैन । आयोगमा पदाधिकारी नहुँदा मानवअधिकार उल्लंघन घटनाका बारेमा अनुसन्धान सकिएका ती फायलका सम्बन्धमा निर्णय हुन नसकेको हो । ती फायल हत्या, जबर्जस्ती बेपत्ता, जर्बजस्ती कब्जा, यातना, विस्थापन तथा बालअधिकारसँग सम्बन्धित भएको आयोगले जनाएको छ । मानवअधिकार अनुगमन नियमावली, २०६१ को संशोधन र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को कार्यान्वयनसम्बन्धी प्रतिवेदन आदि विषयमा सिफारिस गर्न नसकिएको समेत बताइएको छ । यसबीच आयोगले विगत एक वर्षको अवधिमा नेपालमा मानवअधिकारको अवस्था सुधारोन्मुख रहेको प्रतिवेदन पनि सार्वजनिक गरेको छ ।

उक्त प्रतिवेदनअनुसार बालअधिकार, महिलाअधिकार तथा जातीय भेदभावसँग सम्बन्धित घटनाहरू पनि उल्लेख्य मात्रामा घटेको छ । शान्ति-सम्झौतापछि पनि राज्य तथा माओवादीद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिको अवस्था सार्वजनिक नहुनु आयोगका लागि प्रमुख चुनौती भएको प्रतिवेदनमा उल्लेख छ । आयोगले सरकार र माओवादीबीच भएको युद्धविरामपछि तराई आन्दोलनका कारण मानवअधिकारको अवस्था अझै चिन्ताजनक रहेको बताएको छ । माओवादीले अपहरण गर्ने, धम्की दिनेजस्ता क्रियाकलाप जारी राखेको पनि प्रतिवेदनमा उल्लेख गरेको छ ।

# हट हेडलाइन

## सुजातामाथि राजाको कर्के नजर

जनआन्दोलन-२ बाट पाखा लागेको राजदरबार अहिले एक पटक फेरि नेपाली राजनीतिमा आफ्नो भूमिकाको खोजीमा जुटेको छ। यसका लागि दरबार अहिले नेपाली कांग्रेसका नेताहरूलाई आफ्नो प्रभाववृत्तमा ल्याउन सक्रिय देखिएको छ भन्ने आशयको समाचार साप्ताहिक नेपाली पत्रले २०६४ जेठ ११ गतेको अंकमा प्रकाशित गरेको छ। आगो नबली धूवाँ आउँदैन भन्ने कुरालाई चरितार्थ गर्दै केही कांग्रेसीहरू पनि राजासँग नजिकिन आशक्त देखिएको कुरा उक्त साप्ताहिकले उल्लेख गरेको छ।

विश्वस्त सूत्रको हवाला दिंदै नेपाली पत्रले लेखेको छ– राजा ज्ञानेन्द्रले अहिले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकी छोरी तथा नेपाली कांग्रेस परराष्ट्र विभागकी प्रमुख सुजाता कोइरालासमक्ष भेटघाटका लागि निम्तो पठाएका छन्। राजाको यस्तो निम्तोका हुलाकी बनेका छन् पूर्व कांग्रसी तथा शाही मन्त्री मणि लामा। यद्यपि प्रधानमन्त्रीले फोनबाट हकारेपछि सुजाताको राजासँगको भेट रद्द भएको समाचारमा उल्लेख छ।

## माओवादी सेनाभित्र तलबी रडाको

सिविरमा बसेका माओवादी सेनालाई सरकारले मासिक ३ हजार रुपैयाँका दरले तलब दिने निर्णय गरेपछि माओवादी सेनाभित्र नयाँ विवाद सिर्जना भएको समाचार साप्ताहिक 'साँघु' ले २०६४ साल जेठ १४ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार हिजो विद्रोहका बेला सरकारी सेनालाई भाडाको टट्टु भनी चुनौती दिने माओवादी सेनाले अहिले राज्यको तलब खाएर भाडाकै सेनामा रूपान्तरित हुन पुगेको भन्ने आशयको असन्तुष्टि माओवादीभित्र देखा परेको छ। सरकारले तलब दिने निर्णयलाई केही माओवादीले सकारात्मक रूपमा लिए पनि त्यस्तो तलबले आमूल परिवर्तनको पक्षमा लड्ने भनिएका माओवादीहरूको हातमा फलामे जञ्जिर हुन सक्ने कुरा पनि उक्त साप्ताहिकले उल्लेख गरेको छ।

## ईश्वर पोखरेलको छुट्टै कार्यालय

नेपाल कम्युनिस्ट पार्टी एमालेभित्र अहिले उक्त पार्टीको आठौं महाधिवेशनलाई लिएर मतभेद प्रारम्भ भएको समाचार साप्ताहिक तरुणले २०६४ जेठ १४ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार एमालेका महासचिव माधवकुमार नेपाल आगामी असोज वा कात्तिकमा पार्टीको महाधिवेशन गर्ने पक्षमा छन् र उनलाई केपी शर्मा ओलीले साथ दिइरहेका छन्। त्यसैगरी वरिष्ठ नेताहरू झलनाथ खनाल, वामदेव गौतम, ईश्वर पोखरेल, अमृतकुमार बोहरा आदि संविधानसभाको निर्वाचनपछि मात्रै महाधिवेशन गर्नेपक्षमा छन्। आफ्नो पक्षको अडानलाई बल पुर्‍याउन अहिले ईश्वर पोखरेलले काठमाडौंस्थित मदरल्यान्ड होटलमा छुट्टै सम्पर्क कार्यालय खोलेका छन्।

## रोहितका सामु प्रचण्ड निरीह

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे (रोहित) ले माओवादी भ्रातृ संगठन योङ्ग कम्युनिस्ट लिग युवराज पारसका मानिसहरूलाई समेटेर अगाडि बढेको प्रमाण प्रस्तुत गरेपछि नेकपा माओवादीका अध्यक्ष प्रचण्ड प्रतिक्रियाविहीन हुन पुगेको समाचार साप्ताहिक दृष्टिले २०६४ जेठ १५ गतेको अंकमा प्रकाशित गरेको छ। समाचारअनुसार रोहितले वाइसीएलका कार्यकर्ताले आफूविरुद्ध गरेको विरोधको १८ बुँदे विवरण अन्य दलका नेताहरू समक्ष प्रचण्डलाई बुझाउँदै भक्तपुरमा युवराज पारसले परिचालन गरेका १७ जना व्यक्ति वाईसीएलको सक्रिय सदस्य भएको तथ्य पेस गरेका थिए। उक्त घटना संविधानसभा निर्वाचनको मिति तोक्न बसेको आठ दलको बैठकको बेला भएको कुरा समाचारमा उल्लेख छ।

## राजदूतमा योग्यताको रडाको

गत सोमबार बसेको नेकपा एमालेको स्थायी समिति बैठकमा पार्टीका तर्फबाट राजदूत पदका लागि सिफारिस गरिएका व्यक्तिहरूको योग्यताका बारेमा चर्को बहस भएको समाचार साप्ताहिक 'जनआस्था' ले प्रकाशित गरेको छ। २०६४ जेठ १६ गतेको जनआस्थामा प्रकाशित समाचारअनुसार एमालेभित्र सिर्जना भएको यो रोचक विवादका क्रममा सिफारिस गरिएका व्यक्तिहरूको कूटनैतिक तथा शैक्षिक योग्यतामा प्रश्न उठेको बताइन्छ। यस्तो विवादमा जपानका लागि राजदूत सिफारिस गरिएका डा. गणेश योञ्जन मुख्य रूपले बहसको विषय बनेका थिए। डा. योञ्जनको शैक्षिक योग्यताका बारेमा एमालेका केन्द्रीय सदस्यहरूले प्रश्न उठाएको बताइएको छ।

## नवयुवराजलाई ठेउला

नवयुवराज हृदयेन्द्रको स्वास्थ्यलाई लिएर अहिले राजदरबार चिन्तामा परेको समाचार साप्ताहिक घटना र विचारले प्रकाशित गरेको छ। २०६४ जेठ १६ गतेको घटना र विचारमा प्रकाशित समाचारअनुसार नवयुवराज हृदयेन्द्र अहिले ठेउलाबाट पीडित छन्। नवयुवराज ठेउला र ज्वरोसमेतले पीडित भएपछि युवराज पारस र युवराज्ञी हिमानीले नवयुवराजलाई गोकर्ण दरबारबाट निर्मल निवास ल्याएका छन्। नवयुवराज हृदयेन्द्रलाई लिन मुमाबडामहारानी रत्न आफैं गोकर्ण पुगेकी थिइन्। समाचारअनुसार बालाजु घटनापछि नवयुवराजका बारेमा राजदरबारमा विशेष शर्तकता अपनाउन थालिएको छ।

## मेरो विचार

### संविधानसभा के हो ?

राज्य सञ्चालन गर्न एउटा मूल कानुन आवश्यक हुन्छ, जसलाई संविधान भनिन्छ। प्रजातान्त्रिक मुलुकको संविधान आफ्ना सम्पूर्ण नागरिकको हितलाई ध्यानमा राखेर निर्माण गरिएको हुन्छ। शताब्दीयौंदेखि आफ्नो हालीमुहाली चलाउँदै आएको सामन्तवादलाई जनताको कठोर संघर्षले परास्त गरेको छ। अब नेपाली जनतालाई आफ्नो भाग्य आफै निर्माण गर्ने संविधानको खाँचो छ। उक्त संविधान जनताद्वारा चुनिएको सभामार्फत् निर्माण गरिंदैछ। संविधानसभा निर्वाचनको माध्यमबाट हरेक वर्गले आफ्ना प्रतिनिधि पठाई असल संविधान निर्माण गर्नेछन्।

संविधानसभाका बाधाहरू धेरै छन्- (क) राजनैतिक दल र नेताहरूको आपसी असमझदारी एवं विश्वासको अभाव (ख) शान्ति-सुरक्षाको कमी (ग) सामन्तवाद र त्यसका समर्थकहरूको चलखेल (घ) नागरिकहरूमा चेतनाको अभाव (ङ) राज्यको तरल राजनैतिक अवस्थाको फाइदा उठाउने हेतुले विभिन्न वर्गद्वारा भैरहेको हिंसात्मक आन्दोलन (च) माओवादीको हतियार मोह एवं जनताको सम्पत्ति फिर्ता नगर्नु। समाधानका उपायहरू- सबै राजनैतिक दल एवं नेताले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर विश्वासिलो ढंगले देश र जनताको हितलाई ध्यानमा राखेर काम गर्ने, सरकारले शान्ति-सुव्यवस्था कायम गर्न जोड दिने, सबै वर्गले आफ्नो मात्र स्वार्थको ख्याल नगरी सबै नागरिकको हित हुने नीति अवलम्बन गर्ने।

**नकुल श्रेष्ठ, सिन्धुपाल्चोक**

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**प्रश्न : देश अहिले संविधानसभाको निर्वाचनको सँघारमा छ, तर पनि निर्वाचनको मिति तोक्न सकिएको छैन, किन ? कतै यसमा षड्यन्त्र त भैरहेको छैन ? अहिलेको अस्थिर वातावरणमा संविधानसभाको निर्वाचन भयो भने त्यो कतिको उपयोगी होला ? के यस्तो वातावरणमा भएको निर्वाचनले चाहेजस्तो समावेशी संविधान बन्न सक्छ ?**

**–वीरेन्द्र बस्नेत, अर्घाखाँची**

**उत्तर :** संविधानसभा निर्वाचनको मिति नतोकिएसम्म संविधानसभाको निर्वाचन गराउने जिम्मेवारीप्राप्त निकायहरू सक्रिय हुन सक्दैनन्। संविधानसभाको निर्वाचनका लागि मिति तोक्न राजनैतिक सहमति तथा राजनैतिक दलहरूमा एक-अर्काप्रति विश्वास हुनु आवश्यक छ। संविधानसभाको निर्वाचन स्थिर र स्वतन्त्र वातावरणमा सम्पन्न हुनुपर्छ। डर-त्रासको वातावरणमा संविधानसभाको निर्वाचन भयो भने त्यसको परिणामले वैधानिकता पाउन सक्दैन। यस्तो वातावरणमा भएको निर्वाचनपछि गठन गरिएको संविधानसभाले समावेशी संविधान बनाउन सक्छ भन्ने कुरामा शंका गर्ने प्रशस्त आधार रहन्छन्।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दैसाप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्नेव्यवस्था मिलाएको छ। पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ।**


प्राइभेट Test - SLC
विगतमा १००% नतिजाको अनुभवका साथ
English र Nepali दुबै भाषामा विहानी/ बेलुकी कक्षामा
EIA १२१/०६३ नयाँ भर्ना खुल्यो Regd. २८१७७/०६०
कक्षा ८ वा ९ अथवा Test / SLC फेल भई उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरूकोलागी
Eng/ Math/ Science कमजोरलाई फ्रि कक्षा
उत्कृष्टलाई छात्रावृत्ति
Model Set बाट Practice गराइने
English/ कोरीयन/Japanese तथा हिब्रु भाषाका कक्षाहरू
कामना एकेडेमी
4601878, 4600335 कोटेश्वर (टंक प्रसाद शालिक अगाडि)

१००% रोजगार मूलक
होटल तालिममा
नयाँ भर्ना खुल्यो
कुक, वेटर, केयर गिभर, वेलब्वाई, हाउसकिपिङ्ग, सेक्यूरिटी गार्ड आदि
> विदेश जानेलाई विशेष व्यवस्था
> Theory / Pratical दुबैको व्यवस्था,
> कुक सिक्नेलाई Waiter free
> उत्कृष्टलाई स्वदेश वा विदेशमा रोजगारी
> Pratical को लागी होटल पठाइने
> Field मा गई आएआर्जनको मौका दिइने
कामना
4601878, 4600335
कोटेश्वर, चोक

बिगतका वर्षहरूमा सयौ विद्यार्थीहरू पास गराउन सफल
प्राईभेट Test-SLC
मा भर्ना खुल्यो।
विश्वासिलो तथा गुणस्तरीय शिक्षाको लागि
लगनखेल
SMALL HEAVEN
☎:-2120693
मछिन्द्रनाथको रथ रास्ने चार दोबाटोबाट प्रयाग पोखरीतर्फ
गोंगबु
ब्रिलियन्ट एकेडेमी
☎:-2171172

आकर्षक स्तन
अविकसित तथा सानो → साइज बढाउन
ठूलो, गिलो तथा लुज → घटाउन तथा टाइट गर्न
यौन सन्तुष्टि
यौन चाहना नहुने, शीघ्र स्खलन तथा डिप्रेशनबाट पूर्ण मुक्ति
CLEAN FACE
अनुहारको कालो पोतो, चाँया, डण्डीफोरबाट पूर्ण मुक्ति
दम, वाथ, ग्याष्ट्रिक साथै कपाल सम्बन्धि उपचार
4672065, 2084130
कुनै उपकरण होइन, स्वदेशी आयुर्वेदिक पद्धती
No side effect, 100% Gaurantee

आवश्यकता
Unique Group लाई थप कर्मचारीको आवश्यकता

| | योग्यता | संख्या | तलब |
|---|---|---|---|
| 1) | Test | 9 | 3500 |
| 2) | SLC | 7 | 4800 |
| 3) | I.A | 5 | 6800 |

सम्पर्कः Ring Road रूप लाइन Petrol pump र खसीबजारको बिच
फोनः 2092356
9841664283

# पहिलो ई-क्यान शैक्षिक मेला

साप्ताहिक समाचार

काठमाडौं– विद्यार्थीलाई शैक्षिक परामर्श दिने उद्देश्यले नेपाल शैक्षिक परामर्श संघ (इ-क्यान) ले आयोजना गरेको पहिलो 'ई-क्यान शैक्षिक मेला-२००७' गत सोमबार सम्पन्न भएको छ। बिहीबारदेखि आइतवारसम्म चल्ने भनिएको उक्त मेला आइतबार राजधानी बन्द भएका कारण सोमबारसम्म लम्ब्याइएको थियो। शैक्षिक मेलामा एउटै छातामुनि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा कलेजहरूका बारेमा परामर्श संस्थाका स्टलमार्फत विद्यार्थी तथा अभिभावकले जानकारी हासिल गरेको मेला आयोजक समितिका संयोजक उत्तम पन्तले बताए।

पन्तका अनुसार मेलाले यो पेसालाई अझ व्यवस्थित, मर्यादित तथा विश्वसनीय तुल्याउन पनि त्यत्तिकै प्रभावकारी भूमिका खेलेको छ। मेलामा सहभागी विद्यार्थी तथा अभिभावकलाई वैदेशिक अध्ययनका क्षेत्रमा देखिने समस्याका बारेमा सत्यतथ्य जानकारी उपलब्ध गराइएको छ। संयोजक पन्त भन्छन्- 'पहिले यो क्षेत्रप्रति नकारात्मक दृष्टिकोण राखिए पनि त्यसमा परिवर्तन आएको छ भने कूटनैतिक नियोग, नेपाल सरकारलगायत सबै सरकारी तथा गैरसरकारी संघसंस्थालाई समेट्न सकेकाले यो मेलाको आधिकारिकता पुष्टि भएको छ।'

मेलामा उच्च शिक्षाको विषयमा विद्यार्थीहरूले विभिन्न जानकारी हासिल गरेका थिए। त्यसबाहेक युरोप तथा अमेरिकालगायत विकसित एसियाली मुलुकका विश्वविद्यालय तथा कलेजले पनि मेलामा स्टल राखेका थिए।

यो मेलाको नारा 'ई-क्यानमा आबद्ध संस्थाहरूबाट मात्र शैक्षिक परामर्श हासिल गरौं' थियो। मेलामा २ वटा प्याभेलियनमा गरेर ९९ वटा स्टल थिए, जसमध्ये ६५ वटा स्टलमा शैक्षिक परामर्श व्यवसायी संस्थाहरूले भाग लिएका थिए भने अन्यमा अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानडा, सिंगापुर, भारत तथा नेपालका विभिन्न शिक्षण संस्थाको सहभागिता थियो। मेलामार्फत विद्यार्थीले विदेशी शिक्षण संस्थाका पाठ्यक्रम, शैक्षिक वातावरण, शुल्क आदि विषयमा जानकारी लिएका थिए। ९५ हजार विद्यार्थी तथा अभिभावकले मेला अवलोकन गरेको मेला प्रबन्धक सीएन उपाध्यायले बताए। उपाध्यायका अनुसार मेलामा १८ देखि ३२ वर्ष उमेर समूहको बाक्लो उपस्थिति थियो।

प्लस टुपछिको उच्च शिक्षाका लागि अस्ट्रेलिया जान इच्छुक छोरा अनिश रेग्मीलाई लिएर धनकुटाबाट मेला अवलोकनकै लागि राजधानी आएकी राधा रेग्मीले भनिन्- 'विद्यार्थीलाई मात्र होइन, अभिभावकले पनि यस प्रकारको मेला अवलोकन गर्नुपर्ने रहेछ, अब म पनि छोरालाई उच्च शिक्षाका लागि कहाँ उपयुक्त हुन्छ भनेर सल्लाह दिन सक्ने भएकी छु।' मेलामा न्यूनतम प्लस टुदेखि विद्यावारिधिसम्मको अध्ययनका लागि परामर्श उपलब्ध गराइएको थियो।

शैक्षिक मेलामा विभिन्न देशका प्रतिनिधिहरूबाट सेमिनार तथा परामर्शका कार्यक्रमहरू प्रस्तुत भएका थिए। प्रबन्धक उपाध्यायका अनुसार मेलाको पहिलो दिन बिहीबार अस्ट्रेलिया गएर उच्च शिक्षा लिन चाहने विद्यार्थीहरूका लागि अस्ट्रेलियन हाई-कमिसनले एकदिने निःशुल्क परामर्श सेमिनार सञ्चालन गरेको थियो भने अन्तिम दिन आइतबार बेलायत जान चाहने विद्यार्थीका लागि ब्रिटिस काउन्सिलले सेमिनार राखेको थियो।

ब्रिटिस काउन्सिलले आयोजना गरेको एजेन्ट ट्रेनिङबाट १४ जनाले 'सर्टिफाइड एजेन्ट सर्टिफिकेट' प्राप्त गरेका थिए। त्यस्तै अस्ट्रेलियन हाइकमिसनले भारतको दिल्लीबाट अस्ट्रेलिया अध्ययनका लागि जाने विद्यार्थीका लागि त्यहाँको शिक्षा नीति, भिजा प्रोसेसिङ प्रणालीका बारेमा सेमिनारमा जानकारी गराएको थियो। सेमिनारको आयोजनाले अन्तर्राष्ट्रिय गुणस्तरको शिक्षाका लागि विद्यार्थीलाई उचित परामर्श दिन परामर्शदाता संस्थाहरूलाई मार्गदर्शन गरेको मेलाका प्रवक्ता राजेन्द्र बरालले बताए। बरालका अनुसार ई-क्यानले पनि गुणस्तरमा ध्यान दिने प्रतिबद्धता जाहेर गरेको छ। त्यसैगरी जर्मनी तथा फ्रान्सेली काउन्सिलले पनि सेमिनार आयोजना गरी आफ्नो देशको शैक्षिक नीति, कार्यक्रम आदिका बारेमा सहभागीहरूलाई जानकारी दिएको थिए।

'वैदेशिक अध्ययनमा जाने इच्छा भए पनि कहाँ, कसरी जाने भन्ने समस्या खट्किरहेको अवस्थामा उनीहरूले एकै थलोमा सबै जानकारी पाएका छन्,' मेलाको उपलब्धिका सम्बन्धमा प्रवक्ता बरालले भने- 'वैदेशिक अध्ययनका लागि भरपर्दो परामर्श संस्था आवश्यक पर्ने कुरा पनि मेलाले प्रस्ट्याएको छ। बरालका अनुसार २००७ मा मात्रै अध्ययनका लागि अस्ट्रेलिया, बंगलादेश, पाकिस्तान, जर्मनी, चीन, बेलायत तथा अमेरिका आदि मुलुक गएका ७ हजार ३७ विद्यार्थीलाई परामर्श संस्थामार्फत सहयोग पुऱ्याइएको थियो। त्यसमा भारत जाने विद्यार्थीको तथ्याङ्क स्पष्ट छैन, औसतमा प्रतिवर्ष १२ हजार विद्यार्थी (भारतबाहेक) वैदेशिक अध्ययनमा जान्छन्।


प्राइभेट TEST/SLC

दोस्रो ग्रुपमा भर्ना खुल्यो।

- नेपाल सरकारद्धारा मान्यता प्राप्त।
- कक्षा ८ पास भए पुग्ने साथै कक्षा ९, १० र SLC फेल भएपनि फरक नपर्ने।
- दुर्गम, दलित तथा आर्थिक अवस्था कमजोर भएकालाई १००%सम्म छात्रवृत्तिको व्यवस्था।
- विहान, बेलुका र दिउँसो तथा नेपाली र अंग्रेजी दुवै माध्यमबाट पढाइने।
- वर्षौ अनुभवी शिक्षक शिक्षिकाद्धारा पढाइने।
- उमेर नाघेका, जागिरे तथा गृहिणीले घरैमा बसेर परीक्षा दिन सक्ने।

SLCपास

वासिङ्टन एकेडेमी

नयाँ बानेश्वर, डिपार्टमेन्टल स्टोर अगाडि, फोन : ४७८२१६२


# दायित्व कसको

किरण काफ्ले



भर्नाको समयमा टेलिभिजन, रेडियो वा पत्रपत्रिका जहाँसुकै आफ्नो ध्यान केन्द्रित गर्नु भयो भने, त्यहाँ विद्यालयहरूको विज्ञापन सुन्न वा हेर्न धेरै समय कुर्नु पर्दैन। त्यतिबेला विद्यालयलाई असार नै लाग्छ। सबै विद्यालय हानाथाप र दौडधूपमा व्यस्त देखिन्छन्। स्वच्छ शैक्षिक वातावरणमा दक्ष शिक्षक-शिक्षिकाद्वारा अध्यापन गराइने भौतिक सुविधासम्पन्न तथा गुणस्तरीय विद्यालयमा अध्ययन गरी उत्कृष्ट अंक ल्याएर उत्तीर्ण हुने चाहना सबै विद्यार्थीमा हुन्छ।

अभिभावकले पनि आफ्ना छोराछोरी एवं उनीहरू अध्ययन गर्ने विद्यालयबाट यही कुराको अपेक्षा गरेका हुन्छन् तर यी चाहना अनि अपेक्षाहरू त्यस दिन निराशामा परिणत हुन्छन् जुन दिन परीक्षाको नतिजाले अभिभावक तथा विद्यार्थी दुवैलाई अपेक्षाकृत प्रतिफल दिन सक्दैन। अनि सबै जना दोधारमा पर्छन्, आखिर गुणस्तरहीन नतिजाको दोषी को ? विद्यार्थी,

शिक्षा

अभिभावक वा विद्यालय ?

कुनै पनि बिरुवा राम्रो हुन बीउ मात्र असल भएर पुग्दैन। उक्त बीउ रोपिने स्थानको माटो, हावापानी अनि मौसम सबै पक्ष अनुकूल हुनुपर्छ अर्थात् विद्यार्थी मात्र लगनशील एवं मेहनती भएर मात्र उत्कृष्ट नतिजा आउन सक्दैन। उक्त विद्यार्थी अध्ययन गर्ने विद्यालय पनि असल तथा गुणस्तरीय हुनुपर्छ, साथै विद्यार्थीले कतिसम्म राम्रो नतिजा प्राप्त गर्न सक्छ भन्ने कुरा उसका अभिभावकमा पनि उत्तिकै भर पर्छ। यस अर्थमा अभिभावक, विद्यार्थी तथा विद्यालय तीनवटै तत्त्वको मेहनत एवं प्रयासबाट मात्रै उत्कृष्ट नतिजा प्राप्त हुन सक्छ। विद्यार्थी एउटा फूल हो जुन सुहाउँदो हावापानी (अभिभावक) तथा उपयुक्त माटो (विद्यालय) पाए मात्रै सुगन्धित भएर फुल्न एवं फक्रिन सक्छ। यदि यी तीन तत्त्वमध्ये कुनै एक मात्र खराब पऱ्यो भने वर्षभरिको कमाइ मंसिर नलाग्दै खेर नजाला भन्न सकिंदैन।

अभिभावक वा घर पहिलो पाठशाला हो जहाँबाट विद्यार्थीले व्यवहारिक ज्ञान हासिल गर्नुका साथै उनीहरूमा पढ्नुपर्छ भन्ने भावनाको विकास हुन्छ। अध्ययनको प्रतिफल कति मीठो हुन्छ भन्ने कुरा विद्यार्थीले केबल अभिभावकले दिने हौसला, प्रेरणा अनि उदाहरणबाट प्राप्त गर्छन्। विद्यार्थीका लागि अभिभावकहरू बगैंचाका माली जस्तै हुन् जसको उचित हेरचाह बिना कुनै पनि सुगन्धित फूल फुल्न सक्दैन। त्यसैले एउटा अभिभावकको कर्तव्य भनेको आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गरिदिनु मात्र होइन।

उनीहरूले कसरी पढ्दैछन् तथा विद्यालयले आफ्ना छोराछोरीलाई कसरी पढाइरहेका छन् भन्ने कुराको नियमित अवलोकन-मूल्यांकन गनुपर्छ। विद्यार्थीले कस्तो अध्ययन गर्दैछ भन्ने कुरा उसले घरमा देखाउने दैनिक क्रियाकलाप हेरेर बुझ्न सकिन्छ। गर्नुपर्ने गृहकार्य गरेको छ-छैन, समय तालिका अनुसार हिंडेको छ-छैन, कोसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने सिकेको छ-छैन एवं अध्ययनबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्ने प्रयास गर्छ कि गर्दैन जस्ता कुराको अवलोकन गरेर कसले कसरी पढ्दैछ भन्ने कुरा थाहा पाउन सकिन्छ। यदि यावत् कुराहरूमा सुधार आएको छैन भने विद्यालयको शैक्षिक प्रणालीमाथि प्रश्नचिन्ह उठ्नु स्वाभाविक हुन्छ।

विद्यालय हरेक विद्यार्थीको पथप्रदर्शक हो जहाँबाट उनीहरूको उज्वल भविष्य निर्धारण हुन्छ। गुणस्तरको नाममा भएभरको प्रचार गर्ने तर अध्यापनमा भने झारा टार्ने काम हुनु हुँदैन। पाँच वर्षको शिशुलाई झोलाभरि पुस्तक भिराउँदैमा वा बढीभन्दा बढी गृहकार्य दिंदैमा विद्यालयको शैक्षिक गुणस्तर झल्किंदैन। वास्तवमा विद्यार्थीले प्राप्त गरेको ज्ञान एवं उसमा भएको सकारात्मक परिवर्तन नै विद्यालयले प्रदान गरेको गुणस्तरीय शिक्षा हो। आजभोलि कतिपय अभिभावकमा महँगो विद्यालय मात्र राम्रो हुन्छ भन्ने गलत मानसिकताले जरो गाड्न थालेको भए पनि शुल्कले शैक्षिक गुणस्तर निर्धारण गर्न नसक्ने कुरा बुझ्नु आवश्यक छ। च्याउ झैं उम्रिएका विद्यालयहरूको भीडमा आफ्नो अस्तित्व सुरक्षित गर्न विद्यालयहरूले गुणस्तरीय शिक्षाका लागि प्रतिस्पर्धा गर्नु उपयुक्त हुन्छ। किनकि अबका अभिभावक तथा विद्यार्थीले शिक्षण प्रणाली एवं शैक्षिक वातावरणमा विशेष ध्यान दिनेछन्।

यहाँ अभिभावक तथा विद्यालय मात्र असल भएर पुग्दैन। यी दुई पक्ष त केबल सहायक मात्र हुन्, पढ्ने त विद्यार्थीले हो। त्यसैले विद्यार्थी स्वयं मेहनती, लगनशील एवं अनुशासित हुनुपर्छ। म किन विद्यालय जाँदैछु ? विद्यालयले मलाई के दिनुपर्छ ? अनि त्यहाँबाट मैले के हासिल गर्नुपर्छ ? जस्ता प्रश्नको जवाफ स्वयं विद्यार्थीसँग हुनुपर्छ। उत्कृष्ट शिक्षा हासिल गर्न सके मात्र मेरो भविष्य उज्वल हुन्छ भन्ने कुराको आभाष प्रत्येक विद्यार्थीमा हुनुपर्छ। किनकि विद्यार्थी तिर्खा हो, उसले पानीसम्म धाउनैपर्छ।


प्राइभेट test/S.L.C.

विगत वर्षहरूमा 100% पास गराउन सफल।

२०६४ को लागि Private/test/S.L.C. भर्ना खुल्यो।

कक्षा समय : विहान र दिउँसो
माध्यम : अंग्रेजी र नेपाली

Weak Student लाई Math, Science र English Tuition Free

KINGS ACADEMY

कोटेश्वर

फोन : ४६००२४५
९८४१२६८२६७
९८०३१४६९३४



PRIVATE TEST/SLC

२०६४ को लागि भर्ना खुल्यो

कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिईंदैछ। सिट सीमित छ।

(English and Nepali both medium)

Bright Future Institute

मोबाइल : ९८५१००२८०४, फोन नं।: ४४६३०७३, चावहिल, काठमाडौं.

# पूर्वाञ्चलस्तरीय सूचना-प्रविधि सम्मेलन

**साप्ताहिक समाचार**

कम्प्युटर एसोसिएन अफ नेपाल (क्यान) सुनसरीले भोलि र पर्सि (शनिबार र आइतबार) दुई दिन धरानमा पूर्वाञ्चल स्तरीय बृहत् सूचना तथा सञ्चार प्रविधि सम्मेलन आयोजना गर्ने भएको छ। उक्त सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सूचना तथा सञ्चार प्रविधि विज्ञहरूले कार्यपत्र एवं ट्युटोरियल कक्षा संचालन गर्नेछन्।

यो क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा ठूलो सम्मेलन आयोजना गर्न गैरहेका छौं भन्दै क्यान सुनसरीका अध्यक्ष कमल तिम्सिनाले साप्ताहिकसँग भने- 'यसअघि सूचना तथा सञ्चार प्रविधि क्षेत्रका स-साना स्तरका कार्यक्रम तथा सम्मेलन आयोजना गरिएको भए पनि यो स्तरको सम्मेलन भने पहिलो पटक आयोजना गर्न लागिएको हो।' २ सयभन्दा बढी सहभागी हुने सम्मेलनलाई कार्यपत्र र ट्युटोरियल कक्षा गरेर दुई भागमा सञ्चालन गरिनेछ।

सूचना तथा सञ्चार प्रविधिलाई विकासको इन्जिन बनाएर नयाँ नेपाल ई-नेपालको निर्माण गरौं भन्ने क्यानको नाराअन्तर्गत विद्युतीय माध्यममा सबैको पहुँच कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा सम्मेलन केन्द्रित हुने बताइएको छ। वातावरण विज्ञान तथा प्रविधि मन्त्री महन्त ठाकुरले उद्घाटन गर्ने उक्त सम्मेलनमा कोरियाली विज्ञ वाई.एस. किमले ई-गर्भनेन्समा कोरियाले पाएको सफलताको उदाहरण दिँदै त्यसका लागि नेपालले अपनाउनुपर्ने मोडलका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नेछन् भने अल्पविकसित राष्ट्रका नागरिकहरूले स्वतन्त्र तथा खुला सफ्टवेयरको प्रयोगलाई महत्त्व दिनुपर्ने विषयमा रेडह्याट इन्टरनेसनलका प्रशिक्षक विजय जयसवालले कार्यपत्र प्रस्तुत गर्नेछन्।

त्यसैगरी कम्प्युटर एसोसिएसन अफ नेपालका महासचिव राजनराज पन्तले 'आउट सोर्सिङ अफरच्युनिटी', उच्चस्तरीय सूचना प्रविधी आयोगका सदस्य मनोहर भट्टराईले 'अफरच्युनिटी एन्ड च्यालेन्जेज इन ई-कमर्स', वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव पुरुषोत्तम घिमिरेले 'साइबर ल एन्ड गर्भमेन्ट पोलिसी' विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्।

सम्मेलनमा क्यानका सचिव विनोद ढकालले ग्रामिण सूचना केन्द्रको विस्तारका विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्। त्यस्तै 'नेटवर्क टेक्नोलोजी' मा गौरव उपाध्याय, 'इनफरमेसन सेक्युरिटी' मा दीपक रौनियारले बोल्नेछन्। वाईफाई इन्टरनेट टेक्नोलोजीका बारेमा किशोर पन्तले ट्युटोरियल कक्षा सञ्चालन गर्नेछन्।

# १४ वर्षमा १० करोड वेबसाइट

अमेरिकाको नेटक्राफ्ट नामक संस्थाले हालै एक अध्ययन-प्रतिवेदन सार्वजनिक गरेको छ, जहाँ सन् १९९५ देखि अक्टोबर २००६ सम्मका वेबसाइट संख्या १० करोड पुगेको बताइएको छ। नेटक्राफ्टले सन् १९९५ देखि दिन दुगुना रात चौगुना बढ्दै गएको वेबसाइटमाथि निगरानी राख्दै आएको छ। प्रतिवेदनमा भनिएको छ– इन्टरनेटको संसारमा वेबको सुनामी आएको छ तर यो विनाशकारी नभै सूचना, शिक्षा एवं मनोरञ्जनका साथै व्यवसायमूलक भएकाले यसको भविष्य उज्ज्वल छ।

नेटक्राफ्टको प्रतिवेदनले तिनीहरूको कौतूहल पनि मेटाइदिएको छ, जसले वेब सर्फिङ गर्दा हातका औंला थाकेको महसुस गर्थे तर त्यसको कारणका सम्बन्धमा भने अनभिज्ञ नै हुन्थे– त्यो कारण हो वेबसाइटको संख्यामा आएको अकल्पनीय वृद्धि।

सामग्रीले भरिपूर्ण वेबसाइटको संख्या १० करोड पुगेको कुरा बताउँदै नेटक्राफ्टका रिच मिलर भन्छन्- 'तर सबै अत्यन्त बिजी र अपडेट भने छैनन्। ४ करोड ८० लाख वेबसाइट बढी सक्रिय छन्। ब्लगर्स, वेबमा आधारित सानो व्यवसाय सञ्चालनमा आउनु अनि निर्माण गर्न सहज भएकाले नै वेबसाइटको संख्या नाटकीय रूपमा वृद्धि भएको ठहर प्रतिवेदनमा गरिएको छ।

पछिल्ला २ वर्षमा वेबको संख्या अकल्पनीय रूपमा वृद्धि भएको तथ्यांकले देखाएको छ। वेबसाइटको संख्या पत्ता लगाउन नेटक्राफ्टले वेबसाइटको डोमेन नेम सिस्टम अपनाएको थियो। सन् १९९५ अगस्टमा नेटक्राफ्टले वेबसाइट संख्या गणना सुरु गर्दा जम्मा १८ हजार वेबसाइट निर्माण भएका थिए। सन् २००४ मेसम्म आइपुग्दा यो संख्या ५ करोड पुग्यो। वेबको वृद्धि सबैभन्दा बढी बितेको अन्तिम ३० महिनामा भएको देखिन्छ। ती ३० महिनाको अवधिमा मात्रै ५ करोड वेबसाइट निर्माण भएको प्रतिवेदनमा उल्लेख छ।

नेटक्राफ्ट प्रतिवेदनअनुसार वेबसाइटले सबैभन्दा बढी मलजल अमेरिका, जर्मनी, बेलायत, क्यानाडा, फ्रान्स, चीन, दक्षिण कोरिया र जापानमा पाएका छन्। युरोप, ल्याटिन अमेरिकी देश, अफ्रिकामा



भन्दा एसियाली देशमा वेबसाइट निर्माण गर्ने होड बढी छ। पहिलो वेबसाइट (वर्ल्ड वाइड वेभ डट) को विकास टिम बर्नर्स लीले गरेका थिए, त्यति बेला उनी जेनेभास्थित एक युरोपियन संस्थामा आबद्ध थिए।

वेबसाइटको संख्या गुणात्मक रूपमै तीव्र किसिमले बढ्नुपछाडिका धेरै कारण प्रतिवेदनमा उल्लेख छ। सन् १९९० दशकको मध्यतिर जब पर्सनल कम्प्युटरको मूल्यमा एक्कासि ह्रास आयो, तब मानिसका घर, कार्यालय र विद्यालयमा कम्प्युटरले स्थान पाउन थाल्यो, सँगसँगै इन्टरनेटले पनि, त्यसपछि वेबको निर्माण तीव्र भयो। २१ औं शताब्दीको प्रारम्भसँगै साइट निर्माणका क्रममा देखिएका दुई मुख्य समस्या मूल्य र जटिलताबाट मुक्त भएपछि यसले सामान्य मानिसको ध्यानसमेत खिच्न सफल भएको देखिन्छ।

# पृथ्वीको गति बढ्यो

नासाका वैज्ञानिकहरूका अनुसार पृथ्वीको घुम्ने गति अलि तीव्र भएको छ। यसबाट दिन छोटा भएका छन्। पृथ्वीको उत्तरी गोलार्द्धमा हजारौं साना तथा ठूला बाँध बाँधिएका छन्। यी जलाशयमा जम्मा गरिएको पानीले गर्दा पृथ्वीको गति बढेको अनि दिन छोट्टिएको वैज्ञानिकहरूको दाबी छ। नदीमा बाँध बनाइँदा छेउछाउतिर पानी रसाउँछ, जसले भूस्खलन गराउँछ। वैज्ञानिक रिचर्ड बेन्जामिन भन्छन्- 'जसरी बरफमा स्केटिङ गर्न एक व्यक्तिले एकै ठाउँमा घुम्नुपर्दा दुईवटै हातले च्यापेर राख्छ र उसको घुम्ने गति तीव्र हुन्छ, त्यसरी नै पृथ्वीका विभिन्न नदीमा बाँध बनाइँदा पृथ्वीको गति बढ्दै गएको हो।' गएका ६० वर्षमा विश्वका विभिन्न भागमा बनाइएका बाँधले १० लाख टन पानी रोकिएको छ। यसबाट पृथ्वीको परिक्रमा गर्ने गति पनि १ सेकेन्डको ८० लाख भागबराबरको वृद्धि भएको छ। पृथ्वीका अनेक ठाउँमा बनाइएका बाँधले गर्दा महासागरको गहिराइ पनि बढेको वैज्ञानिकहरूले बताएका छन्। वैज्ञानिक बेन्जामिन भन्छन्- 'यसले भूमध्यरेखा वरिपरिका महासागरको गहिराइ पनि निकै बढेको छ।' महासागरको किनारामा उठ्ने ज्वारभाटाले पनि पृथ्वीको परिक्रमा गर्ने गतिलाई बढाएको ती वैज्ञानिकहरूको दाबी छ।

## जिज्ञासा

*-सुदन झा, कम्प्युटर कन्सल्टेन्ट*

**प्रश्न : दुईवटा कम्प्युटरको बीचमा सम्पर्क भए-नभएको कसरी थाहा पाउने ? कृपया मोडेममार्फत् बताइदिनुहोला ?**

**–अनिश न्यौपाने**

**उत्तर** : हामीमध्ये धेरैले विन्डोज ९८ चलाउँछौं। त्यहाँ युजर नेम, पासवर्ड र फोन नम्बर राख्ने निश्चित ठाउँ बनाउनुपर्छ। त्यसका लागि सबैभन्दा पहिले माई कम्प्युटरमा डबल क्लिक गर्नु पर्छ। भित्र Make row Connection भन्ने आइकन हुन्छ। उक्त आइकनलाई डबल क्लिक गरे एउटा Dialog Box खुल्छ। त्यसमा फोन नम्बरलगायत अन्य कुरा हाल्दै Next भनिने बटन थिच्दै जानुपर्छ र अन्त्यमा final थिच्नुपर्छ। त्यसो गरेपछि एउटा नयाँ आइकन बन्छ (दुईवटा कम्प्युटरको बीचमा फोन भएको) उक्त आइकनमा क्लिक गरे युजरनेम, पासवर्ड र फोन राख्ने ठाउँ रहन्छ। सबै कुरा निश्चित ठाउँमा राखेर Conncet भन्ने बटन थिच्नुपर्छ। युजरनेम र पासवर्ड सही भए logging to network भन्ने सूचना आउँछ र आइकन मनिटरको दायाँपट्टी तल गएर बस्छ।

इन्टरनेट जोडिएपछि हामी विभिन्न किसिमका ब्राउजरको मद्दतले वेबसाइटहरू हेर्न सक्छौं। Internet Explorer, Netscape Navigater, Opera जस्ता कुनै पनि ब्राउजर खोलेर त्यसको Address Bar मा आफूले हेर्न चाहेको वेबसाइटको नाम लेखेर क्लिक गरे त्यो वेबसाइट हाम्रो ब्राउजरमा खुल्छ। यसरी काम सकिएपछि इन्टरनेट बन्द गर्न दायाँपट्टी पुछारमा भएको आइकनलाई डबल क्लिक गरे एउटा डायलग बक्स खुल्छ। उक्त डायलग बक्समा हामीले कतिबेर इन्टरनेट चलायौं भन्ने सूचना हुन्छ। सोही डायलग बक्सको पुछारमा रहेको disconnet बटन थिचे कम्प्युटर इन्टरनेटबाट बाहिर निस्कन्छ वा सरल शब्दमा भन्नुपर्दा इन्टरनेट बन्द हुन्छ।

# एकाधिकारले महँगो इन्टरनेट

**राजु घिसिङ**

धरान- धरानका साइबर क्याफेहरूमा प्रतिघण्टा इन्टरनेट चलाएको २० देखि २५ रुपैयाँ तिर्नुपर्छ। 'महँगो शुल्क तिरेपछि इन्टरनेट लाइन पनि फास्ट हुनुपर्छ, तर यहाँ त पेज खुल्नै समय लाग्छ,' - छाताचोकका श्रीवास श्रेष्ठ बताउँछन्। धरानमा ५७ वटा साइबर क्याफे छन्। इन्टरनेट सेवाको शुल्क किन महँगो ? साइबर एसोसिएसन अफ धरानका अध्यक्ष ज्ञानदीप लिम्बू भन्छन्- 'वर्ल्ड लिंक कम्युनिकेसन प्रा.लि.को एकाधिकार भएकाले उपभोक्ताले महँगो शुल्क तिर्नुपरेको हो।'

वर्ल्ड लिंकबाहेक अन्य कम्पनीले ताररहित केबल सिस्टमको इन्टरनेट सेवा धरानमा विस्तार गर्न सकेका छैनन्। साइबर वर्ल्ड तथा नेपाल टेलिकमले डायल अप सिस्टमबाट मात्र इन्टरनेट सेवा उपलब्ध गराउँदै आएका छन्। अध्यक्ष लिम्बू भन्छन्– 'इन्टरनेट प्रदायक अन्य कम्पनीको सेवा धरानमा उपलब्ध गराउने विषयमा कुरा भैरहेको छ।'

धरानकै सैलुङ डटकमले भने मर्कन्टाइलको लाइनमा आएको खराबीका कारण दुई महिनायता सेवा उपलब्ध गराउन सकेको छैन। एनएसपीको लाइसेन्स लिन महँगो शुल्क तिर्नुपर्ने इन्टरनेट सेवा प्रदायकहरूको दाबी छ। एनएसपीको लाइसेन्स लिएका कम्पनीहरूले मात्र आईएसपी लाइन उपलब्ध गराउन पाउने बताइन्छ। हर्कराज भन्छन्- 'सानो ठाउँका लागि एनएसपी लाइसेन्स लिन महँगो शुल्क तिर्नु सजिलो काम होइन।'

३० वटा साइबरले वर्ल्ड लिंकको इन्टरनेट सेवा लिइरहेको छ। बन्द हुनुअघि सैलुङले ३३ केबीपीएस क्षमताको इन्टरनेट लाइन ८ हजार रुपैयाँ, ४८ केबीपीएसको १० हजार रुपैयाँ, ५६ केबीपीएसको १२ हजार रुपैयाँ, ६४ केबीपीएसको १५ हजार रुपैयाँ र १२८ केबीपीएस क्षमताको लाइनको २४ हजार रुपैयाँ शुल्क प्रतिमहिना लिँदै आएको थियो।

त्यस्तै वर्ल्ड लिंकले २४ केबीपीएस क्षमता लाइनको मासिक ८ हजार रुपैयाँ, ३२ केबीपीएसको १० हजार रुपैयाँ, ६४ केबीपीएसको १९ हजार तथा १२८ केबीपीएसको २५ हजार रुपैयाँ शुल्क उठाउँदै आएको छ।


नि:शुल्क
भत्ता समेत
१२ जनालाई मात्र
वेटर तालिम
सम्पर्क
कोलम्बिया एकेडेमी नयाँ बानेश्वर चोक, शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
फोन : ४७८१०६१

KEI for BE ENTRANCE
Admission open: Preparation Classes
• Managed by Highly experienced teachers and Post graduate Enginneers of IOE Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 96%, ME 98 % and IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
Kantipur Educational Institute (KEI)
Kupandol, Tel: 5540917, GPO Box: 8973 NPC115
Web:www.kei.edu.np/email:info@kei.edu.np

संविधान सभा भनेको जनताले
आफुलाई शासन गर्ने विधान
आफुद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा
निर्माण गरिने पद्धति हो।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी अनुभवी प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेका लागि Waiter, Housekeeping वा English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

तु-आवश्यकता
यस कम्पनीको शाखा कार्यालय बिस्तारको लागी केही कर्मचारीको आवश्यकता, साथै
SLC दिएर बसेकालाई विशेष अवसर
योग्यता: Test/ SLC or above
संख्या: 11 Gents/ 11 Ladies
तलब: 8200 + TA+ संचयकोष
सम्पर्क:
सितापाईला 2072021 रिङ्गरोड सितापाईला आर्मी ब्यारेक अगाडी कालो गेट भएको घर
कोटेश्वर 2220042 कोटेश्वर SOS को अगाडी निखीलेश्वर प्रवेश मार्गको छेउको लामो घर

आवश्यकता
यस कार्यालयलाई कर्मचारी चाहिएकाले SLC पास व्यक्तिहरुले कार्यालयमा सम्पर्क गर्नु होला।
पद: शाखा व्यवस्थापक
संख्या: 7 Ladies & 10 Gents
तलब: 7000
(SLC दिएर बसेकालाई पनि अवसर दिइने छ।)
सम्पर्क: UG प्रा. ली.
2337004, 9841696824
2040675
Selected व्यक्तिहरुको लागी form fee Rs 100 लाग्ने छ।

उद्घोषण तालिम
नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई विशेष छुट सहित धमाधम उद्घोषण (RJ/VJ) तालिम दिईदै छ।
हाम्रा विशेषताहरु
१ ८०% भन्दा बढिलाई रोजगार दिलाउन सफल।
२ Theory र Practical संगसंगै गराइने।
३ सबैभन्दा पुरानो र विश्वासिलो।
४ तालिमको अन्त्यमा १ घण्टाको कार्यक्रम रेकर्ड गर्न दिइने।
सम्पर्क पानस मिडिया एण्ड ट्रेनिङ्ग सेन्टर प्रदर्शनी मार्ग
फोन : २००३०९८

## जीवजन्तु

# आफ्नै अंग खाने जीव



ड्रागन फ्लाई रूखमा बस्छ। धेरैजसो पानीमा रहने अनि गर्मीमा बढी देखा पर्ने एक किसिमको फट्याङ्ग्रा जातको कीरा हो यो। आकारमा सानो भए पनि यसको स्वाभाव र प्रकृति भने अनौठो खालको हुन्छ। लामो शरीर, पारदर्शक लामो पखेटा यसका विशेषता हुन्। यो कीराले आफ्नो वजनभन्दा १५ गुणा बढी सामान उठाउन सक्छ।

नासाका वैज्ञानिकहरू अहिले यही कीराको अध्ययन गरेर सोही नमुनाको नयाँ प्राविधिक विमान बनाउने अनुसन्धानमा लागेका छन्। वैज्ञानिकहरू आगामी पाँच वर्षमा यस्तो खाले नयाँ विमान तयार हुने कुरामा विश्वस्त छन्। यो पृथ्वीमा पाइने सबैभन्दा बढी आँखा भएको कीरा पनि हो। खुट्टा भए पनि यो कहिल्यै हिंड्दैन। अन्य दुस्मन कीरासँग लड्नुपर्दा यसको पखेटाको कम्पन प्रतिसेकेन्ड ३० पटकसम्म हुन्छ। यस्तै यसले खाना नभेटेको खण्डमा आफ्नै अंग खाएर भोक टार्छ। सिकारका क्रममा यसले एक घण्टाभित्र आफ्नो तौलभन्दा बढी खाना खान सक्छ।

## जानकारी

### छातीभन्दा बाहिर मुटु

अमेरिकाको मियामी राज्यका चिकित्सकहरूले छातीभन्दा बाहिर आएको एउटा नवजात शिशुको मुटुलाई शल्यक्रियाको माध्यमबाट छातीभित्र मुटु रहने स्थानमा नै स्थानान्तरण गरिदिएका छन्। आमाको पेट चिरेर जन्माइएको शिशुको मुटु छातीभित्र स्थानान्तरण गर्न ६ घण्टा लामो शल्यक्रिया गरिएको थियो। शल्यक्रिया गरी छातीभित्र मुटु स्थानान्तरण गरिएको शिशुको स्वास्थ्य राम्रो रहेको बताइएको छ। चिकित्सकहरूले उक्त शिशुले भविष्यमा शारीरिक रूपमा कडा परिश्रम गर्न नसक्ने जानकारी दिएका छन्। यद्यपि अन्य गतिविधि गर्न भने उसलाई कुनै अप्ठ्यारो नहुने दावी चिकित्सकहरूको छ। यसरी छातीभन्दा बाहिर मुटु आउने घटनालाई दुर्लभ मानिन्छ।

### बढी नुनको सेवनले एसिडिटी

स्वीडेनमा गरिएको एक अनुसन्धानमा बढी नुन सेवन गर्नाले एसिडिटीको मात्रा पनि बढ्ने कुरा साबित भएको छ। अनुसन्धानकर्ताहरूले एसिडिटीबाट पीडित ३ हजार १ सय ५३ जना बिरामी तथा ४० हजार स्वस्थ मानिसको खानपानका सम्बन्धमा अध्ययन गरेका थिए।

लामो समयसम्म धूम्रपान गर्ने तथा खानामा बढी मात्रामा नुन प्रयोग गर्ने मानिसमा हाडजोर्नीहरूमा धेरै दुख्ने एवं जलन हुने समस्याले सताएको अध्ययनमा पाइयो। सातामा कमसेकम एकपटक ३० मिनेटसम्म व्यायाम गर्नुका साथै रेसायुक्त खाना सेवन गर्‍यो भने एसिडिटीको मात्रा पनि घट्दै जाने कुरा अनुसन्धानकर्ताहरूले बताएका छन्।


## जन्मदिनको शुभकामना



सशांक प्रधान
२०६३ जेठ १९



रिगेन तण्डुकार
२०६१ जेठ १९



बबिन कार्की
२०५८ जेठ १९



राजन भट्टराई
२०५६ जेठ १९



प्रियंका भुजेल
२०५६ जेठ २०



शैशव भट्टराई
२०५५ जेठ २०



समिका रञ्जितकार
२०६१ जेठ २२



रिसु सिग्देल
२०५९ जेठ २२



बिनिता दरै
२०६१ जेठ २३



आयुष्मा सापकोटा
२०६२ जेठ २३



पूजन थापा
२०६२ जेठ २३



निशान खरेल
२०५९ जेठ २४

**कुपन**

**जन्मदिनको शुभकामना**

नाम :....................................

जन्म मिति :....................................

स्कुल :....................................

ठेगाना :....................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक- केश, हात, ब्याग, टाई, पुस्तक, फूल ।

# सर्दैछ उत्तरी ध्रुव

पृथ्वीको उत्तरी ध्रुव अहिले अन्टार्टिका महासागरमा अवस्थित छ। भूगर्भविद्हरूका अनुसार यो लाखौं वर्षपछि हाल जापान रहेको ठाउँमा पुग्नेछ। कसरी सम्भव छ त यो ? भूगर्भविद् ब्रुस हिजन भन्छन्-पृथ्वीको उत्तरी ध्रुव हरेक १ सय वर्षमा ६ सेन्टिमिटरका दरले जापानतिर सर्दै गएको छ। यसो हुनुको मुख्य कारण प्रशान्त महासागरभित्र हरेक वर्ष गैरहने ठूल्ठूला भूकम्प हुन्।

अहिले पनि सारा प्रशान्त महासागरभित्र भीषण ज्वालामुखी र जलकम्प भैरहेको छ। परिणामस्वरूप हरेक महादेश चलायमान अवस्थामा छन्, जसबाट विश्वमानचित्र अर्को १ सय वर्षमा फेरिनेछ। भूगर्भविद्हरूका अनुसार समुद्रभित्र ठूल्ठूला भूकम्प जाँदा पृथ्वीको उत्तरी ध्रुव र भूकम्पको केन्द्र (इपिसेन्टर) तर्फ सर्छ, किनकि भूकम्पले पृथ्वीको बाहिरी तह (क्रस्ट) तथा त्यसभित्रको तह (म्यान्टल) को उपस्थितिलाई समेत खलबलाइदिएको छ। यस कारण उत्तरी ध्रुव इपिसेन्टर पर्ने देशान्तरको लाइनमा तानिने गरेको हो।

अझै पनि प्रशान्त महासागरको गहिराइबाट ठूल्ठूला टापु सतहमा उठिरहन्छन्। यस्तै कतिपय टापु समुद्रको गर्भभित्र डुब्दै पनि छन्।

## फिक्का हुन थाले हास्य सिरियल



टेलिभिजन च्यानलहरूबाट प्रसारित हास्य टेलिश्रृंखलाहरू फिक्का हुन थालेको गुनासो बढेको छ । यथार्थबाट निकै टाढा पुगेर विषय उठाउन ती टेलिश्रृंखलाका निर्देशकले दर्शकको भावनाको कदर गर्न नसकेको गुनासो गर्छन् मिलन विद्या मन्दिरमा अध्ययनरत छात्र शिशिर ढकाल । सुरुमा मेरी बास्सैका सबै पात्रको अभिनय चाख मानेर हेर्ने शिशिर अचेल मेरी बास्सै हेर्ने मन नलाग्ने बताउँछन् । एउटै विषयमा पात्रहरू घुमिरहेको देख्दा वाक्क लागेको उनले बताए ।

शिशिर त प्रतिनिधि पात्र मात्र हुन् । नेपाली हास्य टेलिचलचित्र हेरेर हाँस्ने भन्दा दिक्क मानेर नाक खुम्च्याउने दर्शकको संख्या दिन-प्रतिदिन दिन बढ्दो छ । यथार्थबाट पर भाग्नुका साथै पात्रहरू सधैं नाटकीय परम्परामा रुमल्लिइरहने प्रवृत्ति टेलिचलचित्रमा देखिन थालेपछि यसका वास्तविक दर्शकसमेत वाक्क हुन पुगेका हुन् । एकताका दर्शकको मन जित्न सफल अर्को टेलिचलचित्र जीरे खुर्सानी पनि दर्शकको भावना अनुकूल हुन सकिरहेको छैन । त्यसमाथि अनावश्यक रूपमा राखिएका थेगोले पनि दर्शकलाई दिक्क बनाउने गरेको छ । 'हाम्रो समाजमा दर्शक हँसाउन सक्ने खालका थुप्रै विषय छन् तर नेपाली सिरियल भने टाइप्ड हुन थालेका छन् ।' अर्का दर्शक कृष्ण अधिकारी गुनासो गर्छन ।

सुरुमा समसामयिक विषयमा व्यङ्ग्य गर्ने चलन रहे पनि अचेल झिना-मसिना विषयमै रुमल्लिने प्रवृत्ति बढेपछि दर्शकहरू दिक्क हुन थालेका हुन् । समसामयिक विषयमा व्यङ्ग्य गर्नका लागि अध्ययन हुनुपर्ने भए पनि कतिपय सिरियल निर्माताहरू हल्काफुल्का विषयमा अल्झिने गरेका छन् । एकै खालका धेरै श्रृंखला र नयाँ विषयवस्तुको अभावले हास्यश्रृंखलाको आकर्षण घटाउन थालेको अनुभव दर्शकहरूको छ ।

## रेजिनाले पत्रकार काट्ने



नायिका रेजिना उप्रेतीले आफूविरुद्ध लेख्ने वा प्रदर्शन गर्ने पत्रकारलाई काटेर बदला लिने बताएकी छिन् । एक अनौपचारिक कार्यक्रममा झोक्किएकी रेजिनाले भनिन्- 'म र मेरो परिवारलाई असर पर्ने गरी लेख्ने वा टेलिभिजनमा देखाउनेलाई म काट्छु । उनले दोहोर्‍याइन् म खुकुरीले नै काट्छु, के ठान्नुभएको छ मलाई ?'

रेजिना यसरी झोक्किँदा छेउमा बसेका नायक विक्रान्त बस्नेतले रेजिनालाई थुमथुम्याए– 'ए लाटी, जिस्किरहेको ठाउँमा पनि सिरियस हुने ?' एक पत्रकारले रेजिनाको एउटा स्क्याण्डल प्रकाशमा ल्याउने भनेर जिस्क्याएपछि रेजिना सिरियस भएकी थिइन् ।

रेजिना आफूलाई बच्चै मान्थिन् । विवाहको प्रसंग आउँदा उनले आफू बच्चै रहेको बताउँदै आएकी थिइन् तर उनी अनावश्यक रूपमा टेन्सनमा आएर पत्रकार काट्ने भनेर बम्किएपछि उनलाई देख्नेहरूले विश्वास गरे– साँच्चै रेजिना बच्चै रैछिन् ।

## धुर्मुस र माग्ने बूढा बिदा हुने

टेलिभिजनका दुई चर्चित पात्र धुर्मुस र माग्ने बूढा बिदा हुने भएका छन् । यी दुई पात्र नेपाल टेलिभिजनबाट प्रसारित टेलिसिरियल मेरी बास्सैबाट



बिदा हुन लागेका हुन् । धुर्मुस र माग्ने बूढाको वास्तविक नाम क्रमशः सीताराम कट्टेल र केदार घिमिरे हो । सीताराम र केदार मेरी बास्सैका मुख्य सहायक निर्देशक, कलाकार तथा लेखक हुन् । मेरी बास्सै सीताराम र केदारका कारणले चलेको हल्ला चलेपछि निर्देशकसँग यी दुई कलाकारको मनमुटाव बढेको बताइन्छ । मेरी बास्सैका निर्देशक दमन रूपाखेतीसँग यस विषयमा प्रश्न राख्दा केही नबोल्ने बताए पनि उनले धेरै ठाउँमा धेरै जनाबीच यो कुरा स्वीकार गरिसकेका छन् ।

## निर्देशक र संगीतकारको कुटाकुट ?



निर्देशक शिव रेग्मी तथा संगीतकार लक्ष्मण शेषबीच कुटाकुट भएको खबरले चलचित्र क्षेत्र तातिएको छ । केही दिनअघि दरबारमार्गस्थित एक पाँचतारे होटलमा आयोजित रात्रि कार्यक्रममा शिव र लक्ष्मणबीच कुटाकुट भएको थियो । एउटै चलचित्र आफन्तबाट रजतपटमा प्रवेश गरेका शिव र लक्ष्मणले किन झगडा गरे ? लक्ष्मण भन्छन्- खासै झगडा भन्न मिल्दैन । ककटेल पार्टी भएका कारण अलि बढी नै पियौं होला अनि उकास्नेहरू पनि धेरै भए ।

लक्ष्मण भन्छन्- त्यति वरिष्ठ निर्देशकलाई म होसमा भएको भए कसरी कुट्थें होला ? यस विषयमा शिवसँग सम्पर्क गर्दा उनी केही बोल्न चाहेनन् । लक्ष्मणका साथ अर्का एक संगीतकार पनि भएका कारण शिवलाई बढी चोट लागेको थियो । चलचित्र राज्यको शुभमुहूर्त कार्यक्रमका बेला उक्त घटना घटेको हो । लक्ष्मणले कुटाकुटको कारणचाहिँ भन्न चाहेनन् ।

## निखिलमाथि चौतर्फी आक्रमण



अहिलेका सबैभन्दा व्यस्त अभिनेता निखिल उप्रेतीले चौतर्फी रूपमा आक्रमण सहनुपरेको छ । निखिलमाथि आक्रमणको सुरुवात चलचित्र प्रदर्शक तथा वितरक सुनील मानन्धर र निर्माता-निर्देशक कृष्ण चापागाईंले गरेका हुन् । चोभारको डाँडामा दाइको ससुरालीको सुटिङमा व्यस्त रहेका बेला सुनील र कृष्णले निखिल माथि आक्रमण गरेका थिए । कृष्ण चपागाईंले निर्देशन गर्ने भनिएको चलचित्र दिदी-भाइमा अनुबन्धित भएपछि पनि समय दिन नसकेको भन्दै कृष्ण र सुनील दलबलसहित एग्रिमेन्ट रकम फिर्ता माग्न चोभार पुगेका थिए । उक्त घटनापछि नायक निखिलले आफूमाथि गुण्डागर्दी भयो भन्दै महानगरीय प्रहरी परिषद् हनुमानढोकामा उजुरी पनि गरेका थिए ।

हनुमान ढोकामा निखिलले गरेको उजुरी तत्काल फिर्ता लिए पनि सुनील र कृष्णले उनीमाथि चलचित्र निर्माता संघमा मुद्दा दर्ता गराएका छन् । निर्माता संघका अनुसार कृष्ण चापागाईंले निर्देशन गर्ने भनिएको चलचित्र दिदी-भाइमा अभिनय गर्ने भनी निखिलले ६१ हजार रुपैयाँ लिएका थिए । अन्तिम समयमा आएर निखिलले दिदी-भाइमा खेल्दिन भनेर धोका दिए बापत एग्रिमेन्ट रकम सहित क्षतिपूर्ति दिनुपर्छ भन्ने निवेदन संघमा परेको छ ।

अहिले सुनील मानन्धर प्रदर्शक र वितरक बीच तथा कृष्ण चापागाईं निर्माताबीच निखिललाई चलचित्र क्षेत्रबाट पाखा लगाउने कार्यमा सक्रिय रहेको थाहा भएको छ । यही भाकाका चलचित्रकर्मीहरूलाई एसएमएस गरेर चापागाईंले निखिल विरोधीका रूपमा उभ्याइरहेका छन् ।

## सबैका पुलिसदाइ

उनी एक हास्य टेलिकार्यक्रम गीताञ्जलीको सुटिङमा थिए । केही मान्छे हास्याङ-फस्याङ गर्दै सुटिङमा आएर उनलाई अपराध बताउन थाले । उनी त्यतिबेला प्रहरीको पहिरनमा सुटिङ गर्दै थिए । उनी अर्थात् विनोद केसी । विनोद हाल चर्चामा रहेका धेरैजसो टेलिसिरियलमा देखिन्छन्- प्रहरीका रूपमा । उनी देखिने सिरियल हुन्- जिरे खुर्सानी, घरबेटी बा, परिचय, तीतो सत्य, मेरी बास्सै आदि । सुटिङमा त उनलाई सबैले पुलिसदाइ भन्छन् नै, हिजोआज बाटोघाटोमा पनि उनलाई पुलिस दाइ भनेर कराउनेहरू थुप्रै छन् । उनको कला यात्रा २०५९ सालदेखि टेलिसिरियल क्याटमाण्डुबाट सुरु भएको हो । क्याटमाण्डुदेखि हालसम्म उनी प्रहरीकै भूमिकामा देखिइरहेका छन् । खासगरी २०६०-०६१ मा प्रसारणमा आएको क्राइम स्टोरीपछि विनोदलाई दर्शकहरूले चिन्न थालेका हुन् । उनी प्रहरी भएका कारण धेरैले रात-बिरात फोन गरेर अपराध बताउन थाल्छन् । यति मात्र होइन, प्रहरी भनेर उनको घरमा बमसम्म पड्काए । यी सबै हर्कतलाई विनोद आफ्नो सफलता मान्छन् ।

STAR
होटलमै तालिम
Cook 5000/-
Waiter 2500/-
Job Guarentee
विदेशको लागि छुट्टै प्याकेज
Crystal Training Plus Job Link
Setopul, Maitidevi
Phone: 4417438
Mobile: 9841611373

S.L.C./+2
एक बर्षमै !
कक्षा ७,८,९,१०,११,१२ फेल वा पास भएर थप अध्ययन गर्न नसकेका र पुन अध्ययन गर्न चाहनेहरुको लागि
Math, Science र Sent Up नदिई S.L.C. र एकै वर्षमा +2 पास गर्नको लागि पाँच विषय मात्र पढे हुने
NIOS Delhi Board मा भर्ना ।
Private SLC
कक्षा ८,९,१० SLC फेल वा पास भएकाहरुका लागि नेपाल सरकारद्वारा लिइने एक वर्षे Private SLC मा भर्ना खुल्यो ।
KANTIPUR INT'L OPEN EDUCATION
New Baneshwor, Ktm
2044082
Gongabu-016220399

के तपाई नियमित SLC पढ्नबाट वञ्चित हुनुहुन्छ ?
वा पढाइ छोडेर चिन्तित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने अब तपाईको पढ्ने रहरलाई पूरा गर्ने एकमात्र उपाय .....
----PRIVATE----
Test/SLC 2064 को लागि भर्ना खुल्यो
TIME INSTITUTE
Bagbazar, Kathmandu
Call us 4239156, 4240082

प्राईभेट TEST/SLC मा
अन्तिम भर्ना
कक्षा ८/ ९/१० पास/फेल भई वा विविध समस्याले पढ्नबाट वञ्चित विद्यार्थीहरुलाई ध्यानमा राखी विशेष कक्षाहरु संचालन भईरहेको छ ।
कक्षा समय :- बिहान, दिउँसो र बेलुकी
कक्षा माध्यम :- नेपाली, अंग्रेजी दुवै
Computer Basic course, Tally\Fact Rs.999/- मात्र
छोटो समयमा नै अंग्रेजी भाषा बोल्न र लेख्न
जेम्स इन्टरनेशनल इन्स्टिच्यूट
नयाँ बानेश्वर, कान्तिपुर अस्पताल सँगै
फोन नं. ०१६२२३२५१

# दीप श्रेष्ठलाई लाइफ टाइम अचिभमेन्ट एवार्ड



**साप्ताहिक समाचार**

काठमाडौं– दर्जनौं कर्णप्रिय गीतका गायक दीप श्रेष्ठलाई लाइफ टाइम अचिभमेन्ट एवार्ड प्रदान गर्दै गत शनिबार नवौं टुबोर्ग इमेज एवार्ड सम्पन्न भएको छ। आकर्षक स्टेजमा इमेज टेलिभिजन तथा एफएमका प्रस्तोताहरूले क्रमैसँग सञ्चालन गरेको उक्त एवार्ड वितरण समारोहमा अन्य दुई दर्जन स्रष्टाले विभिन्न शीर्षकका एवार्ड हात पारेका थिए। दीप श्रेष्ठको तीन दशक लामो सांगीतिक यात्रालाई सम्मान गर्न उनलाई लाइफ टाइम अचिभमेन्ट एवार्ड हस्तान्तरण गर्दा दर्शकहरू आ-आफ्नो सिटबाट उठेका थिए।

प्रत्येक वर्ष प्रदान गरिँदै आएको इमेज एवार्ड यसपटक २५ वटा विधामा केन्द्रित थियो। हरेक विधामा ५ वटा गीत मनोनयन गरिएका थिए। मनोनयनमा परेका गीतलाई निर्णायकको मत एवं पत्रपत्रिका, एसएमएस र अनलाइनबाट प्राप्त मतका आधारमा सर्वोत्कृष्ट छनौट गरिएको थियो।



समारोहमा वर्षको सर्वोत्कृष्ट गीतिसंग्रहमा गायक हेमन्त शर्माको 'आत्मीय' संग्रहले एवार्ड हासिल गरेको थियो। त्यस्तै सर्वोत्कृष्ट गायन पुरुषमा दिलको कुरा नगर...बाट रामकृष्ण ढकालले एवार्ड हात पारे भने सोही गीतमा प्रकाश तुलाधरले सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादनको पुरस्कार जिते। सर्वोत्कृष्ट गायन महिलामा कहीं कतै.... बाट प्रतिमा राजभण्डारीले एवार्ड हासिल गरिन्। वर्षको सर्वोत्कृष्ट गीतको एवार्ड शिरै फूल शिरबन्दी...... बाट राजेश पायल राईको पोल्टामा पऱ्यो। गायक राई हङकङमा भएकाले उनी एवार्ड समारोह उपस्थित थिएनन्।

त्यसैगरी सर्वोत्कृष्ट गीत रचना दिनेश अधिकारी (बोझ नहोस्...), संगीत राजु सिंह (माया माया..), संगीत संयोजन राजन इशान (कहिले आगो कहिले पानी..) र गीत मुद्रण दीपेश प्रधान (माया गर्नेको....) घोषित भए।

समारोहमा आँखाभरि आँसु किन... गीतबाट सर्वोत्कृष्ट नवकलाकारको एवार्ड जविकले र सर्वोत्कृष्ट म्युजिक भिडियो एवार्ड आलोक नेम्वाङले पाएका थिए। त्यस्तै भूषण दाहाललाई माया गर्नेको.. गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशकको एवार्ड प्रदान गरिएको थियो।

राष्ट्रिय भावनाले अभिप्रेरित गीतमा जाग नेपाली... बाट रानुदेवी अधिकारी र सुमित खड्काले पुरस्कार हासिल गरे भने सर्वोत्कृष्ट पुरुष पप गायनमा आऊ न सँगै नाचौं न.. बाट निमा रुम्बाले, महिला पपगायनमा आउँदैछु म.. बाट पूजा राइले, रक गायनमा साथी... बाट माउन्ट ८८४८ले, समूह गायनमा पर्खाइमा भिज्यो..बाट मंगोलियन हर्टले एवार्ड पाए।

सर्वोत्कृष्ट लोकगीतमा बद्री पंगेनी (लाऊ चेली सिन्दूर लाऊ..), दोहोरी गीतमा विष्णु खत्री, बिमाकुमारी दुरा (भरिया दाइ...), सर्वोत्कृष्ट चलचित्र गीत महेश खड्का (मै मोरीलाई लिन..) ले एवार्ड हासिल गरे।



समारोहमा सर्वोत्कृष्ट म्युजिक भिडियो स्पेसल इफेक्टमा नौलो...बाट भरत रेग्मीले एवार्ड पाए भने सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकारमा आऊ न सँगै...बाट सागर प्रधान पुरस्कृत भए। सर्वोत्कृष्ट गीत नेपालभाषामा सतिश महर्जन (पलख न्हयने), तामाङ भाषामा शशिकला मोक्तान (ढुकढुकी लासी) तथा मैथिली भाषामा विष्णु मण्डल र सञ्चिता सिंह (आगुपाछु) ले पुरस्कार जितेका थिए। समारोहमा गायक गायिकाहरू निमा रुम्बा, रामकृष्ण ढकाल, जबिक, नलिना चित्रकार, प्राश्ना शाक्य, पूजा राई तथा सांगीतिक समूहहरू कर्मा ब्यान्ड र माउन्ट ८८४८, द युनिटीले गीतसंगीत प्रस्तुत गरेका थिए। प्रस्तुतिलाई आकर्षक बनाउन कामना कला केन्द्रका कलाकारहरूले गायनसँगै नृत्य पनि प्रस्तुत गरे। बेलुकी ४ बजे प्रारम्भ भएको एवार्ड वितरण समारोह साँझ ७ बजेसम्म चलेको थियो।

## साकेलामा प्रतिस्पर्धा



धरान- खासमा परम्परागत संस्कृतिहरूबीच एक-आपसमा प्रतिस्पर्धा हुँदैन भनिन्छ। भएका प्रतियोगिताहरूको विरोध पनि नभएका होइनन्, तर राईहरूको परम्परागत नृत्य साकेला सिली संरक्षणकै निम्ति भनेर किराँत राई यायोख्खा सुनसरीले बर्सेनि धरानमा साकेला सिली प्रतियोगिता आयोजना गर्दै आएको छ। विरोधका बाबजुद यसपालि पनि प्रतियोगिता सम्पन्न भएको छ।

वैशाख पूर्णिमादेखि पन्ध्र दिनसम्म किराँत बस्तीमा धूमधामसँग नाचिने साकेलाको अन्तिम दिन सप्तरङ्गी पार्कमा सुनसरीका १८ वटा समूहले आ-आफ्ना परम्परागत नृत्यकला प्रदर्शन गरेका थिए। तीव्र गतिमा नाचिने चाम्लिङ शैलीका साकेला सिलीहरू नै प्रतियोगितामा सर्वोत्कृष्ट ठहरिए। ढिलो गतिमा नाचिने हतुवाली शैलीको साकेला सिली प्रस्तुत गरेको बराहक्षेत्र तथा हाँसपोसा हजारौं दर्शकको मन जित्न सफल भए पनि निर्णायकको नजरमा पर्न सकेनन्। यी दुईबाहेक धरान, महेन्द्रनगर, पाँचकन्या, इटहरी आदिका सबै सहभागीले तीव्र गतिको साकेला सिली प्रदर्शन गरेका थिए।

**-राजु घिसिङ**

## दोहोरीमा झुम्यो पोखरा



पोखरा– पप रकमा मात्रै कति झुम्ने ? आफ्नै भाका र आफ्नै पाखामा झुम्नुको मज्जा नै बेग्लै हुन्छ। दोहोरीका हस्ती पुरुषोत्तम न्यौपानेले 'पुतली नघुम न भुइँभुइँ बस फुलेको डालीमा' गीत स्टेजमा के गाएका थिए, दीपेन्द्र सभागृहको प्रेक्षालय एकसाथ तात्तिएर आयो। अनाथ बालबालिकाको सहयोगार्थ जागृति नेपालले जागृति लोकदोहोरी कार्यक्रममार्फत राष्ट्रिय स्तरका लोकदोहोरी गायक गायिकाहरूलाई एकै थलोमा जमघट गराइएको थियो।

दोहोरी गायक बद्री पंगेनी गीतमार्फत नेताहरूलाई खबरदारी गर्दै थिए। सहिदले बगाएको रगतको मूल्य खोज्न नेताहरूलाई उनले गीतमार्फत सुझावसमेत दिए। उनको अहिलेको चल्तीको गीत 'निरङ्कुश ढल्या छैन है' मा यो वास्तविकता झल्कथ्यो। उनले एकल महिलाहरूप्रति समर्पित गर्दै 'लाऊ चेली सिन्दूर' गाएर महिलाहरूलाई सहासी बन्न पनि आग्रह गरे।

उता तारापति सुवेदी र माया गुरुङको दोहोरीको घम्साघम्सी पनि उत्तिकै रोचक थियो। दर्शकले उनीहरूको छेडछाडपूर्ण दोहोरी भाकाको निकै प्रशंसा गरेका थिए। धन पुन र जीवन दाहालको जोडीले 'तस्बिरै झलल' गीत गाएर दर्शकको मन राखे।

पार्वती जिसी, शर्मिला गुरुङले पनि दर्शकको चित्त बुझाए। कार्यक्रममा चोलेन्द्र पौडेल, सरला पाण्डे, रत्नमाया खड्काले पनि गीत गाए भने पुरुषोत्तम न्यौपाने र शर्मिला गुरुङ तथा प्रजापति पराजुली र सरला पाण्डेको रोचक दोहोरीले पेट मिचीमिची हँसायो। कार्यक्रममा विविध नृत्य तथा हास्य प्रहसन पनि प्रस्तुत गरिएको थियो।

## लभ्लीपोखरा वृत्तचित्रमा




पोखरा- पोखराको समग्र पहिचानका लागि श्यामशुक्ला फिल्म प्रोडक्सनले लभ्लीपोखरा नामक वृत्तचित्रको निर्माण थालेको छ। पोखरालाई अन्तर्राष्ट्रिय क्षेत्रमा बढीभन्दा बढी प्रसिद्ध बनाउने प्रयत्नअनुरूप यहाँको सौन्दर्यमा केन्द्रित रहेर वृत्तचित्र निर्माण गर्न लागिएको हो। पोखराको जैविक विविधता, साहसिक तथा खेल पर्यटनका आकर्षणहरू, जाति-जनजातिका सांस्कृतिक विविधताहरू वृत्तचित्रमा समेटिने भएको छ। त्यसका अतिरिक्त घाटु, सोरठी, दोहोरी, आर्चरी र भजन चुड्का, रत्यौलीसहित प्राकृतिक सम्पदालाई फोर फिप्टीको क्यामेराले छायाङकन गरिनेछ। यो क्यामेरा नेपालमा उपलब्ध पछिल्लो अत्याधुनिक प्रविधिले युक्त हो।

श्यामशुक्ला फिल्म प्रोडक्सनका निर्देशक घनश्याम लामिछानेले निर्देशन गर्ने वृत्तचित्रको छायांकन डिक खड्काले गर्नेछन्। केशवहादुर गुरुङ, घनश्याम लामिछाने र विष्णु गौतमको संयुक्त लगानीमा बन्न लागेको वृत्तचित्रको लेखन केशवशरण लामिछानेको रहनेछ।

वृत्तचित्र वर्ष दिनभित्रमा निर्माण सम्पन्न गरी प्रदर्शित हुनेछ। ५ लाखभन्दा बढी खर्चमा निर्माण हुन लागेको वृत्तचित्र लभ्लीपोखरालाई अन्तर्राष्ट्रिय महोत्सवहरूमा पनि सहभागी गराउने लक्ष्य छ, -निर्माता केशबहादुर गुरुङले बताए।

## धरानमा अमेरिकी चलचित्र


**साप्ताहिक समाचार**

धरान- एनीमेसन गरिएका तथा काल्पनिक संसारमा रमेका दृश्यको बाहुल्य हिजोआजका हलिउडका चलचित्रमा हेर्न पाइन्छ। हुन पनि हलिउडका यस्तै चलचित्रले करोडौंको मन जित्दै ठूलो व्यापार गरिरहेका छन्। यस्ता चलचित्र हेर्दा वा त्यसप्रति तन्नेरी पुस्ताको बढ्दो अमेरिकी आकर्षणबाट लाग्छ, संयुक्त राज्य अमेरिका स्वर्गको देश हो। प्रत्येक विद्यार्थीको मनको ढुकढुकी अमेरिका बनेको छ।

वास्तविक अमेरिका कस्तो छ ? भन्ने कुरा विश्व राजनीतिमा सर्वाधिक शक्तिशाली राष्ट्रमा पदार्पण नगरी थाहा हुँदैन, तर यथार्थमा अमेरिकामा पनि दुःखकष्ट झेल्नुपर्छ। सवा दुई सय वर्षअघि बनेको राज्यको समाज बुझेर मात्र त्यहाँ प्रवेश गर्दा सहज हुने बताइन्छ। त्यसैले धराने विद्यार्थीहरूलाई वास्तविक अमेरिका चिनाउन धरान जेसिस तथा हिमाल एसोसिएसनले हलिउडका चलचित्रहरूको प्रदर्शनी आयोजना गरेको थियो।

तीनदिने प्रदर्शनीमा ३ हजारभन्दा बढी विद्यार्थीले सैनिक भवनको हलमा अमेरिकी समाजको वास्तविकता चिनाउने खालका चारवटा चलचित्र हेर्ने अवसर पाए। अमेरिकी समाजमा रहेको व्यक्तिगत मूल्य र मान्यता तथा समाजमा बलिया र निर्धनबीचको अन्तरसम्बन्ध देखाउने एनिमेसन चलचित्र 'एन्ट्स'ले विद्यार्थीहरूको मन जितेको थियो। उक्त अवसरमा टु किल अ मकिङबर्ड, मेन अफ अनर र अ लिग अफ देयर ओन पनि प्रदर्शन गरिएका थिए।

## पोखरामा सडक खाना महोत्सवको रन्को



पोखरा- साँझ परेपछि होटल तथा रेस्टुराँका टेबल कुर्सीहरू धमाधम सडकमा उतारिन्छ। यसरी उतार्दा-नउतार्दै जनमानसको भीड बढ्न थाल्छ। चहलपहल कम हुने ड्यामसाइड सडकको एक किलोमिटर क्षेत्रमा साँझ परेपछि सुरु हुन्छ- सडक परिकार महोत्सव। प्रत्येक साताको शुक्रबार महोत्सवले सडक जाम हुन्छ। महोत्सवस्थल सिंगारिएको देख्दा जसको पनि मन चंगा हुन्छ। व्यवसायीहरू असिनपसिन हुँदै सेवा प्रदान गर्न व्यस्त हुन्छन्। ड्यामसाइड पर्यटन प्रवर्द्धन समितिले वैशाख १४ देखि यो महोत्सव आरम्भ गरेको हो।

वार्षिक रूपमा मुस्किलले हुने पोखरा सडक महोत्सव अहिले प्रत्येक साता आयोजना हुँदा मनोरञ्जनपारखीहरू मख्ख छन्। दिनमा टन्टलापुर घामका कारण घरबाट निस्कन सकिँदैन, तर रात परेपछि शीतलताको अनुभव बटुल्दै महोत्सवमा रम्न पाउँदा बेग्लै आनन्द हुँदो रहेछ, युवा उद्यमी किरण केसी भन्दै थिए।

फेवातालको चिसो सिरेटोमा सडकमै बसेर मन पर्ने परिकारको स्वाद चाख्न पाउँदा बेग्लै आनन्द हुन्छ। नेपालीदेखि विदेशी परिकारका स्वाद खुला आकाशमुनि बसेर खाने स्वदेशी तथा विदेशीहरू फुरुङ्ग हुन्छन्।

रमाइलोका लागि विविध मनोरञ्जनात्क कार्यक्रमहरू पनि उत्तिकै समावेश हुने गरेका छन्। जिब्रो पड्काउँदै परिकारको स्वाद फेर्नु त छँदैछ, विविध सांस्कृतिक कार्यक्रमको रौनक पनि अलग छ। यो उत्सवमा तन्नेरीदेखि पाकासम्मको जमघट हुने गरेको छ। सुस्ताएको पोखरेली पर्यटन सुधारतर्फ उन्मुख भैरहेको बेला यो महोत्सवले पनि स्वदेशी तथा विदेशीहरूलाई आकर्षित गरिरहेको छ। युगल जोडीहरूलाई त यो उत्सव रमाइलो गर्ने एउटा बहाना पनि बनेको छ।

दिनभरिको थकानलाई बिसाउन मनोरञ्जनपारखी यहाँ आइपुग्छन्। राति अबेरसम्म आफूलाई त्यो रंगीन संसारमा भुलाउँछन्। यो उत्सवले यहाँको रात्रिजीवनमा रौनक थपेको छ। यही उत्सवले होटल-रेस्टुराँको कारोबारमा पनि तीव्रता आएको छ। खास गरी भिजिट पोखरा-२००७ लाई ध्यानमा राखी तथा पिछडिएको ड्यामसाइड क्षेत्रलाई माथि उकास्न यो महोत्सव आयोजित गरिएको हो। आयोजक समितिका बालकृष्ण श्रेष्ठले भने- 'यो उत्सवलाई दीर्घकालीन बनाउने सोचाइ छ।'

## लिटिल प्रिन्स तथा फेरी



तस्बिर : लभ्लीपोखरा डटकम

पोखरा- सौन्दर्य प्रतियोगितामा स-साना बालबालिकाको रुचि बढ्दै गएको छ। त्यसैले स-साना बालबालिकाहरूलाई केन्द्रित गरी बालसौन्दर्य प्रतियोगिताहरू पनि धमाधम हुन थालेका छन्। सौन्दर्य प्रतियोगिताले केवल अनुहारको सुन्दरता मात्रै मापन गर्ने होइन, यसबाट लुकेको प्रतिभा पनि बाहिर ल्याउन सकिन्छ। बालबालिकाहरूको यस्तै प्रतिभालाई बाहिर ल्याउन आईईसी फेसन सेन्टर पोखरा एवं लुक्स फेसन होम्सले लिटिल प्रिन्स तथा लिटिल फेरि नामक बालसौन्दर्य प्रतियोगिता गर्दैछ।

प्रतियोगितामा भाग लिने अधिकांश बालबालिका कोही मोडल, कोही डिजाइनर त कोही ब्युटिसियन बन्ने उद्देश्य राख्नेहरू छन्। स्थानीय अभिभावकहरू पनि आफ्ना बालबालिकालाई यस्ता प्रतियोगिताहरूमा सहभागी गराउन उत्साहित हुने गरेका छन्। जसको उदाहरण यही प्रतियोगितामा सहभागि हुन आउने बालबालिकाहरू नै बनेका छन्। ६ देखि १३ वर्षसम्मका बालबालिका सहभागी हुने यो प्रतियोगिता जेठ २५ गते दीपेन्द्र सभागृहमा सम्पन्न हुनेछ, जसमा प्रतियोगितामा २५ जना बालबालिकाले प्रतिस्पर्धा गर्नेछन्।

**शिव शर्मा**

## लभगुरु रेखा

**प्रश्न : म २७ वर्षीय युवक हुँ। हाल म रोजगारीको सिलसिलामा मलेसियामा छु। ५ वर्षअघि नै मैले आफ्नो जिल्लामा त्यहींकी एक युवतीसँग प्रेम विवाह गरेको थिएँ। मलेसिया आउनुअघि नै मैले उनलाई काठमाडौं ल्याएर राखें। यसबीच म एकपटक नेपाल पनि गएँ तर मलाई कुनै शंका भएन। मेरी श्रीमती मसँग प्रेमपूर्वक नै प्रस्तुत भइन्। मैले उनलाई नियमित पैसा पठाएको छु र काठमाडौंमा सिलाइ–बुनाइ आदि सिक्न लगाएको छु। उनी आफ्नो शिक्षा पनि पूरा गर्दै छिन्। यसबीच उनको परपुरुषसँग उठबस भएको कुरा विश्वस्त सूत्रबाट थाहा पाए। अब म उनलाई छोड्न चाहन्छु। यसका लागि मैले के गर्नुपर्ला ?**

**केबी**

**उत्तर** : तपाईंको विश्वस्त सूत्र को हो ? उससँग त्यस्तो प्रमाण के छ र अर्को कुरा उसको कुरा सुन्नेबित्तिकै तपाई आफूले प्रेम गरेर विवाह गरेकी श्रीमतीलाई छोड्ने निर्णयमा कसरी पुग्नभयो ? उनीसँग एक वचन सत्य-तथ्य बुझ्ने प्रयास नगरी हतारमा निर्णय लिंदा तपाईंले भविष्यमा पछुताउनु पर्ने हुन्छ। उनलाई छोडेर दोस्रो विवाह गर्दैमा तपाईंले सुख पाउनुहुन्छ भन्ने निश्चितता पनि हुँदैन। एक्लै बसेकी महिलाको चरित्रमाथि हाम्रो समाजमा यसरी नै औंला उठाउने, लाञ्छना लगाउने गलत प्रवृत्ति यद्यपि कायमै छ। सत्य-तथ्य नबुझी कसैसँग रेस्टुराँमा चिया खान गएकै भरमा लान्छना लगाइनु हुँदैन तसर्थ पहिले सत्य-तथ्य बुझ्नुहोला। गलत कुराका पछाडि नलाग्नुहोस्। आफ्नै श्रीमतीप्रति विस्वासिलो बन्दै उनको कुरा सुन्नुहोस्। पुरुषसँग हिंड्दैमा गलत हुन्छ भन्ने संकुचित मानसिकता त्याग्नुहोस। यदि तपाईंकी श्रीमतीले तपाईंलाई माया गर्छिन् भने उनले आफ्नो सत्यता सावित गरेरै छाड्नेछिन्। उनी तपाईकै प्रतीक्षामा छिन्। व्यर्थका हल्ला सुनेर आफ्नै जीवनमा डढेलो नलगाउनुहोस्।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



## फिल्मी खबर

**रमणीय** नगर पोखरामा हाल दुईवटा चलचित्रको छायाङ्कन भैरहेको छ। काठमाडौंमा छायाङ्कन सकिएको चलचित्र 'डर' र पोखराबाटै छायाङ्कन थालिएको चलचित्र 'त्रिशूल' को छायाङ्कन एकै पटक भैरहेकाले अहिले पोखरा चलचित्रमय भएको छ। चलचित्र 'डर' बालाजी गुरुङको निर्माणमा प्रदीप श्रेष्ठले निर्देशन गरिरहेको चलचित्र हो, जसमा विराज भट्ट र निरुता सिंह मुख्य भूमिकामा छन्। त्यसैगरी चलचित्र 'त्रिशूल' का निर्देशक दीपक श्रेष्ठ तथा निर्माता वीरेन्द्रनारायण श्रेष्ठ र वसन्तकुमार श्रेष्ठ हुन्। त्रिशूलमा राजेश हमाल, निखिल उप्रेती, तृप्ति, नवीन श्रेष्ठ, नन्दिता केसी तथा यमुना उप्रेतीले अभिनय गरिरहेका छन्।

**तामाङ** भाषामा निर्माण भएको चलचित्र 'सेम्लादुङ्गाल' को छायाङ्कन सकिएको छ। विनायक लोप्चनको निर्देशन रहेको उक्त चलचित्रमा प्रविन्स मोक्तान, छिरिङ लामा, अनिश लामा, सुकु मोक्तान, शान्ता लामा, कमल लामा आदि कलाकारले अभिनय गरेका छन्। एक्सन दृश्यहरू समेटिएको यो चलचित्र यही जेठ महिनाभित्रै प्रदर्शनमा ल्याइनेछ।

**इन्डिजिनियस** फिल्म अर्काइभले आगामी असार ८, ९ र १० गते काठमाडौंमा 'नेपाल इन्टरनेशनल इन्डिजिनियस फिल्म फेस्टिभल' (निम्फ) को आयोजना गर्ने भएको छ। महोत्सवमा आदिवासी जनजातिका भाषामा बनेका चलचित्रमध्ये नेपालबाट १५ तथा अन्य राष्ट्रका पाँचवटा चलचित्र समावेश गरिनेछ। आदिवासीका मुद्दाहरू उठान गर्ने चलचित्रलाई प्राथमिकतामा राखिने उक्त महोत्सवलाई आगामी वर्ष पनि निरन्तरता दिने लक्ष्य लिइएको छ। महोत्सव नेपाल आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको सहयोगमा गर्न लागिएको हो। अप्रतियोगितात्मक हुने उक्त महोत्सवमा दर्शक छनौट पुरस्कार भने प्रदान गरिने फिल्म अर्काइभका अध्यक्ष नवीन सुब्बाले बताएका छन्।




तस्बिर : साइबर संसार डटकम

## सानो पर्दा



कान्तिपुर टेलिभिजनमा प्रसारण हुँदै आएको लोकगीतसम्बन्धी कार्यक्रम 'उकाली ओराली-भन्ज्याङ चौतारी' लाई तीन महिनायता सञ्जीव पुडासैनीले सञ्चालन गर्दै आएका छन्। सुरुमा बुद्धिसागर बस्याल र कोमल ओलीले सञ्चालन गरेको उक्त कार्यक्रमलाई पुडासैनीले नौलो स्वरूपमा प्रस्तुत गरेको बताएका छन्। कार्यक्रममा हजुरबा-नाति, प्रश्नोत्तर, लोकस्रष्टाहरूसँगको कुराकानीजस्ता सेगमेन्ट थपिएका छन्। हजुरबा-नातिमा लोकसंगीतमा भएका विकृतिहरूलाई व्यंग्यात्मक रूपमा प्रस्तुत गरिन्छ भने प्रश्नोत्तरअन्तर्गत लोकसंगीतका पारखीहरूलाई कार्यक्रममा सहभागी गराउने उद्देश्यले पुरस्कारको समेत व्यवस्था गरिएको छ। लोकप्रियता हासिल गर्दै गएको उकाली ओराली भन्ज्याङ चौतारी हरेक बिहीबार साँझ ६:३० मा प्रसारण हुन्छ।

**व्यावसायिक गायक बन्छु भनेर सोच्नुभएको थियो ?**

दोस्रो एल्बम सतह-१ को तयारी गर्दा सोचेको थिएँ । यो एल्बम चलेन भने त्यसपछि कहिल्यै गीत नगाउने निर्णय गरेको थिएँ। यही एल्बमले मलाई व्यावसायिकताको बाटोमा डोर्‍यायो।

**स्कुले जीवनमा गीतप्रति सौख थिएन ?**

गीत गुनगुनाइरहन्थें तर संगीतकर्मीहरूको संगत नभएकाले स्कुले जीवनमा गीतमा रुचि थिएन, बरु भलिबल खेलिन्थ्यो । क्लासबाट भागेर सर्दुखोलामा पौडी खेल्थ्यौं । चरा मार्न जान्थ्यौं, डाइस खेल्थ्यौं । म एकदमै चलाख थिएँ । मेरो पढाइ बिग्रनुको कारण पनि त्यही हो ।

**किशोरावस्था पार गरेपछि मात्रै संगीतको नशा लाग्यो नि ?**

स्कुल छाडेपछि भने गितार बजाइरहने टोलकै भाइ राजु श्रेष्ठसँग संगत भयो । अनि मलाई संगीत मोहले तान्न थाल्यो । २०५० सालतिर वसन्त देवानसँगको संगतले मलाई गायक बनायो । हामी रातभरि निद्रामा झुल्दै गितार बजाएर अभ्यास गर्थ्यौं ।

**तेस्रो एल्बम निस्किएको डेढ वर्ष बित्न लग्यो । चौथो एल्बम श्रोताले कहिले सुन्न पाउलान् ?**

गीतमा मेरो चित्त बुझेपछि श्रोताहरूले नयाँ एल्बम सुन्न पाउनेछन् । सतह-१ को ह्याङओभर नछुटेको तथा कम्पनीको प्रेसरमा सतह-२ हतारमा बजारमा ल्याइएको हो । त्यसैले तेस्रो एल्बमले सतह-१ ले जति चर्चा पाउन सकेन । अहिले धेरै गीत फिल्टर गर्दैछु। चाँडै भए यही वर्षभित्रै श्रोताहरूले नयाँ एल्बम सुन्न पाउनेछन् । ढिलो भए अर्को वर्ष निकाल्नेछु ।

**यति चाँडै तपाईंको रिमिक्स पनि बजारमा आएको छ नि ?**

मेरो गीत रिमिक्स गर्ने बेला भएको छैन । रिमिक्स गर्ने गीत कम्तीमा दस वर्ष पुरानो हुनुपर्छ । ताल म्युजिकले हतारमा रिमिक्स गरेछ । त्यति बेला म अस्ट्रेलियामा थिएँ । साथीले बधाइ छ रिमिक्स एल्बमका लागि भनेर खबर गर्दा पो थाहा पाएँ । पहिले मसँग सोध्दा रिमिक्स गर्न हुँदैन भनेको थिएँ । मैले त्यो रिमिक्स सुनेको पनि छैन ।

**पहिले र अहिलेको सविनमा के फरक छ ?**

पहिले थोरै साथीभाइ र नातेदारले चिन्थे । अहिले धेरैले चिन्छन् । अहिले सार्वजनिक व्यक्ति भएको छु ।

-राजु घिसिङ



चार वर्षअघि आफ्नो दोस्रो एकल एल्बम "सतह-१" सार्वजनिक गरेपछि सविन राई युवापुस्तामा लोकप्रिय बने। सविन नेपाली संगीतमा बेग्लै स्वरका निम्ति परिचित छन्। छोटो अवधिमै चारवटा एवार्ड जितेका सविन कन्सर्टमा दर्शक उफार्न पनि माहिर छन्।

# मेरो गीत रिमिक्स गरेको मलाई नै थाहा थिएन

## केवल एक प्रश्न



म त बाँदर नै भएर जन्मिन्थें । कतिपय नेपालीको स्वभाव बाँदरकै जस्तो भएकाले अर्को जन्ममा बाँदर नै भएर जन्मने इच्छा छ ।

**दीपकराज गिरी, हास्यकलाकार**

कस्तो वाहियात प्रश्न किन ? ... भन्नैपर्छ ? तीनवटैमा जुन बुद्धिमान हुन्छ त्यही, एकछिन् है, हाम्रा पुर्खा बाँदर नै हुन् क्यारे, तीनवटामा बाँदर नै बुद्धिमान हुन्छ... अझै उत्तर भन्नुपर्छ ?

**नलिना चित्रकार, गायिका**

अँ..... अब ...बाँदर राम्रो होला, किनभने बाँदरले स्वतन्त्र भएर जिउन पाउँछ। कुकुरले अर्काको अधीनमा रहेर दास बन्नुपर्छ भने गधाले जिन्दगीभर भारी बोक्नुपर्छ, त्यसैले बाँदर नै ठीक होला ।

**विराज भट्ट, नायक**



कुकुर ...., किनभने कुकुर मानिसको वरिपरि हुन्छ । मानिस नै भएर जन्मने इच्छा थियो, तपाईंले त्यो अप्सन किन नराखेको ? मलाई बाँदर र गधा दुवै मन पर्दैनन्, त्यसैले कुकुर ।

**रमणी जोशी, मोडल**

म त कुकुर भएर जन्मन्छु । कुकुरलाई माया गर्ने धेरै मानिस देखेकाले पनि कुकुर नै ठीक होला, तर मैले अहिले भुस्याहा कुकुरलाई सम्झिएको छैन नि । अर्को कुरा, कुकुरले मानिसको भाषा बुझ्छ, अनुशासित हुन्छ...।

**रञ्जना शर्मा, नायिका**

# अर्को जन्ममा कुकुर, गधा र बाँदर कुनैमध्ये एक भएर जन्मने मौका पाउनुभयो भने के रोज्नुहुन्छ ? किन ?



# थोरै साधना धेरै अपेक्षा

कुनै पनि चलचित्रलाई स्तरीय बनाउन त्यसमा संलग्न निर्माता, निर्देशक, कलाकारदेखि प्राविधिक सबैले उत्तिकै परिश्रम गर्नुपर्छ । यीमध्ये एउटा पक्ष मात्र कमजोर हुन पुगे त्यसको मार सम्पूर्ण चलचित्रले खेप्नुपर्छ, तर नेपाली चलाचित्रकर्मीहरू थोरै परिश्रम गर्छन्, थोरै लगानीमा चलचित्र निर्माण गर्न खोज्छन्, अपेक्षा भने धेरै गर्छन् ।

नेपाली चलचित्र उद्योगमा क्षमतावान् कलाकारको अभाव छैन । कलाकारहरूको अभिनय क्षमतामा खोट लगाउने ठाउँ भेट्टिंदैन । बलिउड निर्देशक महेश भट्ट, देवआनन्द तथा रजत मुखर्जीले समेत नेपाल भ्रमणका बेला नेपाली कलाकारहरूको अभिनय क्षमताको प्रशंसा गरेका छन् । कलाकार राम्रा भएर पनि नेपाली चलचित्रको स्तर माथि उठ्न सकेको छैन । यो सधैं बहसको विषय बन्ने गरेको छ । यसका अनेक कारण हुन सक्छन् ।

सीमित बजार, थोरै लगानी, परम्परागत प्रविधिको प्रयोग आदि त्यसका केही कारण हुन सक्छन् तर यी कारणले मात्र स्तरीय चलचित्र बन्न नसकेका हुन् भन्न सकिंदैन । त्यसको मुख्य कारण हो, चलचित्र निर्देशकहरूले कलाकारहरूको क्षमताको पूर्ण सदुपयोग गर्न सकिरहेका छैनन् । नेपाली चलचित्र उद्योगमा दक्ष निर्देशकहरू नभएका होइनन् तर उनीहरूको ठाउँमा चलचित्र निर्देशनसम्बनधी सामान्य ज्ञानसमेत नभएका तर लगानीको भरमा निर्देशक बन्ने निर्देशकहरूका कारण नेपाली चलचित्रको स्तरमा सुधार आउन सकिरहेको छैन ।

नेपाली चलचित्र उद्योगमा एक्सन र कट समेत नजान्ने निर्देशकहरू पनि निर्देशन गरिरहेका छन् । 'एक्सन र कटसमेत भन्न नजान्ने निर्देशकसँग काम गर्नुपर्छ । उसबाट ठूलो अपेक्षा राखेर हुन्छ ?- नायिका बिपना थापा भन्छिन् ।

विगत एक दशकको अभिनय यात्राका क्रममा आफूले थुप्रै खालका निर्देशकको सामना गरेको नायिका थापा बताउँछिन् । चलचित्रसम्बन्धी सामान्य कखरासमेत थाहा नभएका निर्देशकसँग काम गर्नुपर्दा निकै असजिलो महसुस हुने अनुभव थापाको छ । लगानी गर्ने पैसा छ भने यहाँ निर्देशक हुन कुनै योग्यता, दक्षताको आवश्यकता छैन ।



बलिउड चलचित्रसँग मिल्दोजुल्दो कथामा नेपाली चलचित्र बनाउने परिपाटी लामो समयदेखि चल्दै आएको छ । यो क्रम अहिले पनि हट्न सकेको छैन । यही सूत्रमा चलचित्र निर्माण हुँदैछन्, फलस्वरूप नेपाली चलचित्रले बजार पाउन सकिरहेको छैन । निर्देशकहरू भने यो कुरा मान्न तयार छैनन् । उनीहरू यसको दोष सीमित बजार र लगानीलाई दिन्छन् ।

चलचित्र निर्देशक दीपक रायमाझी भन्छन्, नेपाली चलचित्रको सीमित बजारका कारण हामी स्तरीय चलचित्र निर्माण गर्न सकिरहेका छैनौं । लगानीकर्ताले लगानी गर्न नमानेपछि निर्देशकले चाहेर मात्र भनेजस्तो चलचित्र बन्न सक्दैन । रायमाझीका अनुसार 'बलिउडमा डिजिटल प्रविधिमा खिच्न सुरु गरिसके हामीचाहिं लगानीकै कारण उही २० वर्ष पहिलेको प्रविधिमा अल्झिएका छौं ।'

बलिउडको कथा चोरेर नेपाली चलचित्र निर्माण गर्ने निर्माता-निर्देशकहरूले उनीहरूबाट राम्रो कुरा पनि सिक्नुपर्छ । बलिउड निर्देशकहरू मुख्यतया कुनै एक प्रकारको चलचित्र बनाउन पोख्त छन् । उनीहरू आफूलाई ज्ञान नभएको विषयमा हात हाल्दैनन् ।

ऐतिहासिक चलचित्र निर्देशन गर्ने निर्देशक लभ स्टोरीमा आधारित चलचित्र निर्देशन गर्दैनन् तर नेपालमा एउटै निर्देशक सबै प्रकारका चलचित्रका पोख्त हुन्छन् जसका कारण चलचित्र स्तरीय बन्न पाउँदैन ।

ओस्कार पुरस्कारका लागि मनोनयन भएको पहिलो नेपाली चलचित्र 'क्याराभान' बाट समेत धेरै कुरा सिक्न सकिन्छ । निर्देशक एरिक भ्यालीले डोल्पामा बसेर लामो समयसम्म त्यहाँको विषयवस्तु, अध्ययन-अनुसन्धान एवं विश्लेषणपछि क्याराभान निर्माण गरेकाले नै उक्त चलचित्रले ओस्कारसम्मको यात्रा तय गर्‍यो । यो सबै साधनाको फल हो ।

निर्माताको लगानीको सीमाभित्र रहेर चलचित्र निर्माण गर्नुपर्ने बाध्यताका कारण स्तरीय चलचित्र बन्न नसकेको भनेर आफ्नो असक्षमता ढाकछोप गरे पनि लगानी र बजारभन्दा हाम्रा चलचित्रकर्मीहरूमा साधनाको अभाव देखिन्छ ।

जुनसुकै निर्माता-निर्देशकले अरूले निर्माण गरेको चलचित्रभन्दा आफ्नो चलचित्र एकदमै पृथक् भएको दावी गरे पनि दर्शकहरूले त्यसमा नयाँ कुरा देख्न पाउँदैनन् । एक चलचित्र विश्लेषक भन्छन्, चलचित्रकर्मीहरूले अपेक्षामात्र होइन त्यही अनुसार साधना पनि गर्ने हो भने बजारका लागि छट्पटिनु पर्दैन ।

**-विनोद पन्त**

# डीसी भुवनको बाटोमा



## गफै त हो

सञ्चार तथा चलचित्रकर्मी दिनेश डीसी नायक भुवन केसीको बाटोमा हिंडिरहेको पाइन्छ । भुवन चर्चा खोज्छन्, डीसी पनि आफ्नो त्यस्तै चर्चा भएको हेर्न चाहन्छन् । आखिर किन त ? डीसी भन्छन्- म विवादको प्याकेज हुँ । अघिल्लो साता चलचित्र दाइको ससुरालीमा व्यस्त डीसीले घोषणा गरे अब मैले निर्देशन गर्ने सबै चलचित्रमा सुरेश अधिकारीको संगीत र एनबी महर्जनको द्वन्द्व हुनेछ । चोभारमा सुटिङ गरिरहेका दिनेशले थपे- जुन चलचित्र चोभारमा सुटिङ गरिंदैन त्यो चलचित्र नै होइन, जुन कलाकारले चोभारमा सुटिङ गर्न बाँकी छ, ऊ पनि कलाकार हुन बाँकी नै छ भनेर बुझ्नुपर्छ । ठूलो पर्दाको चलचित्र सावधान निर्देशन गरेर एकलौटी फाइदा लिन सफल दिनेशलाई सोही चलचित्रले नै स्थापित गरिदियो । पाइप लाइनमा आधा दर्जन चलचित्र मेरो निर्देशन पर्खिएर बसेका छन्- डीसी बताउँछन् । उनका कति कुरा पत्याउने, कति नपत्याउने भन्ने सम्बन्धमा चाहिं विचार गर्नैपर्छ तर व्यवहारमा उनका जति काम सार्वजनिक भएका छन्- ती राम्रै मानिएका छन्, भुवन केसीको जस्तै ।

## चलचित्र



### फुल एन्ड फाइनल

बलिउड चलचित्र उद्योगमा आज चलचित्र 'फुल एन्ड फाइनल' सार्वजनिक हुँदैछ। बेस इन्ड्रष्ट्रिज ग्रुपको ब्यानरमा फिरोज नाडियाडवालाले निर्माण गरेको यो चलचित्रलाई अहमद खानले निर्देशन गरेका हुन्। एक्सन, कमेडी, संगीत एवं रोमान्सले भरिपूर्ण यो चलचित्रमा नाम चलेका दर्जनौं कलाकारले अभिनय गरेका छन्। चोरीको घटनामा आधारित यो चलचित्रमा स्मगलिङमा लाग्नेहरूको कथा हेर्न सकिन्छ। चलचित्रमा हीरा चोरीको विषयले प्रमुखता पाएको छ। यो चलचित्रमा सनि देवल, ओम पुरी, शर्मिला टैगोर, शाहिद कपुर, आयशा टाकिया, परेश रावल, विजय राज, विवेक ओवराय, अरवाज खान, ज्याकी श्राफ, चंकी पाण्डे, समीरा रेड्डी, जाकिर हुसैन, जोनी लिभर, गुलसन ग्रोवर, असरानी आदिको अभिनय हेर्न सकिन्छ। दुबई र ब्राजिलका विभिन्न स्थानमा छायांकन गरिएको यो चलचित्रमा हिमेश रेशमियाको संगीत छ। अनुराग कश्यप तथा नीरज भोराको कथामा यो चलचित्रका गीत समीरले लेखेका हुन्।





### होस्टल पार्ट सेकेन्ड

होस्टल पार्ट वानले राम्रो सफलता हासिल गरेपछि हलिउड चलचित्र उद्योगमा यो साता त्यसको पार्ट टु सार्वजनिक हुने क्रममा छ। होस्टलको विषयमा आधारित यो चलचित्र सिक्वेल चलचित्र हो। चलचित्रमा तीन जना अमेरिकी युवती रोमको एक होस्टलमा बसेर अध्ययन गरिरहेका हुन्छन्। उनीहरू साताको अन्त्यमा कतै ट्रिपमा जाने तयारीमा हुन्छन्। विदेशमा बसेर पढिरहेका ती युवतीको जीवनमा विभिन्न समस्या आउँछन्। त्यति मात्र होइन, त्यहाँ डरलाग्दा घटनाहरू घट्छन्। उनीहरू त्यसबाट पीडित बनेको कथा चलचित्रले प्रस्तुत गरेको छ। सस्पेन्स तथा हरर शैलीमा आधारित यो चलचित्रले समग्र होस्टल जीवनशैलीलाई प्रस्तुत गर्न खोजेको छ। एलि रोथले निर्देशन गरेको यो चलचित्रमा लोरेन जर्मन, हेदर माटाराजो, बिजु फिलिप्स रोगर बार्ट तथा रिचार्ड बुर्गीले अभिनय गरेका छन्। चेक रिपब्लिकको प्राग र इटलीमा छायांकन गरिएको यो चलचित्रले राम्रो व्यापार गर्न सक्ने अनुमान गरिएको छ।

## पहिलो विश्व

### कन्डम सर्वेक्षणमा उत्साह

कुनै-कुनै विज्ञापन सुन्दा, पढ्दा वा हेर्दा कुनै तर्क-वितर्क नगरी सोझै प्रयोग गरौं जस्तो लाग्छ। हुन पनि उत्पादक कम्पनीहरूको ध्याउन्न नै यही हुन्छ र त्यसका लागि उनीहरूले लाखौं रुपैयाँ खर्च पनि गरिरहेका हुन्छन्। भयो के भने कन्डम निर्माता कम्पनीका रूपमा ख्याति कमाएको डुरेक्सले केही समयअघि आफ्नो नयाँ उत्पादन कन्डम तथा यौनसम्पर्कलाई सजिलो बनाउन तयार पारिएको चिल्लो पदार्थको प्रयोग निःशुल्क गर्न विज्ञापन आह्वान गर्‍यो। डुरेक्सको उद्देश्य यो उत्पादनलाई सबै उमेरका महिला, पुरुष, जातजाति तथा यौनव्यवसायमा लागेका ५ हजार व्यक्तिलाई प्रयोग गर्न दिई उनीहरूको मत बुझ्नु थियो। अनलाइनमार्फत गरिएको यो विज्ञापनको प्रभाव यति पर्‍यो कि पहिलो दिनमै ती उत्पादन प्रयोग गर्न चाहनेहरूको संख्या १४ हजार पुग्यो। आफ्नो उत्पादनले सबै वर्गलाई कत्तिको आनन्द दिन्छ ? यसमा अझै केही त्रुटि छ-छैन ? यसलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा गरिएको सर्वेक्षणमा आएका प्रतिक्रियाहरूलाई अहिले उक्त कम्पनीले विश्लेषण गरिरहेको छ। यो प्रयोगमा आमव्यक्तिले देखाएको सहभागितालाई हेर्दा मानिसमा यौन चाहना तीव्र पाइएको उक्त कम्पनीकी प्रवक्ताले जनाएकी छिन्। ●



### अधबैंसे महिलाको फेसन


युवतीहरूमा फेसनको कुन ट्रेन्ड चलिरहेको छ– कुनै पनि देशको सडक-पेटी वा डिस्को थेकमा गएर हेरे थाहा हुन्छ। विवाहित वा ३० प्लस महिलाहरूमा कस्तो किसिमको फेसन ट्रेन्ड चलेको छ, त्यो भने सडक, डिस्को थेक वा पवमा होइन, अस्पताल वा मोटेलमा गए मात्र थाहा पाइन्छ।

बिट्रिस मेडिकल जर्नलको पछिल्लो अंकमा अहिले पश्चिमेली अधबैंसे महिलाहरूमा योनिलाई कसिलो बनाउने लहर फेसनका रूपमा चलेको बताइएको छ। अमेरिका र बेलायतमा रहेका महिला अस्पतालमा योनि कसिलो बनाउन आउने महिलाहरूले गरेको शल्यक्रिया, लेजर, कस्मेटिक तथा प्लास्टिक सर्जरी उपचारको संख्यालाई आधार बनाएर जर्नलमा प्रकाशित समाचारअनुसार यस्तो शल्यक्रिया प्रत्येक वर्ष ८ सयभन्दा बढी हुने गरेको छ।

'डिजाइनर भजिनाज' को नामले लोकप्रिय यस्तो अप्रेसन सरकारी अस्पतालमा मात्र नभएर निजी अस्पतालहरूमा समेत हुन थालेको छ। यो फेसन बढ्नुका विभिन्न कारण भए पनि मुख्य उद्देश्य पुरुषसँगको यौनसम्पर्कलाई सन्तुष्टिपूर्ण बनाउनु वा यौन व्यवसायमा लागेका महिलाहरूले आफ्नो योनिलाई आकर्षक रूपमा प्रस्तुत गरेर व्यापार बढाउनु नै हो।

प्लास्टिक सर्जरी, लेजर तथा शल्यक्रियाद्वारा गरिने यो उपचारको प्रकृतिअनुसार भजिनाज गर्न चाहने महिलाले सवा ४ देखि साढे ४ लाख रुपैयाँसम्म खर्च गर्नुपर्ने हुन्छ। महिलाहरूमा बढेको यो फेसनको नकारात्मक असर कस्तो हुनेछ भन्ने विषयमा अहिले चिकित्सकहरू अनुसन्धानकै क्रममा गरिरहेका छन् तर पनि उनीहरू महिलाहरूमा योनि खुम्च्याउने प्रवृत्ति फेसनकै रूपमा बढिरहेकोमा भने खुसी छन्। ●

### समलिंगी फ्लेमिङ्गो



मानिसमा हुने समलिंगी व्यवहारलाई कतिपयले अप्राकृतिक मान्ने गरेका छन्, तर समलिंगीहरू यसलाई प्राकृतिक मान्छन्। अल्पसंख्यक रहेका कारण उनीहरूको व्यवहारले मान्यता भने पाउन सकेको छैन। समलिंगी व्यवहार प्राकृतिक हो भन्ने कुरा अन्य जीवहरूको व्यवहारले पनि बेलाबेलामा देखाउने गरेको छ। बेलायतको बिष्टोलको सीमसार क्षेत्रमा बसोबास गर्ने दुई भाले फ्लेमिङ्गो समलिंगी भएको ब्रिटिस कन्जरभेसन ट्रस्टले गरेको अनुसन्धानमा पाइएको थियो। विगत ६ वर्षदेखि कार्लोस र फर्नान्डो नाम गरेका भाले फ्लेमिङ्गो उक्त क्षेत्रमा सँगै बसोबास गरिरहेका थिए। दुवै भाले भएका कारण उनीहरूबाट अन्डा उत्पादन हुने कुरा पनि भएन, जसका कारण उनीहरूका कुनै सन्तान थिएनन्। उनीहरूको स्वभावको अध्ययन गरिरहेको उक्त ट्रस्टले के पनि थाहा पायो भने उनीहरूलाई सन्तानको रहर भएछ, तर आफूबाट नहुने भएपछि उनीहरूले अर्को फ्लेमिङ्गो जोडीको भत्किएको गुँडबाट अन्डा ल्याएर कोरल्न थाले। त्यो अन्डालाई उनीहरूले निकै ध्यानपूर्वक कोरलेर चल्ला निकाले। कार्लोस र फर्नान्डोले आफ्नो सन्तानझैं त्यो चल्लालाई ख्वाउनेदेखि उसको सुरक्षाको समेत प्रत्याभूति दिएको उक्त ट्रस्टकी प्रवक्ता जेनी वेगहर्नले बताएकी छिन्। उनीहरू एक-अर्काका लागि निकै सहयोगी थिए। फ्लेमिङ्गोमा देखिएको समलिंगी व्यवहारले अनुसन्धानकर्ताहरूलाई यस अर्थमा पनि चकित पारेको छ कि समलिंगी व्यवहार प्राकृतिक हो कि अप्राकृतिक ? ●


### अन्त्यमा साइबरका कुरा...







इन्टरनेटमा देखा पर्ने प्रत्येक वेबसाइटको डोमेन नेम अरू कसैले हासिल गर्न सक्दैन। यदि कसैलाई कुनै नाम मन पर्‍यो भने किन्नैपर्‍यो, त्यो पनि बिक्री गर्न चाहनेले भनेजति रकम तिरेर। यदि तपाईंलाई www.cameras.com किन्न मन लाग्यो भने १५ लाख डलर अर्थात् ९ करोड ६० लाख नेपाली रुपैयाँ www.autos.com को २० लाख अर्थात् १२ करोड ८० लाख नेपाली रुपैयाँ तिरे पुग्छ। यदि यौनसँग सम्बन्धित www.porn.com वा www.sex.com किन्न मन लाग्यो भने क्रमशः ६० करोड ८० लाख तथा ७६ करोड ८० लाख नेपाली रुपैयाँ तिनुपर्ने हुन्छ, त्यो पनि अहिले डलरको मूल्य घटेको अवस्थामा। ●




प्राइभेट Test / S.L.C.

विगत ५ बर्ष देखि Private Test/ S.L.C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६४ सालको लागि नयाँ भर्ना खुल्यो।

कक्षा समयः बिहान र दिउँसो माध्यमः English र नेपाली

साथै कोरियन र अंग्रेजी भाषाको नयाँ कक्षाहरु संचालन भइरहेको छ।

Model Educational Institute

बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

चाहियो

चलचित्र, अग्नी साक्षी, मृत्युदण्ड त्रिशक्ति साथै टेलीचलचित्रका लागि कलाकार

FREE AUDITION

नया इच्छुकहरूका लागि प्रशिक्षणको पनि व्यवस्था प्रशिक्षण-अभिनय, नृत्य, संगीत दक्ष प्रशिक्षकद्वारा।

50% Discount मा

क्रियटिभ इन्स्टिच्युट अफ आर्टस

पुतलीसडक (रिपोर्टर्स क्लब बिल्डीङ 1st Floor)

फोन नं.: २३१३१३८

### रमाइलो रेड डे



गत शुक्रबार मे २५ तारेखका दिन श्रेष्ठ पार्टी प्यालेसमा रातो रंगको टिसर्ट कुर्ती, हल्टर, सर्ट आदि विभिन्न पहिरनमा सजिएका एक हूल युवायुवती सांगीतिक धुनमा मस्त देखिन्थे। नजिकबाट नियाल्दै जाँदा त्यो भीडमा नाच्नेहरू सबै जना फेसन डिजाइनिङ सिकिरहेका विद्यार्थी भनेर चिनिए। उनीहरूले लगाएका पहिरन उनीहरू आफैंले तयार पारेका थिए। अवसर थियो लामो समयदेखि नेपाली फेसन क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल आईईसी फेसन डिजाइनिङ संस्थामा सो दिन मनाइएको रेड डे अर्थात् रातो दिन।

रातो दिन नै किन ? भन्ने प्रश्नमा आईईसीकी शैलजा अधिकारी भन्छिन्– 'रातो रंग रंगहरूको राजा हो। फेसन तथा इन्टेरियर डिजाइनिङका विद्यार्थीहरूका लागि यो रंगको महत्त्व पनि उत्तिकै छ। आफ्नो सिर्जना देखाउने, समूहमा काम गर्ने बानी बसाल्न र छोटो समयमा सिर्जनशीलता निखार्न रेड डेको अवधारणालाई अगाडि ल्याइएको हो।'

रातो राम्रो, गुलियो मीठो भन्ने उखानलाई चरितार्थ गर्दै आईईसीमा अध्ययनरत फेसन डिजाइनरहरूले आफ्नै लागि रातै रंगका पहिरन तयार पारेका थिए भने इन्टेरियर डिजाइनका विद्यार्थीहरूले रातो रंगलाई मुख्य आधार बनाएर आईईसीका कक्षाकोठा, क्याफेका साथै रिसेप्सनहरू सजाएका थिए।

### असहीको मस्ती

**साप्ताहिक समाचार**

काठमाडौं– कल्पना गर्नुहोस्, यस्तो उखरमाउलो गर्मीमा तपाईंको हातमा चिसो बियरको क्यान होस्। डिजेको संगीतको तालमा नाच्दै दिनभरि पौडी पोखरीमा साथीहरूसँग खेल्दै मस्ती गर्न पाइयोस्। गर्मीबाट बच्ने योभन्दा उत्तम उपाय अरू कुनै हुन सक्ला ? त्यस्तै वातावरणमा गत शनिबार लैनचौरस्थित मल्ल होटलमा केही मानिसले मस्ती गरे। इभेन्ट व्यवस्थापक संस्थाको नाम नै 'मस्ती इभेन्ट' भएपछि त्यहाँ पुगेका सबैलाई मस्ती नहुने त कुरै भएन। विशेष गरी गर्मी महिनामा 'चिल्ड बियर'को माग बढ्ने गरेको मौकामा जापानबाट उत्पादित बियर 'असही' नेपाली बजारमा सार्वजनिक गरिएको खुसियाली बाँड्न उक्त पार्टी गरिएको थियो। दिउँसो १ बजेदेखि डिजेहरू विभिन्न डान्सिङ संगीत घन्काइरहेका थिए। कोही स्विमिङ पुलमा पौडन मस्त थिए भने कोही आफ्ना साथीहरूसँग नाच्न। 'असही बियर प्रोमोसनल पार्टी'का रूपमा आयोजित उक्त समारोह राति नौ बजेसम्म चलेको थियो।




तस्बिर : ई-नशा डटकम

## साताको स्वर



## गणेश पराजुली

**तिमीलाई अपनाऊँ भनेर... कस्तो प्रकारको गीत हो ?**
यो मायाप्रेममा आधारित गीत हो, जसमा मायालुप्रति समर्पित भएको भाव छ। यो गीत २-४ बिटअन्तर्गत सेमीफास्ट ट्र्याकमा छ।

**यो गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
४० वर्षमुनिका श्रोताले यो गीतलाई बढी मन पराउन सक्छन्, यद्यपि अहिलेसम्मको प्रतिक्रिया हेर्दा किशोरदेखि वृद्धसम्मले मन पराएका छन्।

**यो गीतले तपाईंको सांगीतिक यात्रालाई कत्तिको मद्दत गर्ला ?**
केही समय बाहिर बसेकाले नयाँ सृजना देखाउन पाइएको थिएन। अहिले यो गीतले फेरि गणेश पराजुलीको सांगीतिक यात्रा कायमै रहेछ भन्ने जानकारी श्रोताहरूलाई दिएको छ। यो गीतले पछिसम्म मलाई चिनाइराख्ने विश्वास लिएको छु।

**यो गीतको मूल आकर्षण के हो ?**
गीतको एरेन्ज असाध्यै दरिलो छ। त्यस्तै संगीत, शब्द तथा गायन शैलीमा प्रशस्त परिश्रम गरिएको छ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
गीत सुहाउँदो छ। गीतको भाव बुझेर तयार गरिएकाले तथा अभिनयका दृष्टिकोणले पनि राम्रो भएकाले दर्शकहरूले मन पराउनुभएको छ।

**पार्टी** नेपालले स्पाइस नेपालको मेरो मोबाइलको प्रचारका लागि वीरगन्जमा आयोजना गर्न लागेको साङ्गीतिक कन्सर्ट स्थगित भएको छ। थाहा भएअनुसार मधेसी जनअधिकार फोरमले नेपालीमा गीतसङ्गीत गाउन-बजाउन नपाउने बताउँदै यदि गाए-बजाए कारबाही गर्ने चेतावनी दिएका कारण कार्यक्रम रोकिएको हो। निमा रुम्बा, क्रान्ति आले, एडरियन प्रधान, अनिल सिंह, मौसमी गुरुङ, प्रीति कौर तथा द लिजेन्ड ब्यान्ड कार्यक्रममा आफ्ना गीतहरू प्रस्तुत गर्ने तयारीमा थिए। अन्तिममा समयमा उनीहरूलाई कार्यक्रम स्थगित गरिएको जानकारी गराइएको थियो। नेपालगन्जमा समेत आयोजना गरिने भनेर प्रचार गरिएको उक्त कन्सर्ट त्यहाँचाहिँ समयअघि नै कार्यक्रम स्थगित गर्ने निर्णय गरिसकिएको थियो। २ सय रुपैयाँको टिकटसहित मेरो मोबाइलको सिमकार्ड सित्तैंमा प्रदान गरिने उक्त कार्यक्रम वीरगन्जस्थित रङ्गशालामा गत शनिबार ३ बजे प्रस्तुत गर्ने तयारी थियो। यद्यपि गत सोमबार बुटबलमा उक्त कन्सर्ट भयो भने भोलि शनिबार विराटनगरमा हुने कार्यत्रम छ।

**विमानचालक** वाङ्दी लामाको सात वर्षअघि धनगढीनजिकै आफैंले उडाएको विमान दुर्घटनामा परेर निधन भयो। उनलाई गीत गाउने ठूलो रहर थियो। निधन हुनुभन्दा केही समयअघिसम्म उनी बेलाबखत पत्रपत्रिकाका लागि लेख लेख्ने उनकी आमा मञ्जु लामासँग गीत लेखिदिन इच्छा अभिव्यक्त गरिरहन्थे। लेख लेखे पनि आफूलाई गीत रच्न नआउने बताउँदै मञ्जु लामाले छोराको आग्रह टार्ने गरेकी थिइन्। विमान दुर्घटनामा वाङ्दीको निधन भएपछि मञ्जुले आफूलाई परेको पीडालाई गीतमा ढाल्न थालिन्। सात वर्षपछि आएर उनले ती गीतलाई उदय सोताङ, मनिला सोताङ, न्ह्यु बज्राचार्य, सुक्मित गुरुङ, राजु लामा, सुरेश कुमार र श्रेया सोताङको स्वर तथा संगीतमा रेकर्ड गराइन्। गत बिहीबार आयोजित एक समारोहमा उनले छोराको सम्झनामा तयार पारिएको एल्बम 'समर्पण तिमीमा'को विमोचन सम्पन्न भयो। विमोचन कार्यक्रममा एल्बममा समावेश एउटा गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो, जसलाई अनिल तन्डुकारले तयार पारेका हुन्। एल्बमको बिक्रीबाट आउने रकम वृद्धवृद्धा हेरचाह केन्द्रलाई प्रदान गर्ने गीतकार लामाले बताएकी छिन्।

**भारतीय** चलचित्र नायकहरूमा अमिताभ बच्चन, आमिर खान, सञ्जय दत्त, अभिषेक बच्चन आदिले गीत गाए पनि नेपालमा भने गायक भए पनि भुवन केसीले आफ्नै लागि अहिलेसम्म कुनै गीत गाएका छैनन्, तर त्यो कार्य अब नायक निखिल उप्रेतीले गर्दैछन्। त्यसका लागि उनलाई गीत, सङ्गीत र अवसर सङ्गीतकार सुरेश अधिकारीले उपलब्ध गराएका छन्। केही समयअघि चलचित्र 'शक्ति' को गीत रेकर्डिङका क्रममा नायक उप्रेती संयोगवश स्टुडियो पुगेछन्। त्यहाँ सङ्गीतकार अधिकारीले गीतको 'डमी' रेकर्ड गराइरहेका थिए। रमाइलो गीत भएकाले रेकर्डिङ हेर्दाहेर्दै नायक उप्रेतीलाई गीत याद भयो र उनी सङ्गीतकारका अघिल्तिर गुनगुनाउन पुगे। उनको स्वर सङ्गीतकार अधिकारीलाई यति राम्रो लाग्यो कि उनले निखिललाई नै त्यसको 'डमी' गाउन लगाए। 'डमी'मा गाएको मिलेपछि सङ्गीतकार अधिकारीले उनलाई गायक बनाउने भए। नायक उप्रेतीकी श्रीमती कोपिला विगत सात वर्षदेखि सङ्गीत सिकिरहेकी छिन् र उनको गीतिएल्बम पनि चाँडै बजारमा आउँदैछ। निखिलले गाउने उक्त गीत कोपिलाको एल्बममा समावेश गरिनेछ।

**र्‍याप** गायक निर्णय डा. एनएसकेमा राष्ट्रप्रेम र समाजसेवा जागेको छ। 'म नेपाली', 'हाम्रो गाउँले जीवन' जस्ता राष्ट्रिय मेलोडी र्‍याप गीतहरू गाएर चर्चामा आएपछि निर्णयले अब पूरै एल्बममा राष्ट्रिय गीत समावेश गरेका छन्। हालै बजारमा आएको उनको पछिल्लो एल्बम 'मेचीदेखि महाकालीसम्म'का सबै र्‍याप गीतमा राष्ट्रप्रेम झल्किन्छ। एल्बममा उनले अन्य १२ जना गायक/गायिका प्राश्ना शाक्य, माण्डवी त्रिपाठी, रेश्मा, प्रज्ञा, सृष्टि, कुन्चाङ, जिकाजी, ९७७, रोई, मेरिडी, कोलिन र सुरासाको सहयोग लिएका छन्। उक्त एल्बमको बिक्रीबाट आउने रकम निर्णयकै सहभागितामा सञ्चालित सामाजिक संस्थाको सहयोगमा खर्च हुनेछ।

**अफबिट**




खै.. खै म पनि हेरूँ कस्तो तस्बिर आएछ ?
गायिकाद्वय नलिना चित्रकार र लसता जोशीका साथमा सुदिन पोखरेल।

**सगरमाथा** आरोही तासी लाक्पा शेर्पा तेस्रो पटक गत जेठ ३ गते बिहान छ बजे सगरमाथाको चुचुरोमा पुगे। यसपटक उनको उद्देश्य सगरमाथा आरोहण गर्नु मात्र थिएन। तेस्रो पटक चुचुरोमा पुग्नुअगावै उनले आफ्नो थप परिचय बनाइसकेका थिए। उनी पर्वतारोहीका साथै गायक, गीतकार र संगीतकारका रूपमा परिचित हुन थालिसकेका थिए। तासीले आफ्नो शब्द, संगीत एवं स्वरमा तयार पारिएको एल्बम 'शेर्पिनी कान्छी'को विमोचन सगरमाथाको चुचुरोमा आफ्नै हातबाट गरे। संसारको सबैभन्दा अग्लो स्थानबाट आफ्नै एल्बम सार्वजनिक गर्ने उनी सम्भवत विश्वकै पहिलो व्यक्ति हुन्। उक्त एल्बममा तासीलाई गायकहरू क्रान्ति आले, राजु लामा, विजय लामा, राहुल प्रधान तथा सुमित खड्काले सहयोग गरेका छन्।

**गायक** अनिल सिंह चलचित्र संगीतकार भएका छन्। जय नेपाल र कुमारी सिनेमाघरले सञ्चालन गरिरहेको क्वेस्ट इन्टरटेन्मेन्टले आलोक नेम्वाङको निर्देशनमा निर्माण गर्न लागेको चलचित्र 'सानो संसार'का लागि एउटा गीतमा गायक सिंहले संगीत भर्ने भएका हुन्। उक्त गीतमा अनिलका अतिरिक्त रिमा गुरुङ तथा एक जना लोकगायकको स्वर रहनेछ।

**सन्** १९५१ मा भारतको नयाँदिल्लीमा आयोजित प्रथम एसियन गेम्समा नेपाल प्रतिनिधित्व गर्ने पहिलो धावक गजराज जोशीद्वारा रचना गरिएका गीतहरू रेकर्डिङ गरिने भएको छ। ती गीतलाई ईश्वर अमात्य, शिवराज जोशी, सुगम पोखरेल, मिङ्मा शेर्पा, सिनी गुरुङ, प्राश्ना शाक्य तथा जुना प्रसाईंले गाउँदै छन्। बुधबार आयोजित एक कार्यक्रममा ती गायक-गायिकाहरूलाई गजराज जोशी टोकन अफ लभ प्रदान गरियो।

## लाइभ शो

- आउँदो असार २ गते उखरमाउलो गर्मी हटाउन स्वदेशी मिडिया हाउस तथा रियाज म्युजिकले एउटा उपाय गर्दैछ। बिहान ७ बजे न्युरोडबाट लक्जरी बसमा चढेर नौबीसे पुगेर ब्रेक फास्ट गरेपछि गर्मीलाई चुनौती दिँदै गल्छीबाट र्‍या□टङ गराउँदै सहभागी सबैलाई काठमाडौंबाट ६१ किलोमिटर टाढाको घाटबेसीस्थित वाटर किङ्डम पुऱ्याइनेछ। त्यहाँ डिजे सन्तोष, भिजे महिमा, नेप्साइडेज, द युनिटी, ज्वाला, हाकिम आदिले समारोहलाई डान्स पार्टीको रूप दिनेछन्। वाटर किङ्डममा पानीसँग खेल्दै र मीठा परिकारको स्वाद लिँदै सबैलाई दिनभरि रमाइलो गराइने योजना आयोजकहरूको छ।
- आज शुक्रबार र भोलि शनिवार राजधानीको भृकुटीमण्डपस्थित फन पार्कमा दिनभरि रिमिक्स र हिपहप गीत घन्काइनेछ। द ए टिम एभी प्रोडक्सन तथा बिजनेश नेटवर्कको संयुक्त आयोजनामा आज दिउँसो १२ बजे आरम्भ हुने उक्त दुईदिने 'रिमिक्स एन्ड हिपहप पार्टी'मा नेप्साइडेज, मिग्मा शेर्पा, सुमन श्रेष्ठ, विकास श्रेष्ठ, म्याडजोन, रस्टिक ब्यान्ड, अविनाश घिसिङ, लसता जोशी, डा. हाइफोनोटिक, आरएलटुबिए, मुकुट ब्यान्ड, आगन्तुक खरेल तथा डिजे एनके अर्थात् गायक नसिम खानले आफ्नो कला देखाउनेछन्। उक्त सांगीतिक कार्यक्रममा विमोचन गरिने रिमिक्स एल्बम 'वान्स मोर' हरेक टिकटमा निःशुल्क प्रदान गरिने कुरा आयोजकहरूले बताएका छन्।

## पलैंटी-श्रृंखला तेस्रो चरणमा

नेपालयले आरम्भ गरेको लघुसाङ्गीतिक अभियान पलैंटी श्रृंखलाले अब तेस्रो चरणमा प्रवेश गरेको छ। २००५ को पहिलो महिनादेखि सुरु भएको पलैंटीले २००६ मा आफ्नो दोस्रो चरण पूरा गरेको थियो। यो साङ्गीतिक अभियानमा अहिलेसम्म एक दर्जनभन्दा बढी नेपाली अगुवा कलाकारको प्रत्यक्ष संलग्नता रहिसकेको छ।

मानभवनस्थित 'आर' शालामा पैंतीसजना दर्शक-श्रोताबीचबाट सुरु भएको पलैंटीप्रति बढ्दो अभिरुचिका कारण यो कार्यक्रमको टेलिभिजन उत्पादन पनि हुँदै आएको छ। बृहत् जनसमूहमा पुऱ्याउने ध्येयले विगत एक वर्षदेखि नेपालयले कान्तिपुर टेलिभिजनसित मिलेर यो सहकार्य गर्दै आएको हो। पलैंटीलाई यसपालिदेखि अझ धेरै श्रोतासामु पुऱ्याउने उद्देश्यले उज्यालो नेटवर्कमार्फत् देशव्यापी प्रसारणका निम्ति पनि सम्भव बनाइएको छ। यसका निम्ति कालिकास्थानस्थित नेपालयको 'आर' शाला र सानेपास्थित कम्युनिकेसन कर्नरको उज्यालो नेटवर्कको स्टुडियोबीच अत्याधुनिक फाइबर-केबलको सम्पर्क स्थापना गरिएको छ। पलैंटीलाई अब उज्यालो नेटवर्कमार्फत देशका २५ भन्दा बढी एफएम रेडियोले स्याटलाइटबाट सीधा प्रसारण गर्न पाउनेछन्। नेपालय तथा कम्युनिकेसन कर्नरको यो सहकार्यले देशका विभिन्न भागका श्रोतालाई 'आर' शालामा आयोजना हुने पलैंटीको आनन्दमा प्रत्यक्ष संलग्न गराउनेछ।



पलैंटी-श्रृंखलाअन्तर्गत मे महिनाको अन्तिम साता तेस्रो श्रृंखलाअन्तर्गतको पहिलो कार्यक्रममा सुप्रसिद्ध कलाकार गायक फत्तेमान प्रस्तुत भए। फत्तेमान नेपाली संगीत संसारका ओजपूर्ण आवाज बोकेका जिउँदो इतिहास हुन्। फत्तेमानले जीवनका ७० वसन्त पार गरिसक्दा पनि आफ्नो कण्ठको माधुर्यलाई अझै तिखारिरहेका छन्। गायक फत्तेमानको पहिलो एकल कार्यक्रम सन् २००२ मा गायक फत्तेमान साँझ आयोजना भएको थियो। नेपालयले गायक फत्तेमानको नयाँ एल्बम पनि तयार गरिसकेको छ। नयाँ एल्बममा रहेका सबै गीतलाई आभासले संगीत भरेका हुन्। नयाँ र सार्वजनिक भैनसकेका गीतका साथै फत्तेमानका लोकप्रिय गीतहरूको स्वाद एकसाथ लिन पाउनु यसपालिको पलैंटीको विशेषता रह्यो।

## नजिकबाट — राजेशपायल राई

| नजिकबाट | राजेशपायल राई |
|---|---|
| जन्ममिति | असोज १४ |
| घरमा बोलाउने नाम | किराँती राजा, रापा |
| नामको अर्थ | राजाजस्तो ऐस गर्ने |
| तपाईंको परिचय | गायक, थोरै संगीतकार, नायक |
| जन्मस्थान | बुइपा, खोटाङ |
| तपाईंको गोप्य कुरा | बिहान रेकर्डिङ गर्न सक्दिनँ |
| अध्ययन | प्रमाणपत्र तह |
| विवाह | छैन |
| यौन अनुभव | नुन नुनिलो हुन्छ भन्ने थाहा छ |
| पहिलो एल्बम | मूर्च्छना |
| प्रकाशित एल्बम | अहिलेको कामनासहित आठवटा |
| प्रेरणा | रेडियो नेपाल, कौतूहलता |
| पहिलो प्रेम | आठ कक्षामा छोटो समयका लागि |
| पहिलो डेटिङ | धरान, भेडेटार |
| पहिलो प्रेमपत्र | आठ कक्षामा आएको |
| पहिलो बाजा | मादल |
| मनपर्ने रंग | आर्मी कलर, कलेजी |
| मनपर्ने पहिरन | क्याजुअल |
| पहिलो उपहार | बाबाले दिनुभएको डटपेन |
| मनपर्ने मौसम | जाडो |
| मनपर्ने खेल | फुटबल |
| मनपर्ने संगीत | सेन्टिमेन्टल |
| रिस उठेको बेला | कराउँछु |
| मनपर्ने आफ्नै बानी | स्पष्ट छु |
| खराब बानी | अरूलाइ ढाँट्न सक्दिन |
| सबैभन्दा बढी माया | आमा-बुबा |
| घुम्न मन पर्ने स्थान | धरान, पोखरा |
| गर्न बाँकी कुरा | मेलम्चीको पानी काठमाडौं ल्याउने |
| जीवन के हो | जस्तो सोच्यो त्यस्तै संसार |



## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



पारस : मम्मी, आज साँझ मेरा सबै खेलौना लुकाइदिनु है, मेरी साथी रिया घरमा आउँदैछे।

मम्मी : किन र ? तिम्री साथी रियाको अरूको खेलौना चोर्ने बानी छ कि क्या हो ?

पारस : होइन, उसले आफ्ना सबै खेलौना चिन्छे।

०००

एक मित्रले घरमा चिया खान बोलाएको मौकामा बिकुरामलाई आफ्नो विवाहको तस्बिर देखाउँदै सोध्छ : तपाईं भन्न सक्नुहुन्छ, यो मेरो विवाहको तस्बिर कसले खिचेको ?

बिकुराम एकछिन सम्फेर : तपाईंको छोराले होला नि, हैन ?

०००

हजुरआमा आफ्नो नाति पारसलाई आफ्नो विवाहको फोटो देखाउँदै थिइन्। पारसले सोध्छ : हजुरआमा, यो मानिस को हो ?

हजुरआमा : यो तिमो हजुरबुवा नि।

पारस (अचम्म मान्दै) : त्यसो भए आजकाल तपाईंसँगै बस्ने त्यो तालु खुइलिएको बूढाचाहिँ को हो नि ?

०००

एक जना छिमेकी अत्तालिँदै खेतमा काम गरिएको बिकुरामतिर दगुर्दै : ओ बिकुराम दाइ, तपाईंको घर त भुईंचालोले पूरै भत्कियो, त्यसैले छिटो घर हिंड्नुपर्‍यो।

बिकुराम : ए हो र □ ठीकै भयो, राति सधैं घरका मुसाहरू कराएर सुत्नै दिँदैनथे। अब त सबै मुसा मरे होला नि, बल्ल राति मजाले सुत्न पाइने भयो।

०००

रत्नपार्कमा गाई चराउन आएको गोठाला आरामसँग सुतिरहेको देखेर जिस्क्याउने मनसायले एक युवकले गोठालालाई उठाउँदै सोध्छ : ओ गोठाला दाइ, समय कति भयो होला ?

आरामसँग निदाइरहेको गोठालो आँखा खोल्दै एकछिन युवकको मुख हेरेर छेउमै चरिरहेको गाईको पुच्छर उठाउँदै भनेछ : एक बजेर दस मिनेट गयो भाइ।

गाईको पुच्छर उचालेर समय भनेको देखेर युवक छक्क परेछ। एकछिनपछि फेरि ऊ सुतिरहेको गोठालानजिक गएर सोध्छ : दाइ, अब कति बज्यो होला ?

गोठालो फेरि गाईको पुच्छर उठाएर : अहिले दुई बज्न पन्ध्र मिनेट बाँकी छ भाइ।

यसरी हातमा घडी नलगाएको गोठालाले गाईको पुच्छर उठाएर ठीक समय भनेको देखेर युवकले अचम्म मान्दै सोध्छ : हैन, यो गाईको पुच्छर तौलेर कसरी तपाईंले ठीक समय भन्न सक्नुभा'को दाइ ?

गोठाला अल्छी मान्दै : यो गाईको पुच्छर तौलेर मैले ठीक समय भनेको हुँ र ? मैले त यो गाईको पुच्छरले घण्टाघरको घडी छेकेको हुनाले पुच्छर उठाएर घण्टाघरको घडी हेरी तिमीलाई समय भनेको नि।

०००

## कविता

### माया भन्नु

माया भन्नु अँजुलीको पानी रहेछ
थोपा-थोपा चुहिएर जाने रहेछ
फूल सम्भी चुमिदियौं मात लाग्न थाल्यो
मूर्तिबाट मानिस बनें, लात लाग्न थाल्यो
बगैंचामा विषादीको बास चलेपछि
खुसी छु म मायालुको लास जलेपछि
जुकालाई नुन दियौं, रगत छाड्नुपर्‍यो
आफैंदेखि डराएर टाढा भाग्नुपर्‍या
चिताबाट ब्यूँभिएको छु सास चलेपछि
खुसी छु म मायालुको लास जलेपछि।

– ज्ञानेन्द्र गजल

### तिम्रै रूप प्यारो



धरोधर्म तिम्रो नाम प्यारो
तिम्रो अधरको जाम प्यारो
घाम त धेरै देखेको छु तर
तिम्रो आँगनको घाम प्यारो
पैसाको लालच त छैन तैपनि
तिम्रै खल्तीको दाम प्यारो
चिठी त धेरै आएका छन् त
तिम्रै चिठीको खाम प्यारो।

– शिवराम सापकोटा


### माया दियौ

सागरभन्दा पनि गहिरो माया दियौ
हिमालभन्दा पनि उच्च रहन सिकायौ
आफूले काँडा लिएर मलाई फूल दियौ
गहभरि आँसु बोकेर मलाई मुस्कान छरिदियौ
आफूले निभेको दियो लिएर हिँडिरहयौ
मलाई जूनतारा बनी चम्कन सिकायौ
सधैंभरि यसरी नै दिइरहनु माया र ममता
छुटाउनेछैन म हाम्रो यो अजम्बरी नाता।

– दीपा राई

### तारा अन्तै सर्‍यो

मैले हेर्ने तारा आज अन्त कतै सर्‍यो हजुर
मेरो व्यथा भुलाउनलाई धर्तीमा नै भर्‍यो हजुर
मनको पीडा हटाउनलाई दुःख बाँड्नुपर्‍यो हजुर
कथा भन्नु अपूरो भो व्यथैव्यथा फुलेपछि



हजार इच्छा भएपछि तृष्णाहरू मर्‍यो हजुर
यसरी नै चलाऊ कि त भन्छ जीवन फेरि हजुर
मैले हेर्ने तारा आज अन्त कतै सर्‍यो हजुर
मेरो व्यथा भुलाउनलाई धर्तीमै भर्‍यो हजुर।

– हरिकाजी राई

### नयाँसडक



भीडभाडमा
हराउन खोजेको
नयाँसडक
पिपलबोटमुनि
पर्खिरहेको
नवजोडीहरूको
आलिंगनमा
पश्चिमी हाउभाउ
कोलाहलमा
रंगिएको सपना
साट्न खोज्दैछ
चुम्बनको वर्षामा
हाम्रो सभ्यता
भूगोलपार्कभित्र
जमघट विचित्र।

– विष्णुबहादुर सिंह

### अभिनय



गर्छन् मान्छे पिएको अभिनय
मरेर पनि जिएको अभिनय
आफ्नो अस्तित्व जोगाउन
बर्बरताले खिएको अभिनय
धर्तीले बोक्छे त्यो कलंक आखिर
कालो रातमा बेचिएको अभिनय
गरेर कुकर्म पुण्य कमाउन
पापी अधर्मी परिएको अभिनय।

– प्रेम निसानी

## लघुकथा



### आधुनिकता

रामप्रसादले प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरेकाले क्याम्पस पढ्न काठमाडौं जाने निर्णय गर्‍यो। राष्ट्रिय पोसाकमा सजिएर खर्चबर्च र आवश्यक सामान बोकेर ऊ बस चढ्यो। बसमा चढेको केही समयपछि अन्य यात्रीहरू केही गलल्ल त केही मुसुमुसु हाँस्न थाले। कसै-कसैले पाखे, असभ्य पनि भने। बसको खलासी भाडा उठाउँदै रामप्रसाद नजिक आयो। रामुले आफू विद्यार्थी भएकाले भाडा कम गर्न अनुरोध गर्‍यो। परिचयपत्र पनि देखायो। खलासी पड्कियो– 'कस्तो पाखे रहेछ, उसको बाबुको सम्पत्ति भन्या हो कि क्या हो ? रामुले सबै भाडा तिर्‍यो अँध्यारो मुख लगाएर। सबै यात्रु उसलाई हेर्दै हाँसे।

उसले भोलिपल्टै पसलमा गएर पाँच-सात ठाउँ प्वाल परेको जिन्स किन्यो। घुँडासम्मै पुग्ने टिसर्ट किन्यो। सस्तै भए पनि चस्मा, घाँटीमा माला अनि जुत्ता पनि। दौरा-सुरुवाल भुइँ पुछ्ने काममा प्रयोग गर्‍यो, टोपी फोहोर उठाउने काममा प्रयोग गर्‍यो। लामो कपाल पाल्यो, अनि रंगीन बनायो, कानमा मुद्रा पनि लगायो। यसपालि चैते दसैंमा बाबुले बोलाएको हुनाले ऊ घर जाने भयो। बसमा सुरुमै उसले दुई-चार शब्द अस्पष्ट रूपमा अश्लील शब्द बोल्यो। खलासी भाडा उठाउँदै आयो। रामु होइन, रेमलाई पुलुक्क हेर्‍यो र पछाडि लाग्यो, भाडा मागेन। न त केही भन्न सक्यो न त कुनै यात्री बोल्न सके, उसको परिवर्तन (आधुनिकता) देखेर रेम अर्थात् रामु दंग पर्‍यो आफैंलाई देखेर।

–पर्शुराम पन्थी

# बालबालिकामा हिंसात्मक द्वन्द्वको मानसिक असर

**प्रदीप मेयाङ्बो**

विपिन कोइराला र अनिल गजुरेल बाटोमा कम्ब्याट ड्रेस लगाएको मानिस देख्नासाथ आत्तिँदै भाग्छन् र भाडीमा लुक्छन्। घरमै देखे चिच्याउँदै खाटमुनि लुक्छन्। उनीहरूलाई कम्ब्याट ड्रेस लगाएका मानिस खतरनाक हिंस्रक जंगली जन्तुजस्तै लाग्छ। उनीहरू दुवै नौ वर्षका हुन्। दुवै तेह्रथुमको पोक्लावाङस्थित जनज्योति मा.वि.मा चार कक्षामा पढ्छन्।

माओवादीले २०५८ साल साउन ६ गते पहिलो पटक तेह्रथुमको पोक्लावाङ् प्रहरीचौकीमा आक्रमण गरेलगत्तै सेना परिचालन भयो। सेनाले त्यसको केही महिनापछि माओवादीलाई सहयोग गरेको भन्दै विद्यालयका सबै शिक्षकलाई विद्यार्थीहरूकै अगाडि मरणासन्न हुने गरी कुटपिट गरेपछि ती दुवैमा त्यस्तो मानसिक असर परेको हो। बालबालिकामा हिंसाको असर सबैभन्दा बढी परेको भए पनि राज्यले यसलाई ठूलो चिन्ताको विषय मानेको छैन।

श्रीजुङ मा.वि.मा २०६० साल भदौ मसान्तका दिन सेना र माओवादीबीच भिडन्त भयो। सेना र माओवादीले उक्त घटनालाई सामान्य सम्फेर बिर्सिए। गाउँकै कतिपय प्रौढले बिर्सिए, तर त्यही गाउँकी किशोरी छात्रा सुकमाया चोङवाङ लिम्बू, विमला भण्डारी, गोपाल भण्डारीलाई त्यो हिंसात्मक घटनाको भयानक दृश्य बिर्सन गाह्रो मात्र भएको छैन, फेरि त्यस्तो घट्ना दोहोरिएला कि भन्ने त्रास मनमा भैरहन्छ। उनीहरूकै आँखाअगाडि सेनाले माओवादीलाई र माओवादीले सेनालाई राइफल ताकी-ताकी मारेका थिए। दोहोरो भिडन्तमा परेपछि आफूलाई 'मार्न त मार्छ तर कसले मार्छ' भन्ने डरले लामो समयसम्म सतायो। त्यस्तो भयानक दृश्यको छाप उनीहरूको मनमा जीवनभर नमेटिने गरी बसेको छ।

आफ्नै विद्यालयमा भएको भिडन्त सम्फँदा अहिले पनि सेना आएर कुट्छ कि भन्ने डरले उनीहरूलाई बारम्बार सताउने गरेको छ। उनीहरूलाई अहिले पनि त्यस्तै घटना भयो भने बाँचिदैन भन्ने पिरलो लागिरहेको छ। विद्यालयमा भिडन्त भएको धेरै दिनसम्म पढ्न जाने आँट उनीहरूले गरेनन्। श्रीजुङ मा.वि.का शिक्षक अम्बर चोङ्वाङका अनुसार विद्यालयमा भिडन्त भएको भोलिपल्टदेखि एक सातासम्म त त्रासले विद्यार्थी नै आएनन्। उक्त घटनापछि विद्यालयका छ जना विद्यार्थीले पढ्न छाडिदिए भने २० जना विद्यालय छोडेर अन्यत्र पढ्न गए।

२०६२ साल फागुनमा तेह्रथुमस्थित पौठाक चौककी कमला दाहालको पसलमा बसिरहेका ३ जना निःशस्त्र माओवादी कार्यकर्तालाई सेनाले गोली हानेर मार्दा चोकमा गाउँभरिका बालबालिका खेलिरहेका थिए। सेनाले हिंस्रक शैलीमा माओवादीलाई मारेको घटना प्रत्यक्ष देखेपछि उनीहरूमा मानसिक असर परेको छ। हिंसालाई त नजिकबाट देखें नै, क्षत-विक्षत पारिएको माओवादीको लासलाई नजिकैको जनप्रिय मा.वि.का विद्यार्थी एवं शिक्षकलाई गाड्न लगाए। त्यसपछि त्यहाँका केटाकेटीहरू अहिले पनि नयाँ मानिस र कम्ब्याट लगाउने मानिसदेखि डराउने भएका छन्।

हिंसात्मक द्वन्द्वले कलिला बालबालिकामा पारेको मानसिक असरको आधिकारिक अध्ययन-अनुसन्धान राज्यले गरेको छैन। १० वर्षसम्म चलेको हिंसात्मक जनयुद्धले मानसिक अपाङ्ग बनाएका बालबालिकाको संख्या मुलुकभरि लाखौं छ। उनीहरूको मानसिक पुनर्स्थापना गर्न, मनोवैज्ञानिक उपचार गर्न, आघात परेको मनमा आत्मविश्वास बढाउन कुनै पहल गरिएको छैन।

माओवादी तथा सेनाले बालबालिकाले नदेखि अभिभावकलाई अन्यत्रै पुऱ्याएर मारेपछि टुहुरा भएका बालबालिकामा भन्दा भिडन्तमा मारिएको भयानक दृश्य देख्ने बालबालिकामा मानसिक विचलन चाँडो आउने मनोचिकित्सकहरू बताउँछन्। मानसिक विचलन आएकै कारण कतिले विद्यालय जानै छाडेका छन्। विद्यालय गए पनि पढ्न मन नलाग्ने, गृहकार्य गर्न मन नलाग्ने, डर-त्रास बोकिरहने, कुनै अनिष्ट घटना आइपर्ने हो कि भन्ने मनोभाव बनाइरहने, नराम्रो सपना देख्ने, कामप्रति मन केन्द्रित गर्न नसक्ने हुन्छन्।

द्वन्द्वका क्रममा सयौं बालबालिका अपहरण परेका छन्। प्रत्यक्ष भिडन्त देख्ने, त्यसमा पर्ने बालबालिका थुप्रै छन्। अधिकांश विद्यार्थी वा गाउँका बालबालिकालाई सेना-माओवादी हिंसात्मक द्वन्द्वको प्रत्यक्ष वा अप्रत्यक्ष असर परेको छ। त्यो असर उनीहरूको जीवनको मानसिक पीडा बन्न पुगेको छ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक रोग विभागका मनोचिकित्सक डा. रवि शाक्यका अनुसार प्रत्यक्ष हिंसा देख्ने वा भोग्ने बालबालिकालाई *पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर* भनिने मानसिक रोग वा तनाव उत्पन्न हुन सक्छ। उसले फेरि कतै त्यस्तै घटना वा हिंसा देखे एक्कासि पहिलेको घट्ना सम्फेर अत्यधिक डराउने, काम्ने, विचलित हुने आदि हुन्छ। कलिलो उमेरका यस्ता बालबालिकामा परेको आघातले जीवनभरि तनावग्रस्त बनाउन सक्छ। यस्तो मानसिक रोग हत्तपत्त मेटिँदैन। हिंसामा आफ्नो अभिभावक गुमाएका बालबालिका ठूलो भएर पनि डिप्रेसन, एन्जाइटीजस्ता मानसिक रोगबाट पीडित भैरहन्छन्। त्यस्ता बालबालिकाको उपचार गर्न आवश्यक रहेको मानसिक चिकित्सक डा. शाक्य बताउँछन्। राज्यले द्वन्द्वपीडित बालबालिकालाई उपचार एवं मनोपरामर्श दिनु आवश्यक छ। त्यसका लागि मनोवैज्ञानिक, मानसिक चिकित्सकको टोली पठाएर अस्थायी शिविर स्थापना गरिनुपर्ने मनोचिकित्सकहरूको सुझाव छ।

कक्षा ८ पास, S.L.C. हातमा
Private Test/
S.L.C. -2064
५० % छुटमा भर्ना खुल्यो
100% Result
नियमित कक्षा, दक्ष तथा अनुभवी शिक्षक, अंग्रेजी तथा नेपाली माध्यम
विहानी, दिवा र सन्ध्या समूह।
Third Vision Academy,
Lagankhel
2121717, 9841202591

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउँछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

## सन्देश

रमेश मैले तिम्रो निकै खोजी गरें। अहिले तिमी विदेशमा छौ भन्ने पनि थाहा पाएँ। तिम्रो परिवार पनि काठमाडौंको डेरा छाडेर गाउँ गैसक्नु भएछ। मसँग तिम्रो कुनै ठेगाना वा नम्बर छैन। कहीँ कतैबाट यो सन्देश पढ्न पायौ भने मसँग सम्पर्क गर। मलाई तिमीले घरको पुरानै नम्बरमा फोन गर्दा हुन्छ।

**सोमकृष्ण**

एस, तिम्रा लागि खेल भयो म दुःखीलाई फन्दा, रूप हेर्दा फूलको तर ढुङ्गा रै'छ मन। आफ्नै आँगन पुर्न मझेरी त कसले पो खन्छ र ? औंशीको रातमा चन्द्रमाको प्रतीक्षा गर्नु र कुवामा गएर सागरमा जत्ति पानीको आशा गर्नु जस्तो निराशा शिवाय केही भएन। कति महंगो यो माया गरिबले चाँहि पाउँदै नपाउने।

**सवि**

प्युठानको दिवा बसबाट काठमाडौं आउँदा बसाई सुन्धारा छ भन्ने तर परिचय हुन नसक्नेसँग मित्रताको हात बढाउँदै शनिबार ठीक ११ बजे न्यूरोड गेट अगाडि भेट्न चाहन्छु।

**प्रकाश**

हरिगोपालजी, जन्मदिनको अवसरमा तपाईंलाई धेरै-धेरै शुभकामना। आउने दिनहरूमा तपाईंका प्रत्येक पाइलाले सफलता चुमून्।

**ए.एम र डि.एस**

के., तिमी खुसी छौ कि छैनौ त्यो त थाहा छैन तर पनि खुसीसँगै बाँच, बाँच्न सिक र बाँच्न देऊ। मैले जे गरें, ठीक गरेकी छु। मलाई लाग्छ मैले आफ्नो कर्तव्य पनि राम्रोसँग निर्वाह गरेकी छु। तिमीले पनि मप्रतिको जुन कर्तव्य निभाउन बाँकी छ चाँडै निभाउनेछौ वा पूरा गर्नेछौं भन्ने आशा रोखेकी छु। किनकि अबत हामी नदीका दुई किनारा हौं। अन्तमा हामी सहजताका साथ जिउन सकौं, हामीबीच एक-अर्काप्रति कुनै गुनासो नरहोस्।

**प्रतीक्षा**

गुञ्जन, बैगुनी हौ भनूँ भने आँखा जुधाउँछ्यौ मायालु हौ भनूँ भने माया लुकाउँछ्यौ।

**रमेश**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य


महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ महिलाहरूको लागि विभिन्न किसिमका तालिम दिईन्छ।
१.सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. पेन्टिङ ५. बुनाई ६. प्याचवर्क ७. इम्ब्राइडरी।
चायाँ, डण्डिफोरको उपचार पनि गरिन्छ।
Beautician Advance Course संचालन भैरहेको छ।
S.L.C. दिएर बसेका विद्यार्थिहरूकोलागि बिशेष छुटको व्यवस्था गरिएको छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ (भक्तपुर जाने बसपार्क अगाडी) फोन:४२३१०३०
खुल्ने समय: विहान ७ बजेदेखि साँझ ६ बजेसम्म।


## जीवनको गोरेटो

### नागरिकता : सजिलो रहेनछ प्रमाणपत्र पाउन

जनआन्दोलन सकिएको केही दिनपछि नै म नागरिकताको प्रमाणपत्र पाउने उमेरमा प्रवेश गरेँ। संयोगको कुरा, मेरो जन्मदिनकै दिन नागरिकता विधेयक पारित भयो, तर म नागरिकताको प्रमाणपत्र लिन केही कुराको प्रतीक्षामा थिएँ। मलाई आमाको पनि नाम लेखिएको नागरिकता लिन मन थियो, नेपाल सरकारका नाममा छापिएको प्रमाणपत्रको रहर थियो, तर अचानक नागरिकता बनाउनुपर्ने भयो। आमा र म हतपत काठमाडौं जिल्ला कार्यालय गयौं। त्यो शुक्रबारको दिन थियो। मेरी आमाको नागरिकता काठमाडौंमै बनाइएको हो, तर त्यसमा मेरो मावलीको ठेगाना मोरङ लेखिएको छ। आमाकै नागरिकताका आधारमा जिल्ला कार्यालय काठमाडौंबाट मैले र आमाले पासपोर्ट पाएका छौं। त्यसैले हामी मेरो नागरिकताका लागि त्यहाँ गएका थियौं।

कुरा सोचेजति सजिलो भएन। कुरा सहायक प्रमुख जिल्ला अधिकारीकहाँ पुग्यो। उहाँले राम्रोसित कुरा बुझाउनुभयो– पहिलो कुरा तपाईंहरूलाई हतार भएकाले काठमाडौंबाट पासपोर्ट बनाइदिइएको होला, तर यो नियमविपरीत कुरा हो। उहाँका कुरामा तर्क नभए पनि व्यवहार राम्रो थियो। बसाइँ सरेको कागजपत्र लिएर ललितपुर जिल्ला कार्यालय जाने र त्यहाँका सहायक प्रमुख जिल्ला अधिकारीलाई भेट्ने सल्लाह उहाँले दिनुभयो। ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारीले हामीलाई जग्गाको लालपूर्जा ल्याउन भन्नुभयो। जग्गाको लालपुर्जा ल्याउँदा-ल्याउँदै ढिलो भयो। आइतबारका लागि काम साँचेर त्यस दिन हामी घर फर्क्यौं।

चित्त नबुझ्ने कुरा धेरै हुँदा रहेछन्। नागरिकताको फारम भर्दा कुनै अधिकृतको सिफारिस चाहिने रहेछ। म र मेरा बाबालाई चिन्ने कोही अधिकृतले हामी बाबु-छोरी हौं भनेर सिफारिस गरिदिनुपर्ने रे। नयाँ ऐनअनुसार त्यो कुरा चाहिने होइन रे, तर नयाँ फारम आइपुगेको छैन भनेर सिफारिस पनि ल्याउन लगाइयो। धेरै मानिसले अधिकृत चिनेका हुँदैनन्। नचिनेको मानिसको नागरिकतामा अधिकृतहरूले त्यत्तिकै सही गरिदिँदैनन्। त्यस बेला त्यस्ता मानिसले के गर्ने? जन्मिएको अस्पतालले र गाविसले दिएका दुईवटा जन्मदर्तामा म यिनै आमा र बाबाकी छोरी हुँ भनेर लेखिएको छ। मेरा बाबुआमा यिनै हुन् भनेर मैले कति पटक प्रमाणित गराउनुपर्ने हो ? के त्यतिबेला बनाएका कागजको केही मान्यता छैन ? अस्पतालमा नजन्मिएका मानिसको पनि गाविसमा त जन्म दर्ता हुन्छ। बरु नागरिकका कुरा पत्याउन त्यस्तै गाह्रो हुन्छ भने जिल्ला प्रशासन कार्यालयमा डीएनए जाँच्ने मेसिन नै ल्याएर राखे भैहाल्छ नि।

आइतबार १ बजेसम्म सहायक प्रमुख जिल्ला अधिकारी कार्यालयमा हुनुहुन्नथ्यो। त्यसैले हामी प्रमुख जिल्ला अधिकारीकहाँ नै गयौं। प्रमुख जिल्ला अधिकारीले गाविसको सिफारिस माग्नुभयो। जग्गा भएको ठाउँमा घर नभएको र हाल बसोबास भएको ठाउँको बसोबास स्थायी नभएकाले हामी अन्यौलमा पर्‍यौं। प्रमुख जिल्ला अधिकारीसँग मैले सोधें– 'घर नभएका मानिसलाई नागरिकता दिने चलन छैन ?' उहाँलाई मेरो प्रश्न मनपर्ने कुरै भएन। 'तपाईंहरू अरू जिल्लाको मानिस, तपाईंको काम हामीले गर्ने होइन।' प्रमुख जिल्ला अधिकारीको सजिलो जवाफ र त्यो जवाफ दिँदाको उहाँको अनुहार मैले अझ बिर्सिएकी छैन, सायद कहिले पनि बिर्सन्नँ। मलाई झनक्क रिस उठ्यो, तर त्यसभन्दा बढी चित्त दुख्यो। उनीहरूले मलाई नागरिकता नदिएको भए मेरो नागरिकता इलामबाट बन्थ्यो, तर सायद म भोट दिन कहिल्यै पाउने थिइनँ, किनभने मैले भोट दिन इलाम पुग्नुपर्ने हुन्थ्यो। भोट दिनु भनेको मेरो अधिकार मात्रै होइन, कर्तव्य पनि हो भनेर मलाई सधैं पाठ पढाइयो तर भोट दिन नौ डाँडापारि जानुपर्ने भयो भने त मैले त्यो कर्तव्य पालना गर्न सक्ने कुरै भएन। फेरि म कुनै जिल्लाको होइन, नेपालको नागरिकता लिन गएकी थिएँ। भन्ने बेलामा बाबु-आमाको नेपाली नागरिकता भए छोराछोरीले सजिलै पाउँछन् भनिन्छ, तर नागरिकता बनाउन त जग्गा नै चाहिने रहेछ, घरै भए सजिलो अथवा जिल्ला प्रशासन कार्यालयको कोही कर्मचारी चिनेको हुनुपर्‍यो, अथवा अरू सरकारी कायालयका उच्च अधिकृत।

मलाई सोमबारसम्ममा नागरिकता चाहिएको थियो। मेरो नागरिकता बनाउन मेरा बाबा जिल्ला प्रशासन कार्यालय जानुभएको भए मेरो नागरिकता ढिलै भए पनि आइतबार बिहान सजिलै बन्थ्यो। यो कुरा जान्दाजान्दै पनि बाबा मसँग आउनुभएको थिएन। केही सीप नलागेपछि जुन कुरा नगर्नका लागि बाबा प्रशासन कार्यालय कार्यालय नजानुभएको थियो, बाध्य भएर मैले त्यही गरेँ, मैले छिमेकी सचिव अङ्कललाई फोन गरेँ। सचिव अङ्कलको फोन कुर्दाकुर्दै सहायक प्रमुख जिल्ला अधिकारी आइपुग्नुभयो। उहाँको पछिपछि म माथि गएँ। उहाँ प्रमुख जिल्ला अधिकारीको कोठामा छिर्नुभएको बेला सचिव अङ्कलको फोन आयो। 'तिमीले प्रमुख जिल्ला अधिकारीलाई बाबाको नाम भनिनौ?' उहाँले सोध्नुभयो। 'भनिनँ त।' मैले कुरा बुझिसकेकी थिएँ– 'बाबाको नागरिकताचाहिँ दिएकी थिएँ" 'हरे लाटी ☐ ल जाऊ कोठाभित्र अब।' अङ्कलले भन्नुभयो– 'बन्छ।'

सहायक प्रमुख जिल्ला अधिकारी अघि छिरेको कोठाबाट निस्कनुभयो। आमा र म उहाँकै कोठामा गयौं। उहाँले फेरि हाम्रो कुरा सुन्नुभयो र मेरो फारामको माथिपट्टि 'ना. बनाइदिने' लेखिदिनुभयो। दुई घण्टाभित्रमा मेरो नागरिकता बन्यो, तर नरमाइलो लागिरह्यो। मेरो त नागरिकता बन्यो, मजस्ता कतिको नबनेको होला ?

**–पीडित**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ।

**– साप्ताहिक**


तु.आवश्यकता
स्वस्थ्य सम्बन्धि तालिमहरुमा निःशुल्क भर्ना, तालिम पछि रोजगारी SLC दिइबसेका लाई छात्रबृत्ति, विदेश जानेलाई समेत उपयुक्त।
तु. सम्पर्क:
२१७०४५०


## साप्ताहिक साथी



-बीएस्सी प्रथम वर्षमा अध्ययनरत बलराम भुषाल साथीहरूलाई जोक्स सुनाइरहने स्वभावका छन्। १९ वर्षीय बलराम ५ फिट ८ इन्च अग्ला छन्। पत्रमित्रता एवं गीत-संगीततर्फ रुचि भएका बलराम धनी-गरिबको भेदभाव नगर्ने, शिक्षामा अग्रसर तथा दुःख-सुखमा साथ दिने साथीहरूको खोजीमा छन्। उनलाई त्रिभुवन बहुमखी क्याम्पस, बतासेडाँडा, पाल्पामा पत्राचार गर्न सकिन्छ।



-निःस्वार्थ सेवामा लागेका २१ वर्षीय बम क्षितिज लामा नेपाली सेनामा जागिरे छन्। आई. ए. उत्तीर्ण गरेका लामा ५ फिट ४ इन्च अग्ला छन्। दिगो मित्रताका पक्षमा रहेका लामा पवित्र हृदय भएका तथा गरिब र धनीबीच भेद नछुट्याउने साथीहरूको खोजीमा छन्। लामालाई प्रथम बाहिनी अड्डा भकुण्डेबेसी, फूलबारी-६, काभ्रेमा पत्राचार गर्न सकिन्छ।



-सुरक्षा सेवामा कार्यरत नवराज थापा ५ फिट ५ इन्च अग्ला छन्। २४ वर्षीय थापा पत्रपत्रिका पढ्न तथा नयाँ-नयाँ साथी बनाउन रुचि राख्छन्। गहुँगोरो वर्णका अविवाहित थापा लैङ्गिक विभेदको विपक्षमा छन्। सबै किसिमका साथी बनाउने रुचि राख्ने थापालाई श्री भैरव बहान गुल्म सानोठिमी, गठ्ठाघर, भक्तपुरमा पत्राचार गर्न सकिन्छ।


केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Herbal44 Before After
Rs. 750/-
100% Guaranteed
Natural Treatment
बेदाग, गोरो मुहारको लागि रूपअमृत
(R. Water, Sunscreen & Shampoo Free) - 1600/-
चाउरीपना हटाउने क्रिम - 1050/-
स्तन बढाउने (क्रिम/VBR) - 1650/-
शरीरको उचाई बढाउने - 1250/-
ग्याष्ट्रिक / दम / बाथ - समाधान - 350/-
प्रेसर/सुगर/ढाड दुखाई-समाधान - 550/-
मोटोपना घटाउने बेल्ट - 2400/-
आस्था हेल्थ केयर
काठमाडौं, मौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
Mob.: 9841719077, 9845062538 चितवन



WANTED
A reputed IT company required the following positions immideatly.
Accountant/ Receptionist:
- 1, girls
Marketing/sales man:
- 5, girls/boys
Technician - 1
Contact:
Ph: 4238022, 4239282

# रक्सी र यौनमध्ये केको लत खतरनाक ?

यी दुवै लत उस्तै-उस्तै हुन् तर पनि यौनको लतमा परेपछि ज्यान जान सक्छ।

**अनिल कार्की, मोरङ**

आफू न त रक्सीको नशामा पारिएको छ न यौनको नशामा नै, अनुभव नै नभएको मानिसलाई यस्तो प्रश्नको उत्तर के थाहा ?

**श्याम चौधरी**

रक्सी र यौन दुवैको लत खतरनाक हो, किनभने यी लतले मानिसलाई धराशयी बनाउँछ। रक्सीभन्दा यौनको लत खतरनाक हो किनकि रक्सीको लत पनि यौन लतको उपज हो।

**अमृत मगर**

रक्सी र यौनको लतमा फस्नेहरूसँग सोधे मात्रै थाहा पाइन्छ।

**अनु गुरुङ**

रक्सीकै लत खतरनाक हुन्छ नि। यसले धन र स्वास्थ्य नाश गरिरहेको हुन्छ। त्यस्तै यौनको लत पनि कतिपय युवाका लागि खतरनाक नै हुनसक्छ।

**ज्योति सुब्बा**

यौनको, किनकि छुटाउन प्रायः असम्भव छ।

**गजेन्द थापा** (२१)

दुवै खतरनाक हुन्छन्। रक्सीले धन-जन तथा यौनले तन-मन सिध्याउँछ।

**प्रज्वलकुमार भट्टराई** (२४), **ललितपुर**

यौनको लत खतरनाक हुन्छ किनभने रक्सीको लत छुटाउन सकिन्छ तर यौनको सकिंदैन। बरु सम्पादकज्यू, यौनको नशाले क्रेजी भएका कान्तिपुर टेलिभिजनका घरबेटी बासँग सोध्नुहोस् न।

**अनिल पोखरेल** (२०),

यौनको नि, ज्यानजाला जिन्दगीभर छोड्छ जस्तो छैन।

**लेखराम सापकोटा** (२४), **मलेसिया**

आफूलाई त यी दुवैको लत छैन र थाहा पनि भएन तर मेरो साथीका अनुसार यौनको लत खतरनाक हुन्छ। रक्सीको लत लागे त जसोतसो छोड्न सकिएला तर यौनको लत अहँ।

**आर.पी. सिर्जन** (१८), **स्याङ्जा**

यौनको लत बढी खतरनाक हुन्छ। किनकि यो लतमा फसिकसेपछि छुट्न साह्रै गाह्रो, अन्त्यमा यसले गर्दा नै ज्यान जान सक्छ।

**प्रदीप थापा, ओखलढुंगा**

रक्सी त लत बसे पनि छोड्न सकिन्छ तर यौनको लत लाग्यो भने मृत्युको शैयामा नपुगुन्जेलसम्म पनि छोड्दैन।

**मोदक राई** (२६), **हात्तीगौंडा**

यौनको लत खतरनाक हो। किन भन्दा रक्सीमा खर्चको इन्डिङ हुन्छ तर यौनमा खर्चकै इन्डिङ हुँदैन।

**पुष्कर आचार्य** (१७)

यी दुईमध्ये यौनको लत नै बढी खतरनाक छ जस्तो लाग्छ। किनकि रक्सीले आफूमाथि मात्र खेलवाड गरेको हुन्छ भने यौनको लतले कैयौंको जीवनमा खेलबाड गर्छ र बर्बादीमा पुऱ्याउँछ।

**गणेश खनाल** (२०), **स्याङ्जा**

यौनको नि, रक्सीको लत लाग्यो भने केही समय मात्र छट्टिनुपर्छ भने यौनको नशा लाग्यो भने जीवनभर नै छट्पटिरहनुपर्छ।

**उत्तम के. भट्टराई** (१८), **स्याङजा**

यो कस्तो प्रकारको प्रश्न हो ? एउटालाई भनुँ भने अर्कोलाई नराम्रो, त्यसैले यसको उत्तर आफैं लेख्नुहोस्।

**चुडामणि पाण्डे, दामोदर चोक, दाङ**

यौनको, किनकि न त भोक लाग्छ न त निद्रा नै, हाड-छाला बनाइदिन्छ, न त बाँच्न दिन्छ न त मर्न नै।

**लीला लामा**

रक्सीको लत सुरा र सुन्दरीले भुलाउन सक्छन् तर यौनको लत भुलाउने अरू विकल्प छैन। त्यसैले मलाई त यौनको नशा नै खतरनाक लाग्छ।

**सन्तोष गौतम** (२२)

यौनको लत खतरनाक हुन्छ। सचेत रहनुहोस् है सम्पादकज्यू, किनकि यौनले नै हाकिमलाई पनि फुटपाथमा झार्न सक्छन्।

**प्रतिभा श्रेष्ठ** (१९), **पोखरा**

यो कस्तो प्रश्न हो सम्पादकज्यू, के म रक्सी र यौनप्रेमी हुँ र ? कसको नशा कति छ भनेर म कसरी भन्न सक्छु ?

**निश्चल कार्की, मोरङ**

रक्सीको नशा नै खतरनाक हुन्छ, किनकि रक्सी पसलकी मालिक्नीले पनि छाड्दिनन्।

**जेपी सापकोटा** (२०)

वास्तवमा रक्सी खतरनाक हुन्छ।

**सुनिल गौतम**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
२. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
३. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
४. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
५. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
६. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
७. बुद्धि ठूलो कि बल ? किन ?
८. देशभक्ति के हो ?
९. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
१०. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?






**प्रश्न : म २३ वर्षीय विवाहित युवक हुँ। मैले विवाह गरेको एक वर्ष भैसकेको छ। मेरी श्रीमतीको उमेर १८ वर्ष छ। हामीले नियमित रूपमा सम्पर्क गर्दै आएका छौं, तर मेरी श्रीमतीलाई बढी पीडा हुन्छ। के विवाह भएको एक वर्षसम्म पनि यस्तो पीडा हुन्छ ? कि मेरो लिंगको मोटाइ ठूलो भएको हो ? के कारणले मेरी श्रीमतीलाई बढी पीडा भएको होला ? यो पीडा कम गर्न के गर्न सकिन्छ ?**

**– नाम गोप्य, लमजुङ**

**उत्तर** : आफ्नी श्रीमतीलाई यौन सम्पर्कमा पीडा हुने कुराप्रति सजग हुँदै यसको समाधानका लागि क्रियाशील हुनुभएको कुराले हामीलाई हर्षित तुल्याएको छ। पहिलोपल्ट यौनसम्पर्क हुँदा पीडा हुनसक्छ तर यौनसुखले उक्त पीडालाई ओझेलमा पारिदिन्छ, यद्यपि कतिपय परिस्थितिमा यौनसम्पर्क राख्दा महिलालाई पीडा हुनसक्छ।

**किन पीडा भएको होला ?**

हामीलाई थाहै छ, यौनसम्पर्क एक आनन्ददायी क्रियाकलाप हो। सम्भवतः यौनसम्पर्कबाटै मानिसले प्राप्त गर्न सक्नेमध्येको चरम आनन्द प्राप्त हुन्छ। असीम आनन्द, चरमसुख, स्वर्गीय आनन्दजस्ता कतिपय शब्द यो क्रियाकलापसँग जोडिएका छन्, तर सबै यौनसम्पर्क सुखद् नहुन सक्छ। यौनसम्पर्क किन पीडायुक्त हुन्छ ? त्यसका सम्बन्धमा केही कुरा गरौं।

यौनसम्पर्क राख्दा महिलाहरूमा पीडा हुने कारणमा योनिको संक्रमण प्रमुख हुनसक्छ। यौनसम्पर्क सुरु गर्ने बेलामा पीडा अनुभव हुन्छ भने क्यान्डिडा वा हर्पिसजस्ता संक्रमण हो कि भनेर विचार गर्नुपर्ने हुन्छ। त्यसै गरी लिङ्गको प्रवेश एकदमै भित्रतिर हुँदा पीडा अनुभव हुन्छ भने क्लामाइडिया वा गोनोरियाको संक्रमण हुनसक्छ। यस्ता संक्रमणले पनि पाठेघरको मुख वा पाठेघर वरिपरिको भागलाई प्रभावित तुल्याएको हुन्छ। हर्पिस, क्लामाइडिया वा गोनोरियाजस्ता संक्रमण यौन रोग हुन्। तपाईंलाई थाहै होला, यौनरोग एक व्यक्तिबाट अर्को व्यक्तिमा यौनसम्पर्कको माध्यमबाट सर्छन्। त्यसैगरी योनिद्वारको छेउमा भएको गन्थिको संक्रमण पनि यसको कारण हुनसक्छ, जुन कुरा तपाईंको कुरा सुन्दा हो जस्तो लाग्दैन।

योनि सुख्खा भएको स्थितिमा गरिएको सम्पर्क पनि पीडादायक हुन्छ। तपाईंको पत्रमा पर्याप्त जानकारी नभएकाले यसै भन्न सकिने स्थिति भएन। तपाईंकी श्रीमतीको यौन तथा यौनिकताप्रतिको धारणा स्पष्ट पार्नुभएको छैन। कतिपय स्थितिमा मानसिक कारणले पीडा अनुभव हुने सम्भावना पनि रहन्छ। यौनसम्पर्कसम्बन्धी नकारात्मक धारणाले ग्रसित भएको स्थितिमा वा डर भएको स्थितिमा यस्तो हुन्छ। विशेष गरेर भय अर्थात् डरका कारणले गर्दा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशी संकुचित अनि कडा हुन्छ। यस्तो बेलामा गरिने यौनसम्पर्क पीडायुक्त हुन्छ। अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ। पीडापूर्ण तथा अप्ठ्यारो यौनसम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ, जुन महिला तथा पुरुष दुवैलाई हुन सक्छ।

**के लिङ्ग ठूलै भएकाले पीडा भएको हो ?**

तपाईंले आफ्नो लिङ्गको गोलाइ तथा लम्बाइका सम्बन्धमा कुनै जानकारी दिनुभएको छैन, त्यसैले यस विषयमा निश्चित भएर केही भन्न सकिने कुरा भएन। माथि उल्लेख गरिएको स्थिति नभएको हो भने तन्कन र खुम्चन सक्ने गुण भएकै कारण विभिन्न नापको लिङ्ग योनिमा प्रवेश गर्दा पनि मिल्ने स्थिति रहन्छ। योनिमा कुनै कुरा (औंला होस् वा लिङ्ग वा अरू कुनै वस्तु) प्रवेश गराइए वरिपरिबाट योनिको भित्ता सो कुरामा टाँसिएको अवस्थामा नै हुन्छ। वस्तुअनुसार नै यसको गोलाइमा परिवर्तन हुन्छ। कुरा बुझ्न सजिलो होस् भनेर एकपल्ट ओठ (मुख) सँग दाँजौं। सामान्य अवस्थामा माथि र तलतिर गरेर ओठको निश्चित सालाखाला नाप हुन्छ, तर यसको अर्थ अलिकति सानो वा ठूलो भयो भन्दैमा ओठले समात्नै वा च्याप्ने नसक्ने पनि होइन। ओठले पातलो कुरालाई पनि समाउन सक्छ र केही मोटो कुरालाई पनि। योनिमा पनि यस्तै हुने भएकाले पातलो र मोटो कुरालाई ओठले समाउन सक्छ भन्ने कुरा बुझ्नु आवश्यक छ। त्यसैले सामान्य योनिमा लिङ्गको गोलाई केही ठूलो भयो भन्दैमा यसरी पीडा हुँदैन।

**समाधान के होला ?**

पहिले त पीडाको मुख्य कारण नै थाहा पाउनुपर्ने हुन्छ। आफ्नी श्रीमतीका बारेमा तपाईंलाई धेरै कुरा थाहा हुने भएकाले माथी चर्चा गरिएअनुरूप विभिन्न कुरामा विचार गर्नुहोला। कुनै प्रजनन अङ्गको वा यौनरोगको संक्रमणका कारणले पीडा भएको हो भने त्यसैअनुसार उपचार गर्नुपर्ने हुन्छ। कुनै मानसिक कारण भए त्यसलाई पनि हटाउनुपर्ने हुन्छ।

दुवै जना पर्याप्त प्राक्क्रीडामा संलग्न भएपछि मात्र सम्भोग गर्दा सुख्खापनका कारण भोग्नुपर्ने पीडा खप्नुपर्दैन। योनिरस पर्याप्त मात्रामा नआई यौनसम्पर्क गर्दा यस्तो भएको हो भने चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ। त्यसका लागि पेट्रोलियम जेली वा त्यस्तै कुनै तेलयुक्त चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ। भ्यासलिन वा यस्तै तेलयुक्त चिल्लो पदार्थले कन्डमलाई नोक्सानी गर्ने भएकाले पानीमा आधारित चिल्लो पदार्थ प्रयोग गर्नुपर्ने हुनसक्छ। कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गरेका हुन्छन्।

सम्झनुपर्ने कुरा के छ भने यस्ता समस्याको उपचारका लागि समय, धैर्य एवं आपसी सहयोगको आवश्यकता पर्छ। कुनै यौन विशेषज्ञसँग सम्पर्क गरेर राम्रोसँग परामर्श लिनुभयो भने तपाईंलाई पर्याप्त सहयोग पुग्नेछ। यो समस्याका मानसिक कारण छन् भने मनोचिकित्सकहरूले मद्दत गर्न सक्नुहुन्छ।

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

मोबाईल तालिम
- मोबाईल फोन
- रेडियो, क्यासेट, VCR, VCD, TV
- एसी / फ्रिज
- हाउसवायरिङ
- मोटरवाईण्डिङ
- कम्प्युटर हार्डवेयर, सफ्टवेयर
११ वर्ष पुरानो
५०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

के तपाई सजिलै S.L.C./+2 पास गर्न चाहानुहुन्छ ?
- ८ पास, ९, १०, Test पास वा फेल, S.L.C. फेल, उमेर वा जागिरले गर्दा S.L.C./+2 पास गर्न सक्नु भएको छैन ?
- Math/Sci, Sent-up नदिइं S.L.C. दिन चाहनुहुन्छ ?
- १ वर्षमै S.L.C./+2 पास गर्न चाहनुहुन्छ ? Classes Running

प्राइभेट Test/S.L.C. मा ग्यारेण्टिका साथ निःशुल्क भर्ना खुल्यो
- के तपाई कक्षा ९,१०, टेष्ट तथा S.L.C. फेल हुनु भएको छ ?
- के तपाई कक्षा ८ पास गरी School जान सक्नु भएको छैन ?
- के तपाई उमेरको कारण वा जागिरले गर्दा School गएर पढ्न सक्नु भएको छैन ?
२०६२ मा १००% S.L.C. पास र २०६३ मा १८ विद्यार्थी S.L.C. मा समिलीत गराउन सफल सम्भवतः नेपालको एकमात्र Academy
होस्टेलको व्यवस्था
सिमित सिट मात्र
100% Pass

चाहनुहुन्छ भने विगत ७ वर्षदेखी लगातार कार्यरत यस Academy ले सञ्चालन गर्दै आएको NIOS (Delli Board) X र XII लगायत प्राइभेट Test/S.L.C. का कक्षा हरु अत्यन्तै अनुभवी तथा ख्याती प्राप्त शिक्षकहरु द्वारा अध्यापन गराइरहेको सहर्ष जानकारी गराउँदछौं।

विशेषताहरु:– भर्ना खुल्यो
- घर वा अफिस मै पढेर पास गर्न सकिने
- % ल्याइ पास गर्न सजिलो
- Faculty Change गर्न सकिने
- किस्तामा जाँच दिन पाइने
- जाँच Eng र Nep मा दिन पाइने
मात्र ५ विषय पढे पुग्ने
विश्वभरि मान्यता प्राप्त

Private Test/S.L.C. को लागि Academy नै किन ?
Paragon Edu. Academy
Putalisadak 4421390
MIT Chabahil 4488993
- Math,Sci Eng Tution Free
- English Language Free
- मनोवैज्ञानिक ढङ्गले पढाइने
- S.L.C. Model अनुसार पढाइने
- Eng र Nep भाषाबाट माध्यमबाट पढाइन्छ
- बिहान, दिउँसो र राती कक्षाहरु
- 100 % पास गराउन सफल
- Weekly/Monthly, Terminal Exam लिईने।

उद्घोषण
Rs. 1000/- Discount
- RJ/VJ/News Reader/MC
- Media Technician
- Ad Production
- Personality Dev.
- Media Marketing
- Practical on Digital Studio
Be Perfect RJ/VJ Now
प्रशिक्षकहरु
हेम सुवेदी
कला सुब्बा
कुशुम बजाचार्य
नरेश भट्टराई
महिमा भट्टराई
दिपक समिर
Bagbazar(Opp. Petrol Pump)
Tel.: 4233042
Job Guarantee
The Media's Collection

## साताकी गृहिणी

सुलोचना गौतम (उप्रेती) कामकाजी महिलाका साथै कुशल गृहिणी हुन् । आई.एस्सी.सम्म अध्ययन गरेकी गौतम करिब एक दशकदेखि चक्रपथ, नारायणगोपाल चोकमा कस्मिक फेसन एन्ड टेलरिङ तथा कस्मिक बुटिकको सञ्चालकका रूपमा परिचित छिन् । प्रहरीमा कार्यरत अपराध अनुसन्धान अधिकृत दिवाकर उप्रेतीसँग २०४७ सालमा परम्परागत विवाह गरेकी गौतमका दुई छोरा छन् ।



**पढ्दापढ्दै उन्नाइस वर्षकै उमेरमा विवाह गर्नुभएछ नि ?**

- हो, पहिले त मैले पनि गर्दिनँ भनेकी थिएँ तर पछि गर्नैपऱ्यो ।

**के कुराले गर्दा तपाईंको विवाहका निम्ति यसरी हतारिएको ?**

- बुबाआमाले परिपक्व र राम्रो ठाउँमा जागिरे देखेर दिनुभएको होला ।

**अहिले विवाहको कुन कुरा सम्झनुहुन्छ ?**

- अरू कुरा त सम्झन्न बरु बाजा बजाउँदै आएका जन्ती सम्झी-सम्झी हाँसिरहन्छु ।

**टेलरिङ र बुटिकप्रति तपाईंको आकर्षण कसरी भयो ?**

- मेरो सानैदेखिको सोच मान्छे जन्मिएपछि मर्नुपर्छ र यसबीच केही न केही गर्नैपर्छ भन्ने हो । त्यसमाथि यो क्षेत्र महिलाहरूका लागि अझ सजिलो पर्ने अनि नाम र दाम दुवै कमाउन सकिने । म यसमा सफल पनि भएँ ।

**तपाईंको टेलरिङ र बुटिकले अन्य ठाउँमा के-के सेवा पुऱ्याइरहेको छ ?**

- हामीले बद्री, लगनगाँठोजस्ता चलचित्र, हाल जिरे खुर्सानी, मह चौतारी जस्ता टेलिचलचित्र अनि अल्फा, सिग्मा, एसओएस, स्काइजस्ता वैदेशिक रोजगारका निम्ति प्रसिद्ध संस्थाको ड्रेस डिजाइन गरेका छौं । भविष्यमा यसलाई अझ विस्तृत रूपमा लाने सोच छ ।

**मानिसहरूको पहिरनप्रतिको सजगता कस्तो पाउनुभएको छ ? रेडिमेडको जमानामा पनि लुगा सिलाउन ग्राहक आउँछन् ?**

- पहिले एउटै लुगा वर्षौंसम्म चल्थ्यो तर अहिले त्यो अवस्था छैन । मानिसहरू बढी सतर्क भएकाले नयाँ-नयाँ डिजाइन खोजिरहन्छन् ।

**यो पेसाबाट श्रीमान्लाई कत्तिको आर्थिक सहयोग भएजस्तो लाग्छ ?**

- लगनशील भएर मेहनतका साथ लाग्न सके यो आम्दानीको बलियो माध्यम हुनसक्छ । थोरै भए पनि छोराहरूलाई सुख-सुविधा जुटाउन सकिएको छ ।

**सञ्चालक र कर्मचारी हुनुमा के फरक छ ?**

- कर्मचारी भएर मैले अरूकोमा काम त गरेकी छैन तर पनि कर्मचारी भएपछि अरूको मातहतमा काम गर्नुपर्छ । आ□नो इच्छाअनुसार चल्न पाइँदैन । समयमा काम गर्ने कर्तव्यमात्र हुन्छ तर सञ्चालक हुँदा त बिग्रिएको-सप्रिएको सबै हेर्नुपर्ने हुँदा धेरै नै बोझ र तनाव हुँदोरहेछ ।

**फुर्सदमा के गर्नुहुन्छ ?**

- साथीभाइ भेला गरी रमाइलो गर्न मन लाग्छ । वृद्धवृद्धा भएको आश्रममा गई केही सहयोग गरौं जस्तो लाग्छ । यसबाहेक त अरू केही गर्न भ्याइँदैन र अरू गर्ने कल्पना गर्न पनि सकिँदैन ।

**श्रीमान्ले कत्तिको सहयोग गर्नुहुन्छ ?**

- उहाँले सक्दो सहयोग गर्नुएको छ तर बिनाकुनै हस्तक्षेप यो कार्य अघि बढाउन दिनु नै सबैभन्दा ठूलो सहयोग हो जस्तो लाग्छ ।

**घरायसी काममा उहाँले कत्तिको सहयोग गर्नुहुन्छ ?**

- उहाँ घरको काममा असाध्यै रुचि राख्नुहुन्छ । भ्याएको बेला घर को काम गर्नु हुन्छ । विशेषगरी घरमा सरसफाइ गर्न मन पराउनुहुन्छ ।

**एउटी आमाले छोराछोरीलाई कुन उमेरमा बढी ध्यान दिनुपर्छ जस्तो लाग्छ ?**

- विशेषगरी टिनएज सजिलै कुलतमा फस्ने उमेर हो । अनि अझ त्यही उमेर हो जसले भविष्य निर्धारण पनि गर्छ ।

**अहिलेको परिप्रेक्ष्यमा कस्ता महिलालाई सफल मान्न सकिन्छ ?**

- अहिले घरमा मात्र सीमित रहने स्थिति छैन । जमाना धेरै नै बदलिएको छ । त्यसैले घर र बाहिरको कामलाई सँगै अघि बढाउन सक्ने महिला नै सफल हुन्छिन् ।

**घरव्यवहार बिग्रँदा दोष सधैं महिलालाई मात्र किन आउँछ ?**

- पुरुषवादी सोच भएको हाम्रो समाजले पुरुषले गल्ती नगर्ने सोच राख्छ । भन्नलाई नारी-पुरुष एक रथका दुई पांग्रा भनिन्छ तर जब दुर्घटना हुन्छ त्यहाँ दोष दुइटै पांग्राको हुन्छ भन्नेचाहिँ कहिल्यै सोचिँदैन ।

**छोरी नभएकोमा कुनै गुनासो छैन ?**

-छोरीले सहयोग त धेरै गर्छन्, उहाँलाई पनि साह्रै मनपर्छ । भनिन्छ, छोरीको याद त बुढेसकालमा अझ बढी आउँछ, बेला पनि नभएकाले हो कि त्यति गुनासो भने छैन ।

**विवाहपछि दुईवटा सन्तान हुँदा पनि आफ्नो काम कसरी भ्याउनुभयो ?**

- मैले कुनै अप्ठेरो महसुस गर्नु परेन । एउटा छोरा मामाघरमै बसेकाले र अर्कोलाई मात्र हेरचाह गर्नु परेकाले खासै गाह्रो भएन ।

**तपाई फेसनअनुसारका पहिरन कत्तिको लगाउनुहुन्छ ?**

- म नयाँ डिजाइन आयो भने सिलाएर लगाइहाल्छु तर त्यो पहिरन मलाई सुहाउँछ कि सुहाउँदैन, त्यो पनि हेर्छु ।

**अध्ययनलाई किन निरन्तरता दिनुभएन ?**

- विवाहपछि पनि पढेर केही गर्ने सोच त थियो तर ठाउँ-ठाउँमा उहाँको पोस्टिङ र घरव्यवहारले गर्दा सम्भव भएन ।

**यो पेशामा लाग्न चाहने महिलाहरूलाई के भन्नुहुन्छ ?**

-लगानी र मेहनत गर्न डराउनुभएन ।

- संगीता कटुवाल

## पारिवारिक स्वास्थ्य



## सन्दर्भ : विश्व धूम्रपानरहित दिवस



डा. बालकृष्ण साह

गेनालाल कोइरी ६० वर्षीय पान पसले हुन् । करिब तीन वर्षअघि उनको मुखमा स-साना खटिरा आए । सुरुमा उनले स्थानीय औषधी पसलेको मद्दतले केही भिटामिन तथा मुख कुल्ला गर्ने औषधीको मद्दतले मुखको घाउ कम गरे तर घाउ निको हुन छाडेपछि राजधानी आएर विशेषज्ञसँग परीक्षण गराउदाँ उनमा मुखको क्यान्सर भेटियो ।

मुखको कुनै पनि भागका कोषिकामा असामान्य परिवर्तन भै अनियन्त्रित वृद्धि हुने वा निको नहुने घाउलाई मुखको क्यान्सर भनिन्छ । ओठ, गिजा, मुखको माथिल्लो भाग, जिब्रो, ऱ्याल ग्रन्थी, टन्सिल, मुखको तल्लो सतह तथा गालाको भित्री सतह जहाँ पनि क्यान्सर हुनसक्छ । मुखको क्यान्सर मुख्यतः दक्षिण एसियाली मुलुकहरूमा बढी पाइन्छ ।

**कारण**

धूम्रपान सेवन गर्ने व्यक्तिहरूमा धूम्रपान नगर्नेहरूको तुलनामा ६ गुणाले बढी क्यान्सर पाइएको छ । खासगरी पातमा सुर्ती बेरेर पिउनेहरूमा मुखभित्रको माथिल्लो भागको क्यान्सर भएको पाइएको छ ।

मुखको क्यान्सरको अर्को एउटा प्रमुख कारण हो- पान तथा पान मसला । अत्यधिक पान खाने तथा धेरैबेर पान च्यापेर राख्ने बानीले पनि मुखको क्यान्सर हुन्छ । पानमा प्रयोग गरिएको जर्दा, पत्ती तथा मीठा पानमा प्रयोग गरिएका विभिन्न मसला, गुलकन्द आदिमा क्यान्सर गराउने तत्त्व भएकाले यस्ता पदार्थ सेवन गर्ने व्यक्तिमा क्यान्सर हुने गरेको हो । सुर्तीको धूलोसँग सुपारी अर्थात् गुटकाहरूका कारण पनि मुखको क्यान्सर लाग्छ । सुर्ती सेवन गर्नु मुखको क्यान्सरको एउटा प्रमुख कारण हुन सक्छ ।

रक्तअल्पता, रिबोफ्लामिन (भिटामिन) को कमी, अत्यधिक मदिरापान आदिले पनि मुखको क्यान्सर गराउन सक्छ । त्यस्तै दाँतको संक्रमण, राम्रोसँग दाँत नभरेको, मुखको सफाइमा कमी जस्ता समस्याले पनि मुखको क्यान्सर निम्त्याउँछ ।

**कसरी थाहा पाउने ?**

मुखको क्यान्सरको प्रारम्भिक अवस्था ओठ तथा जिब्रोमा स-साना खटिरा लामो समयसम्म रहनु तथा ती खटिराहरू साधारण उपचारबाट निको नहुनु हो । रोग फैलँदै गएपछि घाउ ठूलो हुने, सुन्निने तथा दुख्ने हुन्छ । यस्तो अवस्थामा तुरुन्त चिकित्सकसँग परामर्श गर्नुपर्ने हुन्छ । क्यान्सर नै भएको ठहर गर्न केही जाँच अर्थात् कोष तन्तुको परीक्षण गर्नुपर्ने हुन सक्छ ।

**के उपचार छैन ?**

कतिपय मानिस अझै पनि क्यान्सरको नाम सुन्नेबित्तिकै आत्तिन्छन् वा डराउँछन् तर समयमै उपचार गराए मुखको क्यान्सर पूर्णरूपले ठीक हुन सक्छ ।

ओठ, जिब्रो तथा मुखको माथिल्लो (क्यान्सर भएको) भागसँगै वरिपरिको फराकिलो भाग शल्यक्रिया गरेर फाल्ने तथा उक्त ठाउँमा अन्य अंग तथा भागको मासु राख्ने क्रिया सबैभन्दा बढी लोकप्रिय छ ।

शल्यक्रियासँगै रेडियो थेरापी अर्थात् क्यान्सर भएको ठाउँका कोषहरू मर्नेगरी विभिन्न रेडियोएक्टिभ रेहरू दिनु पनि उपचारको अर्को उपाय हुनसक्छ । कसैकसैलाई औषधी पनि दिनुपर्ने हुनसक्छ । मुखको क्यान्सरको प्रकार तथा रोगीको अवस्थाका सम्बन्धमा नाक, कान, घाँटीका शल्य चिकित्सकले आवश्यक उपचार पद्धति छनौट गर्न सक्छन् ।

**बच्ने उपाय**

मुखको क्यान्सरको रोकथाम सरल एवं सम्भव छ । यसका लागि आफ्नो जीवनशैलीमा परिवर्तन ल्याउनुपर्छ ।

यो रोगबाट बच्न खैनी, सुर्ती, चुरोट, बिंडी तथा पान/सुपारी आदि सेवन गर्न छोड्नुपर्छ । मुखको सफाइमा विशेष ध्यान पुऱ्याउनुपर्छ । कृत्रिम दाँत लगाउन चाहने व्यक्तिले दन्तचिकित्सकको मद्दत लिनुपर्छ । मुखमा धेरै लामो समयसम्म कुनै खटिरा कायम रहे वा कुनै खराबी भए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुपर्छ । सयममै सजगता अपनाए मुखको क्यान्सर तथा यसको खर्चिलो उपचारबाट जोगिन सकिन्छ ।

## चुरोटको सर्कोसँगै थपिने समस्याहरू



युवापिँढीमा चुरोट तान्ने चलन बढ्दै गएको छ । स्कूले जीवनमै चुरोटको लत लाग्नेहरू धेरै भेटिन्छन् । चुरोटको प्रयोग बढ्दै गएको यथार्थसँगै विभिन्न किसिमका रोग पनि बढ्दै गएका छन् ।

नेपालमा महिलाले भन्दा पुरुषले बढी धूम्रपान गर्छन् । देशमा करिब एकतिहाइ पुरुषले चुरोट सेवन गर्छन् भने करिब १५ प्रतिशत महिलाले चुरोट सेवन गर्छन् । गर्भावस्थामा चुरोट सेवन गर्नु हुँदैन । यस्तो बेला सुर्ती सेवन गर्नाले शिशुको तौल कम हुने, दिएको समयभन्दा अघि नै शिशुमा विभिन्न किसिमका रोग देखा पर्ने तथा गर्भ तुहिने हुनसक्छ ।हाम्रो देशमा १० मध्ये १ गर्भवती महिलाले चुरोट, सुर्ती सेवन गरेको पाइन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रकाशन गरेको तथ्यांकका आधारमा नेपालमा सबैभन्दा बढी चुरोट-सुर्ती सेवन गर्ने प्रदेश हिमाली प्रदेश हो, जहाँ ४१ दशमलव ५ प्रतिशत पुरुष तथा २५ दशमलव ५ प्रतिशत महिलाले चुरोट सेवन गर्छन् । चुरोट, सुर्ती सेवन गर्नेहरूमा अधिकांश अशिक्षित र गरिब छन् ।

विश्व स्वास्थ्य संघका आधारमा विश्लेषण गर्दा चुरोटको धुवाँमा ४ हजारभन्दा बढी रसायन हुन्छन् जसमध्ये 'टार', एरोमाटिक, हाइड्रोकार्बन, नाइट्रोसमाइन, फेनोल, फोरमलडिहाइड, कार्बन मोनोअक्साइड आदि प्रमुख हुन् । यी सम्पूर्ण रसायनले हामीलाई केही न केही असर गर्छ, तर सबैको असर एकै किसिमको हुन्छ भन्ने छैन ।

धूमपानले मुख्य रूपमा रक्तसञ्चार प्रणाली, श्वास-प्रश्वास प्रणाली तथा पाचन प्रणालीका अङ्गहरूलाई असर गर्छ । संसारमा हुने मृत्युको १/५ कारण मुटु एवं त्यससम्बन्धी रोगहरूले हुन्छ र त्यसको सबैभन्दा महत्त्वपूर्ण कारण धूमपान रहेको एक अध्ययनले बताएको छ । अध्ययनले लाइट चुरोट चुरोटमा 'टार' कम भए पनि त्यसले रोग तथा क्यान्सर हुने सम्भावनालाई कम गर्ने कम्पनीहरूको दावी गलत भएको प्रमाणित गरेको छ ।

धूमपानको लत छुटाउन निकोटिन मात्र भएको चुइगम चकलेट आदिले मद्दत गर्छ । चुरोटको धुवाँमा निकोटिन पाइन्छ, यसले कुनै खराबी गर्दैन, लत मात्र लगाउँछ भन्ने दावी थियो । त्यसैले बजारमा चुरोट छोड्न चाहनेहरूका लागि त्यस्ता चुइगम आएको थियो । हालै गरिएको एक अध्ययनले उक्त कुरा गलत रहेको स्पष्ट पारेको छ । अध्ययनअनुसार निकोटिनले क्याटेकोलाइमन भन्ने रसायन निकाल्न मद्दत गर्छ, जसले रगत बोक्ने धमनीको भित्री तहमा घाउ लगाउने र त्यसपछि मोटो बनाउने हुन्छ । यसले रक्तनलीमा बोसोको मात्रा पनि बढाउँछ, जसले गर्दा एथरेस्कोलोसिस रोगलाई जन्म दिन्छ ।

धूम्रपान वा चुरोट सेवन गर्नाले श्वासनलीको भित्री भागमा रहेको मसिनो प्वालजस्तो सिलियाको चालमा खराबी ल्याउने, फोक्सोभित्रका ग्रन्थिहरूमा असर गर्ने, स-साना हावाका नलीमा अवरोध गर्ने तथा संकुचन गर्ने आदि भएकाले यसले 'दम' खोकीलाई जन्म दिन्छ भन्ने कुरा नयाँ होइन । फोक्सोको क्यान्सर भएका व्यक्तिलाई हेर्ने हो भने तीमध्ये ८० प्रतिशत चुरोट सेवन गर्नेहरू नै हुन्छन् । चुरोट सेवन गर्नेमध्ये ७० प्रतिशतलाई पेटको अल्सर (घाउ) हुने सम्भावना हुन्छ । यस्ता व्यक्तिलाई उच्च रक्तचाप, मधुमेह आदि हुने सम्भावना हुन्छ । गर्भवती महिलाले चुरोट सेवन गरे गर्भ तुहिने सम्भावना हुन्छ ।

डा. जानेट सनेस (आँखा रोग विशेषज्ञ) ले गरेको एक अध्ययनअनुसार चुरोटको सेवनले अन्धो बनाउँछ । चुरोटको सेवनले आँखाको म्याकुलर कोषहरू खराब तथा कमजोर हुँदै जाने प्रक्रियालाई चुरोटको सेवनले बढाउँछ, त्यसैले यो किसिमको अन्धोपन पचास वर्ष नपुग्दै आउन सक्छ ।

डा. पारिसन एल्डोज तथा उनका साथीहरूले गरेको अर्को अध्ययनअनुसार चुरोट सेवन गर्ने व्यक्तिहरूमा क्रोनस डिजिज (ठूलो आन्द्राको रोग) सानो आन्द्रामा हुन्छ । सानो आन्द्रामा भएपछि यसले रोग अझ बढी भित्रसम्म असर गर्नुका साथै सानो आन्द्रामा अवरोध गर्छ । त्यसैले तुरुन्त शल्यक्रिया गर्नुपर्ने हुन सक्छ । डा. पारिसनले धूम्रपानले आन्द्रामा हुन सक्ने अन्य असरका सम्बन्धमा अझ बढी अध्ययन तथा खोज हुनुपर्ने बताएका छन् ।

विश्वमै चुरोटको प्रयोग बढ्दै गएको वर्तमान अवस्थामा अन्य देशमा यसलाई व्यवस्थित गर्नेतर्फ योजनाकारहरू व्यस्त भए पनि हाम्रो देशमा सञ्चारका माध्यमहरूबाट धूम्रपान नगर्न अपिल गर्नुबाहेक केही विशेष पहल भएको देखिँदैन । यसलाई समयमै नियन्त्रण गर्नु धेरै रोगबाट बच्नु अनि बचाउनु हो ।

## जानकारी



- घरको चौक, दलान, कार्पेट आदि सफा गर्दा पानीमा आवश्यकताअनुसार नुन र तीतेपातीको झोल मिसाई छर्किए झिंगा तथा उपियाँबाट सजिलै बच्न सकिन्छ ।
- उपियाँ लाग्ने ठाउँमा फिनेलको प्रयोगले फाइदा पुऱ्याउँछ ।
- तीतेपातीको रस र अलिकति कपुर पिँधेर उडुसको प्रकोप भएको ठाउँमा छर्कँदा समस्या समाधान हुन्छ ।
- गुनकेशरीको जरा तथा गन्धक पिँधेर कुनै भाँडोमा राखे त्यसको गन्धले झिंगा आउँदैन ।
- आगोले पोल्नासाथ यदि फोका उठेको छैन भने तत्काल चिसो पानीमा डुबाई मह लगाउनाले आराम हुन्छ ।
- बरको कोपिला पानीमा घोटेर पिलाउँदा दिसा लागेको थामिन्छ ।
- कपडाको जुत्ता धूलो लागी फोहोर भएको छ भने तारपिनको तेल कपासमा भिजाई सफा गरे आकर्षक देखिन्छ ।
- लु लागे प्याज काटेर नाइटो वरिपरि दल्नाले आराम हुन्छ । साथै प्याजको सलादले भोक जगाई निद्रासमेत लगाउँछ ।
- बारुला, मौरी आदिले टोके प्याज काटेर दल्ने वा टिम्मुर पिसेर लेप लगाउँदा पीडा हराउँदै जान्छ ।

# प्रोफेसनल ड्रेसकोड



समय, परिस्थिति, अवसर, मौसम एवं व्यक्तिको रोजाइका अतिरिक्त कामको प्रकृति र ओहदाअनुसार अहिले प्रोफेसननल ड्रेसकोड अवधारणाले स्थान पाएको छ। पुरुषका लागि पाइन्ट-सर्ट तथा महिलाका लागि साडी, ब्लाउज वा अन्य टपका रंगमा केही विविधता पाइए पनि कालो कोटले कानुन व्यवसायी तथा सेतो कोटले चिकित्सा पेसालाई प्रतिनिधित्व गरेको देखिन्छ। सेतो रंगको महत्त्वसँगै अपरेसन थिएटरमा हरियो रंगको गाउन, मास्क आदिको अनिवार्यता पाइन्छ– चिकित्सकहरूको ड्रेसकोडमा। नर्सिङ पेसामा पनि सेतो रंगका साथै आकाशे नीलो, हरियो, क्रीम, गुलाबी आदि रंगका कुर्ता-सलवार, साडी, हाफ स्लिभ कोटको अनिवार्यता देखिन्छ।

दौरा-सुरुवालले नेपाली राष्ट्रिय पोसाकको पहिचान बोकेको छ। वर्षौंदेखि सरकारी कार्यालयहरूमा कार्यरत पुरुष कर्मचारीको पहिचान पनि बोकेको थियो दौरा-सुरुवालले, तर समय अनि आधुनिकतासँगै सरकारी कार्यालयमा अधिकृत, सहसचिव वा सोभन्दा माथिल्लो ओहदाका पुरुष कर्मचारीमा मात्र दौरा-सुरुवालले पहिचान बनाएको पाइन्छ।

दौरा-सुरुवालको अनिवार्यता राष्ट्रिय सभा-सम्मेलन र विशेष समारोहमा सीमित हुन पुगे पनि क्रिम, घिउ, खरानी, आकाशे नीलो आदि रंगका शरीरमा टम्म मिल्ने दौरा-सुरुवाल, शिरमा ढाकाटोपी र कोटले सरकारी कर्मचारीको ड्रेस कोडलाई बुझाउँछ। विशेष समारोहमा भने सेता रंगका दौरा-सुरुवाल, कालो कोट, कालो टोपी र कालो जुत्तालाई प्राथमिकता दिइएको पाइन्छ।

नेपाल टेलिभिजनको पर्दामा समाचारवाचकहरूले टेलिभिजन प्रारम्भ भएदेखि नै दौरा-सुरुवालकै प्रयोग गरे पनि पछिल्लो समयमा टाईसुट लगाउन थालेका छन्। समाचारवाचिकाहरूले पनि साडीदेखि सुट-पाइन्टसम्मको यात्रा तय गरिसकेका छन्। नेपाल टेलिभिजनका अतिरिक्त निजी क्षेत्रका च्यानलहरूमा पनि समाचार वाचन गर्नेहरूले सुट-पाइन्ट नै प्रयोग गर्छन्।

पार्टी, फर्मल तथा विजनेस वेअरका रूपमा चलनचल्तीमा रहेको सुट-पाइन्ट एक्जेक्युटिभ ड्रेस कोडका साथै अफिस वेयरका रूपमा समेत विकसित भएको पाइन्छ। डिजाइनमा खासै फरक नदेखिए पनि फेब्रिक र रंगका दृष्टिले भने अफिस वेयरका रूपमा विकसित सुट-पाइन्टमा विविधता रहेको कुरा द ह्यारी कलेक्सनका राजमान महर्जन बताउँछन्।

विभिन्न एयर लाइन्स तथा तारे होटलका कर्मचारीहरूको पहिरन तयार गर्दै आएका राजमानका अनुसार अधिकांश एयर लाइन्समा विमान चालक तथा परिचारिका र अन्य कर्मचारीको ड्रेस विमानको रंगसित मिलाइन्छ। उनका अनुसार विमान चालकको ड्रेस कोडमा भने प्रायः कालो तथा नेभीब्लु सुट र ह्वाइट सर्टको प्रचलन छ। कोट वा सर्टको काँधमा एपुलेट र स्लिभमा हुने गोल्डेन रंगको बारको संख्या भने डेढदेखि चारवटासम्म हुन्छ, जसले विमानचालकको ओहदाजस्तै क्याप्टेन, को-पाइलट वा पाइलटको चिनारी दिन्छ।





विमान परिचालिकाहरूका सम्बन्धमा भने ब्लु ब्ल्याक रंगका लेडिज कोट, लामो कलर भएको क्रिम कलरको सर्ट तथा कोटको रंगसित मिल्दो स्ट्रेट निलेन्थ स्कर्ट वा पाइन्ट प्रचलनमा छ। यसैगरी अफ ह्वाइट, आकाशे नीलो तथा क्रीम कलरका सर्टको प्रयोग पनि देखिन्छ विमान परिचारिकाहरूमा। यति एयरलाइन्समा भने साडीलाई पनि समेटिएको छ।

ट्राभल एजेन्सीहरूमा कार्यरत पुरुषवर्गमा सर्ट-पाइन्ट तथा महिलाहरूमा साडीको प्रचलनसँगै कालो, ब्राउन, मरुन, ऐलो, नीलो आदि रंगका लेडिज कोट, एलाइन तथा स्ट्रेट फिटेड नीलेन्थ स्कर्ट वा सिगरेट पाइन्टका साथमा सेतो, आकाशे नीलो, पहेंलो, क्रिम रंगका सर्टको प्रयोग पनि उत्तिकै देख्न पाइन्छ।

प्रोफेसनल ड्रेस कोडका सम्बन्धमा पहिरनको डिजाइन र रंगमा विविधता पाइने क्षेत्र हो– होटल व्यवसाय। फ्रन्ट अफिस, सेक्युरिटी, रुम सर्भिस, हाउस किपिङ, रेस्टुराँ, किचेनदेखि व्यवस्थापन क्षेत्रमा कार्यरत कर्मचारीहरूमा उनीहरूको कामको प्रकृति र ओहदाअनुसार छुट्टाछुट्टै ड्रेस कोड भेटिन्छ।

आफ्नो ओहदाको ज्ञान, जिम्मेवारीको बोधसँगै संस्थाप्रतिको बफादारिता र व्यक्तिको परिचयका लागि एउटै संस्थामा कार्यरत कर्मचारीमा पनि फरक-फरक ड्रेसकोडको आवश्यकता ओल्याउँछन् होटल व्यवसायीहरू। सोल्टी, अन्नपूर्ण, र्‍याडिसनजस्ता तारे होटलका कर्मचारीहरूको पहिरन तयार गर्दै आएका राजमान महर्जनका अनुसार होटल व्यवस्थापन र माथिल्लो तहका कर्मचारीमा अधिकतर कालो र नीलो रंगको सुट बढी प्रयोग भएका छन्। महर्जनका अनुसार हरियो मरुन र बेज कलर पनि प्रचलनमा छ।

फ्रन्ट अफिसमा कार्यरत महिला कर्मचारीमा साडीको प्रयोग बढी पाइए पनि अन्य विभागमा भने सुट-पाइन्टको प्रचलन छ, -राजमान बताउँछन्। कामको प्रकृति र ओहदाअनुसार सुटको रंग फरक हुनुका साथै सुटका अतिरिक्त ए लाइन वा स्ट्रेट फिटेड नीलेन्थ स्कर्ट, सिगरेट पाइन्ट आदिको प्रयोग पनि देखिन्छ।

किचेनतर्फ भने ह्वाइट, क्रिम, मरुन तथा हरियो रंग प्रयोग हुन्छ। सेफको ओहदाअनुसार एप्रोन प्रयोग हुने गरेको महर्जनले बताए। रेस्टुराँतर्फ भने अधिकतर कालो पाइन्ट, सेतो सर्ट, र कालो वेष्टकोटदेखि ओहदाअनुसार बटर□लाई टाई प्रयोग भएको पाइन्छ।

विभिन्न बैंक तथा राजदूतावासमा कार्यरत कर्मचारीहरूको पहिरन तयार पार्दै आएका श्रेष्ठ टेलरिङ सेन्टरका बीके श्रेष्ठका अनुसार हिजोआज सुट-पाइन्टको प्रचलन अफिस वेअरका रूपमा बढ्दो छ। विशेष गरी टेरीवुल र टेरिकटनका फ्याब्रिकको प्रयोगमा थ्री बटन कोट शैली बढी प्रचलनमा रहेको श्रेष्ठ बताउँछन्।

श्रेष्ठका अनुसार बैंकका कर्मचारीमा अकाशे नीलो कोट-पाइन्टका साथमा सेतो सर्ट, ग्रे कलरको सुटमा गुलाबी सर्ट, ब्ल्याक कोट-पाइन्टका साथमा ऐलो, ह्वाइट, सुन्तला वा खरानी रंगका सर्टको प्रयोग बढी पाइन्छ। यिनका अतिरिक्त बेज, ब्राउन, चकलेट, पिङ्क मरुन आदि रंग पनि चलनचल्तीमा छन्।

विभिन्न दूतावासमा ब्राउन रंगको सुट प्रयोगमा छ भने जापानी दूताबासमा ब्लु रंगको सुटको। यसैगरी अस्ट्रेलियन दुताबासमा ब्ल्याक सुट ड्रेस कोडका रूपमा छ। भारतीय दूतावासमा भने ग्रे रंगको सफारी सुटलाई पुरुषवर्गको र साडीलाई महिलावर्गको ड्रेसकोडका रूपमा प्रयोग गरिएको छ।

शिक्षण पेसामा संलग्न हुनेहरू सर्ट-पाइन्टमै रमाएका देखिन्छन्। तोकिएअनुसारको कलर कोड केही शिक्षण संस्थामा मात्रै सीमित रहे पनि शिक्षण पेसामा संलग्न महिलाहरूमा साडीको प्रयोग आम देखिन्छ। धेरै डिजाइन, वर्क वा कलरफुलभन्दा पनि सिङ्गल सेडेड, टाइन्डाइयुक्त र विशेष गरी बोर्डरमा केही हदसम्म डिजाइन भएका साडीले शिक्षिकाहरूको ड्रेस कोडको मान्यता पाएको छ।

सामान्य रूपमा प्रयोग नहुनु पनि यी साडीको विशेषता हो। शिक्षण पेसामा संलग्न महिलाहरूमा रातो, नीलो, प्याजी, पहेंलो, हरियो, सुन्तला, कालो, बेज, ब्राउन, खरानी आदि रंगका सिल्क, साटन सिल्क, कटन तथा सिफनका साडीहरूको प्रयोग बढी पाइन्छ।

उल्लेखित संस्थाहरूका अतिरिक्त साना-ठूला रेस्टुराँ, क्याफे, विभिन्न सरसामानका सोरुम, मार्केटिङ तथा एडभरटाइजिङ एजेन्सी, फाइनान्स कम्पनी, सेक्युरिटी सर्भिर्सेज, ठूलठूला कर्पोरेट एवं बिजनेस हाउसहरूमा पनि आ-आफ्नै हिसाबले ड्रेसकोड राखिएको पाइन्छ।

अधिकांश संस्थामा कार्यरत कर्मचारीको ड्रेस कोडमा केही समानता देखिए पनि रंगको छनौट र कलर कम्बिनेसनमा भने पृथक्ता भेटिन्छ। जसले गर्दा कुनै पहिरन लगाएको व्यक्ति देख्नेबित्तिकै फलानो संस्थाको कर्मचारी भन्ने बुझिन्छ। त्यसैले पनि अधिकतर संस्थाले आफ्ना कर्मचारीको ड्रेस कोडमा कलर कम्बिनेसनमा विशेष ध्यान दिएको देखिन्छ।

**रोजिन शाक्य**



## प्रोफेसनल ड्रेस कोडका केही नियम

**अफिस** वेयरका लागि प्लिट्सयुक्त परिधान उपयुक्त मानिन्छ। पातलो शरीर भएकाहरूका लागि भने स्ट्रेट फिटेड निलेन्थ बढी शोभनीय हुन्छ। यसका साथै पातलो प्लिट्सयुक्त पहिरन पनि उत्तिकै उपयुक्त हुन्छ। यिनका अतिरिक्त स्ट्रेट एङ्कल लेन्थ स्कर्टका साथमा फूल स्लिभयुक्त फिटेट टप पनि राम्रो हुन्छ। साडीको प्रयोगलाई प्राथमिकता दिनुहुन्छ भने स्टिच्ड साडी राम्रो मानिन्छ।

**अफिस** वेयरमा ह्वाइट, बेज, ब्ल्याक, ब्राउन, चकलेटी रंग बढी उपयुक्त हुन्छ भने गर्मीमा ऐलो, पिङ्क, अरेन्ज, एक्वा आदि रंग प्रयोग गर्न सकिन्छ।

**कर्पोरेट** बिजनेस वेअरमा महिलावर्गका लागि लेडिज कोटका साथमा सिगरेट पाइन्ट, लामो कलर भएको सर्ट तथा काल्फ लेन्थ बुटसँगै ह्यान्ड ब्याग, बेल्ट र जुत्ताको कलर कम्बिनेसनमा पनि ध्यान दिनुपर्छ। कालो रंग यसका लागि उपयुक्त हुन्छ।

**फेब्रिक** छनौटमा भने हेभी फेब्रिक तथा ट्वीड्स जहाँ जाडो मौसमका लागि उपयुक्त हुन्छ, त्यहीं गर्मीका लागि लिनेनन फ्याब्रिक।

**अफिस** वेयरमा साइनी, ग्लिटर भएका ठूल्ठूला पोल्का डटेड, हेभी डिजाइन भएका, प्रिन्टेड, टाई एन्ड डाई गरिएका पहिरन उचित मानिँदैन।

**मौसम** हेरी फुल तथा हाफ स्लीभयुक्त सर्ट प्रयोग गर्न सकिने भए पनि तिनीहरू सकेसम्म प्लेन अथवा भर्टिकल लाइनिङयुक्तलाई प्राथमिकता दिनुपर्छ र आफ्नो सर्ट आफूले लगाएको पाइन्ट वा स्कर्टभित्र मिलाएर पहिरिएको होस् भन्ने कुरामा विचार पुर्‍याउनुपर्छ।

**एक्जेक्युटिभ** वेयरमा फेब्रिकको छनौट महत्त्वपूर्ण हुने भएकाले नेचुरल फाइबरलाई प्राथमिकता दिनु राम्रो हुन्छ। साथै सोलिड कलरमा फ्लेनल, गेबरडिन, शेवीअट वा बड्र्स आई विभ आदि फेब्रिक उपयुक्त हुन्छ।



**सर्ट** वा कोटको बाहुलाको लम्बाइ, कलर र कफका सम्बन्धमा पनि ख्याल राख्नुपर्छ। सर्टको कफभन्दा कोटको स्लिभ अलिक लामो हुनुपर्छ भने सर्ट हातको लम्बाइभन्दा लामो नहोस् भन्ने कुरामा पनि ध्यान पुर्‍याउनुपर्छ। सर्टको रंगका सम्बन्धमा भने ब्लु बेस्ड, एलो बेस्ड, अफ ह्वाइट, हल्का क्रिम आदि रंग बढी उपयुक्त हुन्छ। कलरको शेप र साइज भने मुहारको आकार-प्रकारसित मिल्दो हुनु राम्रो हुन्छ।

**अफिस** वेअरमा सिल्क टाई सबैभन्दा उत्तम मानिन्छ। सोलिड कलरयुक्त धारीदार वा हल्का डट्सयुक्त टाई पनि उपयुक्त हुन्छ। टाईको नट राम्रो र लम्बाइले बेल्टको बक्कल छोएको हुनुपर्छ।

**पाइन्ट** इच्छाअनुसार क्रिज लेस, नन प्लिटेड वा यी दुवै कुरा भएका लगाउन सकिन्छ, तर बेली वा लुज शैली राम्रो मानिँदैन।

**तुनायुक्त** एङ्कलसम्म आउने छालाको कालो जुत्तालाई फर्मल जुत्ताका रूपमा प्रयोग गरिए पनि टुना नभएका कालो वा ब्राउन कलरको छालाको जुत्तालाई फर्मल वेयरमा प्रयोग गर्न सकिन्छ। मोजामा भने काल्फ लेन्थको ह्वाइट तथा ब्ल्याकलाई बढी उपयुक्त मानिन्छ। सकेसम्म मोजा र बेल्टको रंग मिलाउन सके राम्रो हुन्छ।

# खेलाडी पर्खिरहेको एउटा गल्फ मैदान



नवलपरासी– चार वर्षअघि निर्माण गरिएको नवलपरासीको गल्फ कोर्स अहिले खेलाडी पर्खेर बसेको छ। एकातिर गल्फ मैदान नपाएर खेलाडीहरू निराश छन् भने अर्कातिर खेलाडी नपाएर गल्फ मैदान रित्तै छ। नवलपरासी जिल्लाको चौधरी उद्योग ग्रामस्थित गल्फ मैदान उपयोगविहीन अवस्थामा छ। मुलुकमा जारी हिंसात्मक द्वन्द्वकै समयमा जोखिम मोलेर उद्योगपति विनोद चौधरीले यो गल्फ कोर्स निर्माण गरेका हुन्।

उद्योग ग्रामका रामकाजी सिटौलाका अनुसार उद्घाटनकै समयमा यहाँ विदेशी खेलाडीको सहभागितामा गल्फ प्रतियोगिता भएको थियो। त्यसयता द्वन्द्वका कारण यहाँ कुनै प्रतियोगिता आयोजना गर्न सकिएको छैन। सिटौलाका अनुसार मुलुकमा शान्ति छाउँदै गएकाले अब यो गल्फ कोर्सलाई व्यावसायिक रूपमा सञ्चालन गर्ने सोच उद्योगले लिएको छ। मुलुकमा सीमित गल्फ खेलाडी हुनु, गल्फ अरू खेलभन्दा महँगो हुनु तथा प्रचार प्रसारको अभावजस्ता कारणले यो गल्फ मैदान खाली छ।

उद्योग ग्रामले दिएको जानकारीअनुसार यो ९ होलको गल्फ मैदान हो। मैदान करिब १० बिगाहा क्षेत्रफलमा फैलिएको छ। यो मैदान प्रसिद्ध गल्फ खेलाडी घनश्याम थापाले डिजाइन गरेका हुन्। दुई वर्षअघिसम्म यहाँ विदेशी राजदूतहरू सौखका लागि गल्फ खेल्न आउँथे। अहिले मैदान मेन्टेन गर्ने काम मात्र भएको छ। मैदानलाई चुस्त राख्न दूबो रोप्ने, ड्रेसिङ गर्ने, सिंचाइ गर्ने, शीत झार्ने, मलबीउ राख्ने, कीटनाशक औषधी छर्कने तथा रोलिङ गर्ने काम दिनहुँ भैरहेको छ।

यहाँ गल्फ कोर्स निर्माण गरिएपछि काठमाडौंका विभिन्न तारे होटलसँग सम्पर्क गरेर विदेशबाट आएका गल्फका सौखिनहरूलाई नवलपरासी भित्र्याउने क्रम सुरु हुँदा-नहुँदै द्वन्द्वका कारण उक्त प्रक्रिया रोकिएको थियो। उद्योग ग्रामका महाप्रबन्धक रामभक्त केसीका अनुसार गल्फ मैदानमा खेलाडीका लागि आवश्यक पर्ने सम्पूर्ण सुविधा उपलब्ध छन्। यहाँ तातो-चिसो पानी, विश्राम कक्ष, बास बस्ने ठाउँ, रेस्टुराँ, ड्रेसिङ रुम सबै सुविधा उपलब्ध छन्।

यो मैदान पूर्व-पश्चिम राजमार्गको गैंडाकोट-कावासोती खण्डको भेडाबारी भन्ने ठाउँमा पर्छ। राजमार्ग सँगै जोडिएकाले खेलाडीहरूलाई यहाँ आउन-जान यातायातको समस्या पर्दैन। उद्योग ग्रामले काठमाडौं तथा सौराहा आउने विदेशी पर्यटकलाई गल्फका लागि निम्तो दिएको छ। सौराहाबाट गल्फ कोर्स रहेको ठाउँ करिब ४५ किलोमिटर पश्चिममा पर्छ। काठमाडौंबाट यो करिब डेढ सय किलोमिटर दक्षिण-पश्चिममा पर्छ।

नेपाल उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष वीरेन्द्र अग्रहरी यहाँ नियमित गल्फ प्रतियोगिता आयोजना गरिनुपर्ने सल्लाह दिन्छन्। 'उद्योग ग्रामले गल्फ मैदान छ भन्ने जानकारी दिनका लागि प्रतियोगिता आयोजना गर्नु उपयुक्त हुन्छ,' अग्रहरीले भने– 'नवलपरासीको पर्यटन एवं खेलकुद विकासमा यो गल्फ मैदानले ठूलो टेवा पुर्‍याउन सक्छ।'

**चेतन अधिकारी**

# संकटमा देशकै जेठो गल्फ कोर्स

धरान- लिजमा लिएको क्लबले चरणबद्ध रूपमा संरचना नष्ट गरिरहेकाले धरानस्थित देशकै जेठो धरान गल्फ कोर्स संकटमा परेको छ। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वामित्वमा रहेको गल्फ कोर्स सन् २००० देखि ५० वर्षका निम्ति हाउजिङ एन्ड लिजिङको निर्वाणा कन्ट्री क्लबले भाडामा लिएदेखि नै कोर्सको संरचना भत्काउँदै गएको खेलाडीहरूले आरोप लगाएका छन्।

दुई वर्षयता कोर्स एरियामा करिब दुई दर्जन जर्सी गाई पालेर दुग्ध व्यवसाय सञ्चालन गरिँदै आएको छ। एक वर्षअघि डढेलो लगाएर गल्फ कोर्सको केही क्षेत्र जोतिएको थियो। कोर्स एरियामा मकै र केराखेतीसमेत हुँदै आएको छ। साढे दुई वर्षअघि नै कोर्समा रहेका सखुवा, जामुन तथा सिसौका ७ वटा रूख काटिएका थिए। गल्फमा रूखलाई फुटबल म्याचमा रेफ्रीजत्तिकै महत्त्वपूर्ण मानिन्छ।

गल्फ कोर्सको संरचना चरणबद्ध रूपमा नष्ट भैरहेको जानकारी प्रतिष्ठान, राष्ट्रिय खेलकुद परिषद् एवं धरान नगरपालिकालाई जानकारी गराइसकेको धरान गल्फ क्लबका अध्यक्ष शंकरमान शाक्यले बताए। 'तर अहिलेसम्म कुनै कारबाही भएको छैन', शाक्य भन्छन्– रूख काटेको विरोधमा इलाका तथा जिल्ला वन कार्यालयमा उजुरी हालेका थियौं तर सुनुवाइ भएन।' गल्फका व्यावसायिक खेलाडी देवराज पाखिन भन्छन्- 'अहिलेको स्थितिमा यो कोर्समा अभ्यास गरी प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सक्ने सम्भावना छैन। यो कोर्स अब शारीरिक कसरतका लागि मात्र उपयुक्त छ।'

कोर्स एरियामा ट्र्याक्टर कुद्नुलाई सामान्य मानिन्छ। गल्फ कोर्सको सूचना बोर्डमा दूध बिक्रीकै सूचना टाँसिएको छ। चार वर्षअघि रोपिएका सयौं केराका बोटले नियमित फल दिइरहेका छन्। बालुवा हुनुपर्ने कोर्सका बंकरहरू माटोले भरिएका छन्। कोर्स एरियामै दुईवटा ठूला खाल्डा छन्। अत्यन्त न्यून पानी हालिएकाले मैदानमा हरियो दुबोको सट्टा घाँस, लेउ र माटो रहेको खेलाडीहरूको गुनासो छ। गल्फ हाउसमा रेस्टुराँ सञ्चालन गरिएको छ भने गल्फ अफिसलाई भान्साघर बनाइएको छ।

निर्वाणाले लिजमा लिनुअघि यहाँ ५०-५५ जना खेलाडी नियमित अभ्यास गर्थे। अहिले ३-४ जनाभन्दा बढी हुँदैनन्। गल्फका व्यावसायिक खेलाडी मणि राई भन्छन्- 'यो नाम मात्रको गल्फ कोर्स भैसकेको छ। मैदान एकदमै हार्ड छ। यहाँ अभ्यास गरेर काठमाडौंका खेलाडीसँग प्रतिस्पर्धा गर्नु भनेको फलामको चिउरा चपाउनु हो।' खेलाडीले गल्फ सेट पनि दैनिक घरबाटै बोकेर लानुपर्ने अवस्था छ। शुल्क नतिरेकाले गल्फ सेट नराखिएको निर्वाणाका एकाउन्ट एक्जुकेटिभ शंकर सुवेदीको दाबी छ। कोर्स लिजमा लिएपछि वार्षिक रूपमा दक्षिण एसियाली स्तरका गल्फ प्रतियोगिता आयोजना गर्ने निर्वाणाका निर्देशक शशिराम भण्डारीले बताएका थिए, तर निर्वाणाले हालसम्मकै एकमात्र प्रतियोगिताका रूपमा राजाको सक्रिय शासनकालमा युवराज पारसको जन्मोत्सवमा स्थानीय खेलाडीहरूबीच प्रतियोगिता सञ्चालन गरेको थियो। धरान गल्फ क्लबले भने वार्षिक आधा दर्जन प्रतियोगिता आयोजना गर्दै आएको छ।

व्यावसायिक खेलाडीले विश्वका जुनसुकै कोर्समा नि:शुल्क अभ्यास गर्न पाउने नियम रहेको खेलाडीहरू बताउँछन्। नेपाल तथा जर्मनीमा व्यावसायिक खेल खेलिसकेका सविन सापकोटासहित व्यावसायिक खेलाडीहरू मणि राई, देवराज पाखिन, सुमन सापकोटा तथा शुक्रराज लिम्बूसँग निर्वाणाले शुल्क मागिरहेको छ। एकाउन्ट एक्जुकेटिभ सुवेदी भन्छन्- 'सित्तैंमा खेल्न दिंदैनौं। धेरैले पैसा तिर्दैनन्। नि:शुल्क खेल्नका निम्ति व्यावसायिक खेलाडीहरूले प्रक्रिया पुर्‍याएका छैनन्।' निर्वाणा तथा खेलाडीहरूबीच विवाद बढ्दै गएपछि कोर्समा खेलाडीलाई प्रवेश गर्न प्रतिबन्धसमेत लगाइएको थियो। प्रतिष्ठानमा निमित्त उपकुलपति हुँदा डा. रूपा सिंहले खेलाडीलाई खेल्ने वातावरण मिलाउन तथा कोर्सको संरक्षण गर्न चेतावनी दिँदै निर्वाणालाई पत्राचार गरेका थिए। त्यसपछि खेलाडीले पुन: खेल्ने मौका पाएका थिए।

निर्वाणाले कोर्स मूल्यमा अत्यधिक वृद्धि गरेको धरान गल्फ क्लबको आरोप छ। वार्षिक ५ हजार रुपैयाँबाट वृद्धि गरी दुई वर्षअघि प्रतिखेलाडी १२ हजार रुपैयाँ पुर्‍याइएको थियो। पुन: गत वर्ष त्यसलाई दोब्बर वृद्धि गरी वार्षिक २४ हजार रुपैयाँ पुर्‍याइयो।



कोर्स धरान गल्फ क्लबले सञ्चालन गर्दा प्रतिखेलाडी मासिक ३ सय रुपैयाँ शुल्क लिइथ्यो। अन्तर्राष्ट्रिय स्तरको कोर्सको संरक्षण गर्न नसकिरहेको यो अवस्थामै नाइट गल्फ सञ्चालन गर्ने तयारी भैरहेको निर्वाणाले जनाएको छ।

यहाँ गोर्खा भर्ती केन्द्र रहँदा आपतकालीन अवतरणका निम्ति बनाइएको एयरपोर्टलाई सन् १९६० मा सौखिन बेलायतीहरूले १८ होल ७० पारको गल्फ कोर्समा रूपान्तर गरेका थिए। भर्ती केन्द्र पोखरा सारिएपछि धरान गल्फ क्लबले यसको संरक्षण गर्दै आएको थियो। गल्फ कोर्स डिजाइनिङमा एसियामै कहलिएका नफिल्डले यो गल्फ कोर्स डिजाइन गरेका थिए। धरान र नवलपरासीमा एक-एक, पोखरामा दुई तथा काठमाडौंमा तीनवटा गरी नेपालमा कुल सातवटा गल्फ कोर्स छन्।

**राजु घिसिङ**

## क्षेत्रीय तेक्वान्दोमा रूपन्देही प्रथम



बुटवल– रूपन्देहीको शंकरनगरमा शुक्रबारदेखि तीन दिनसम्म चलेको 'प्रथम शंकरनगर आमन्त्रण पश्चिमाञ्चल क्षेत्रीय तेक्वान्दो प्रतियोगिता' मा रूपन्देही टिम प्रथम, कास्की टिम द्वितीय तथा आयोजक शंकरनगर तेक्वान्दो डोजाङ 'ए' तृतीय भएका छन्। ११ जिल्लाका २ सयभन्दा बढी खेलाडीले विभिन्न १३ तौलसमूहमा गरेको प्रतिस्पर्धामा कास्कीका किरण परियार एवं पाल्पाकी सोभा थापा सर्वोत्कृष्ट खेलाडी घोषित भए।

प्रतियोगितामा महिलातर्फ २६-६० केजी तौलसमूहमा पार्वती पाण्डे (नवलपरासी) प्रथम र राखी शर्मा ( कास्की) द्वितीय, ३१-३५ केजी समूहमा सालु गुरुङ (आयोजक ए) प्रथम र तारा पराजुली (नवलपरासी) द्वितीय, ४३-४७ केजी तौलसमूहमा शर्मिला राना (रूपन्देही) प्रथम र बेबिना गुरुङ (बाग्लुङ) द्वितीय, ४७-५१ केजी तौलसमूहमा शोभा थापा (पाल्पा) प्रथम र लक्ष्मी राना (रूपन्देही) द्वितीय तथा ५१-५५ केजी तौलसमूहमा रेखा खनाल (रूपन्देही) प्रथम र रेकमाया गुरुङ (कास्की) द्वितीय भए।

यस्तै पुरुषतर्फ २२-२६ केजी तौलसमूहमा नीरज भण्डारी (बाग्लुङ) प्रथम र कमल शेर्पाइली (दाङ) द्वितीय, २६-३० केजी तौलसमूहमा मनिराम चौहान (पाल्पा) प्रथम र सुशील रेग्मी (नवलपरासी) द्वितीय, ३१-३५ केजी तौलसमूहमा अमृत खड्का (रूपन्देही) प्रथम र श्रवणकुमार बुढामगर (नेपालगन्ज) द्वितीय, ३६-४१ केजी तौलसमूहमा दीपक पौडेल (आयोजक ए) प्रथम र राजु कार्की (कास्की) द्वितीय, ४१-४५ केजी तौलसमूहमा लक्ष्मण मल्ल (आयोजक ए) प्रथम, सन्तोष तामाङ (कास्की) द्वितीय, ४५-४९ केजी तौलसमूहमा विष्णुकुमार चौधरी (रूपन्देही) प्रथम र हिमांशु श्रेष्ठ (नवलपरासी) द्वितीय, ५०-५४ केजी तौलसमूहमा सचिन परियार (बाग्लुङ) प्रथम र सोभित शाही (आयोजक ए) द्वितीय, ५४-५८ केजी तौलसमूहमा किरण परियार (कास्की) प्रथम र ध्रुव केसी (दाङ) द्वितीय, ५८-६२ केजी तौलसमूहमा सुरज बजगाईं (कास्की) प्रथम र रामबहादुर घर्तीमगर (दाङ) द्वितीय तथा ६२-६७ केजी तौलसमूहमा शंकर कार्की (कास्की) प्रथम र सुधीर श्रेष्ठ (आयोजक बी) द्वितीय भए।

## युनिक ब्वाइजलाई उपाधि

बुटवल– सेमलार युवा क्लबद्वारा रूपन्देहीको ग्रामीण क्षेत्र सेमलारमा आयोजित टेनिस बल क्रिकेट प्रतियोगिताको उपाधि युनिक ब्वाइज क्लब बुटवलले हात पारेको छ।

रूपन्देही, कपिलवस्तु र पाल्पा जिल्लाका २९ टिमको सहभागिता रहेको उक्त प्रतियोगिताको फाइनल खेलमा युनिक ब्वाइजले आयोजक क्लबलाई दुई विकेटले पराजित गरेको थियो। आयोजक सेमलार युवा क्लबले पहिले ब्याटिङ गर्दै ७२ रनको योगफल तयार पारेको थियो, जसमा मुकेश भुसालले सर्वाधिक ३१ रन प्रहार गरेका थिए। युनिक ब्वाइजले ७३ रनको विजय लक्ष्य ८ विकेटको क्षतिमा पूरा गरेको थियो। युनिकका सन्दीप श्रेष्ठले १५ रनको योगदान दिएका थिए भने सागर खड्काले पाँच विकेट झारेका थिए। विजेता टिमलाई रु. १० हजार नगद पुरस्कार प्रदान गरिएको छ।

## महिला क्रिकेटमा बाँकेको सानदार जित

बुटवल- रूपन्देही क्रिकेट संघको आयोजनामा भैरहवाको सिद्धार्थ रंगशालामा सञ्चालित महिला क्रिकेट प्रतियोगितामा घरेलु टिम रूपन्देहीलाई तीनवटै खेलमा सजिलै हराएर बाँकेको नेपालगन्ज टिमले श्रृङ्खलाको उपाधि कब्जा गर्‍यो। ४० डिग्री सेन्टिग्रेडमाथिको प्रचण्ड गर्मीबीच सिद्धार्थ रंगशालामा बिहीबार सुरु भएको प्रतियोगिताको पहिलो खेलमा ३० रनले, दोस्रो खेलमा ६ विकेटले र अन्तिम खेलमा ८ विकेटको फराकिलो अन्तरले रूपन्देहीलाई पराजित गरेर नेपालगन्जले आफूलाई सशक्त टिम साबित गर्‍यो।

प्रतियोगितामामा नेपालगन्जकी तृष्णा सिंह पर्सन अफ द सिरिज, नेपालगन्जकै बिनु बूढामगर बेस्ट बलर तथा रूपन्देहीकी सरस्वती लामगादे बेस्ट ब्याट्सओमन तथा रूपन्देहीकै मधु थापा मिस ब्लास्टरका रूपमा पुरस्कृत भए।

**– टोपराज शर्मा**

## मेयरकप फुटबल

गाईघाट- राजाको शासन कालसँगै दुई वर्षदेखि रोकिएको गाईघाटको आठौं मेयर कप फुटबल प्रतियोगिता जेठ ८ गतेदेखि सञ्चालनमा आएको छ। सात विद्यार्थी संगठनले गठन गरेको लोकतान्त्रिक युवा संघले आयोजना गरेको उक्त प्रतियोगितामा त्रियुगा नगरपालिकाभित्रका १७ वटा वडाको सहभागिता छ। खेलमा प्रथम, द्वितीय तथा तृतीय हुने टिमले क्रमश: ५ हजार, ३ हजार र १ हजार नगद पुरस्कार पाउनेछन्। यो प्रतियोगिताको फाइनल खेल जेठ २३ गते हुनेछ।

## क्षेत्रीय तेक्वान्दोमा मोरङ प्रथम



विराटनगर- गाउँस्तरीय खेल प्रतियोगिता नभैरहेका बेला मोरङको बाहुनी गाविसमा क्षेत्रीय स्तरको तेक्वान्दो प्रतियोगिता सम्पन्न भएको छ। बाहुनी तेक्वान्दो डोजोको आयोजनामा भएको पूर्वाञ्चलस्तरीय क्षेत्रीय तेक्वान्दो प्रतियोगितामा सात स्वर्ण, दुई रजत तथा एक कास्य पदक प्राप्त गरी मोरङले पहिलो स्थान हासिल गरेको छ।

प्रतियोगितामा तीन स्वर्ण, एक रजत र तीन कास्य पदक प्राप्त गर्दै झापा दोस्रो भयो भने दुई स्वर्ण, दुई रजत र पाँच कास्य पदक प्राप्त गर्दै सुनसरी तेस्रो भएको छ। प्रतियोगिताको उत्कृष्ट खेलाडीको उपाधि राजु रानामगर तथा अञ्जली राईलाई प्रदान गरिएको छ। प्रतियोगितामा पुरुषतर्फ १० वटा तौल समूह र महिलातर्फ तीनवटा तौल समूहमा प्रतिस्पर्धा भएको थियो।

**कमल रिमाल**

## नेपाललाई चौध स्वर्ण

काठमाडौं- नेपाल सितेरियो कराँते संघले आयोजना गरेको १३ औं अन्तर्राष्ट्रिय हाइस्कुल कराँते तथा किक बक्सिङ प्रतियोगितामा नेपालले १४ स्वर्ण पदक जितेर पहिलो स्थान हासिल गरेको छ। उक्त प्रतियोगितामा भारतले ७ स्वर्ण पदक जितेर दोस्रो स्थान हासिल गरेको थियो।

त्रिपुरेश्वरस्थित कभर्डहलमा आयोजित प्रतियोगितामा कुमुतेतर्फ २० किलोग्राम समूहमा स्वर्ण पदक जितेका नेपालका रोशेष श्रेष्ठ प्रतियोगिताकै उत्कृष्ठ खेलाडी समेत घोषित भएका थिए। यसैगरी कुमुतेको महिलातर्फ ४० किलोग्राम तौल समूहमा प्रतिस्पर्धा गरेकी कमल नेग माविकी जागृति पाख्रिन स्वर्ण पदक सहित यो विधाका लागि उत्कृष्ठ खेलाडी घोषित भइन्। यसैगरी २५ किलोग्राम तौल समूहमा रहेर पुरुष कुमुतेतर्फ स्वर्ण पदक जितेका प्रवीण मानन्धर उक्त विधामा उत्कृष्ठ खेलाडी छनौट भए।

महिला किक बक्सिङको ४५ किलोग्राम तौल समूहमा रहेर स्वर्ण पदक जितेकी भारतकी विनीता जोशी किक बक्सिङका लागि उत्कृष्ठ खेलाडी तथा ५० किलोग्राम तौल समूहको पुरुषतर्फ सहभागिता गरेर स्वर्ण पदक जितेका राजेश महर्जन उत्कृष्ठ खेलाडी घोषित भए।

## ठूलो टुँडीखेल बन्ने

इलाम– जिल्लास्तरीय खेलकुद आयोजना हुने ठूलो टुँडिखेलको मुहार फेरिने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले गोल प्रोजेक्टअन्तर्गत सन् २००८ मा खेल मैदानका लागि १५ लाख उपलब्ध गराउने भएपछि ठूलो टुँडीखेलको थप विकास हुने भएको हो। प्राप्त रकमले सदारमुकामछेवैमा रहेको टुँडिखेलको विस्तार, पर्खाल निर्माण एवं नाली र बाटोको व्यवस्था गरिने भएको छ। ठूलो टुँडीखेल मर्मत गरिएपछि थप सुविधा उपलब्ध हुने कुरा पूर्वाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका सदस्य मंगेश बस्नेतले बताए।

**–शिव मुखिया**

# राजेन्द्र प्रकरण : दोषी को ?



दसौं सागमा शक्तिवर्धक औषधी सेवन गरेको प्रमाणित भएका राजेन्द्र भण्डारी प्रकरणमा राष्ट्रिय खेलकुद परिषद अझैसम्म अनिर्णित देखिएको छ। उक्त प्रतियोगितामा दुई स्वर्ण पदक विजेता धावक भण्डारीको रगत तथा मूत्र परीक्षण गर्दा नेराइन्डोन स्टोन भेटिएपछि सुरु भएको यो प्रकरण दुई प्रशिक्षक नारायण प्रधान र सुशीलनरसिंह राणालाई कारबाही गरेर त्यसै थन्किएको छ।

मलेसियाको पेनानको सिफारिसमा रहेको वार्डर ल्याबले गरेको परीक्षणमा भण्डारी दोषी पाइएको दक्षिण एसियाली खेलकुद महासंघले २०६३ साल असोज ६ गते राष्ट्रिय खेलकुद परिषदलाई जानकारी गराएको थियो। जानकारी पाएलगत्तै परिषद्ले मुख्य प्रशिक्षक प्रधान तथा प्रशिक्षक राणालाई निलम्बन गर्दै राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष सीताराम मास्केलाई छानबिनको जिम्मा दिंदै आयोग गठन गरेको थियो।

शक्तिवर्धक औषधी सेवन गरेको प्रमाणित भएका भण्डारीलाई दुई वर्षको निलम्बन मात्र गरिएको छ। परिषद्को हालसम्मको क्रियाकलाप हेर्दा भण्डारी प्रकरणका लागि गठन गरिएको आयोगले प्रशिक्षक प्रधान र राणामाथि पूर्वाग्रह साँध्ने एउटा बाहना मात्र बनाएको देखिन्छ। पछिल्लो समय परिषद्ले प्रशिक्षक प्रधान तथा राणामाथिको निलम्बन फुकुवा गरेको छ भने आयोगलाई चित्तबुझ्दो जवाफ नदिएका कारण पाँच वर्षका लागि उनीहरूको बढुवा रोक्का गरिएको छ। प्रधान र राणा राष्ट्रिय खेलकुद परिषद्को निर्णयविरुद्ध न्यायालय जान सक्ने बताउँछन्।

आयोगको प्रतिवेदनले पूर्वसदस्य-सचीव किशोरबहादुर सिंहलाई बयानका लागि उपस्थित नभएको जनाउँदै दोषी ठहऱ्याइएको छ, साथै जर्मन नेपाल एथलेटिक्स परियोजनाका प्रमुख गुन्टर लागेलाई पनि मुख्य दोषी ठहऱ्याइएको छ, तथापि उनीहरूलाई यस विषयमा कारबाही भने हुन सक्केको छैन।

खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ भन्छन्- 'भण्डारी प्रकरणमा प्रधान र राणा नै मुख्य रूपमा दोषी रहेको हुँदा पाँच वर्षसम्म बढुवा नगर्ने निर्णय गरेका हौं। उहाँहरूलाई बुझाइएको पत्रमा लेखिएको कुरा सच्याउन आवश्यक छ। यसको अर्थ उहाँहरू निर्दोष भने होइन।' श्रेष्ठले भने। जर्मन दूतावासले राष्ट्रिय खेलकुद परिषद्को प्रतिवेदन पूर्वाग्रही भएको ठहर गर्दै खण्डन गरे पनि यही घटनाका कारण नेपाल जर्मन कूटनैतिक सम्बन्धमा पनि प्रतिकूल प्रभाव पर्ने लक्षण देखिएको छ।

घटनामा दोषी ठहऱ्याइएका सिंह, राणा र प्रधानका अनुसार भण्डारीका लागि त्रिपुरेश्वरस्थित नीलम औषधीपसलबाट औषधी खरिद हुने गरेको थियो। घटनामा संलग्न भण्डारी भने प्रशिक्षकले दिएको औषधी र लिभर टोनिकका रूपमा ली-५२ प्रयोग गरेको दावी गर्छन्।

उनी मात्र डोपिङमा असफल हुनु र डोपिङ टेस्ट गराइएका अर्का धावक अर्जुन बस्नेत सफल हुनुले भण्डारीको दाबी अस्वाभाविक देखिन्छ। चिकित्सा विज्ञानका अनुसार नेराइन्डोन स्टोनले लिभर कमजोर बनाउने भएका कारण पनि भण्डारी आफैंले औषधी प्रयोग नगरेको तर्कलाई थप बल प्रदान गरेको छ।

सोही सागमा नेराइन्डोन भेटिएकी श्रीलंकाली धाविकाले भने यो प्रकरणबाट छुट्कारा पाइसकेकी छिन्। श्रीलंकाली ओलम्पिक कमिटीले वार्डर ल्याबको विश्वसनीयतामाथि शंका व्यक्त गर्दै आयोजक कमिटीसमक्ष पुनरावेदन गरेपछि उनलाई डोपिङको आरोपबाट फुकुवा गरिएको थियो। श्रीलंकाको घटनापछि पनि नेपालले यस विषयमा कुनै पहल नगर्नुले नेपाली अधिकारीहरूको नियतमाथि प्रश्न उठेको छ। यसअघि भारतीय ल्याब रानी ब्याक्सीले गरेको पहललाई पनि नेपालले बेवास्ता गरेको थियो। यो प्रकरणमा परिषद् छानबिन आयोगको सुझावलाई कार्यान्वयन गर्दै अघि बढ्ने बताइए पनि यस विषयमा प्रस्ट धारणा राख्न नसकेपछि परिषद् आफैं घटनालाई ढाकछोप गर्न लागेको देखिन्छ।

हाल निलम्बनमा परेका भण्डारीका साथमा उनले पाएको भने पदक यथावत् छ। 'दक्षिण एसियाली खेलकुद हार्ड एन्ट टाइट नियमभन्दा पनि भाइचाराको मानसिकतामा चलेको छ। यस कारण पदक खोसेर लिइएको छैन। डोपिङमा असफल भएपछि नैतिकताका आधारमा आफैंले फिर्ता गर्नुपर्छ,' प्रशिक्षक राणा बताउँछन्।

पछिल्लो घटनाले पनि परिषद् साँघुरो सोचाइबाट गुज्रिएको देखिन्छ। भण्डारी प्रकरणमा छानबिनमा परेका तथा हाल निर्दोष सावित भैसकेका प्रधान र राणालाई सरकारबाट प्राप्त हुने नगद पुरस्कारबाट समेत वञ्चित गरियो। स्मरण रहोस्, राणा र प्रधानकै प्रशिक्षणमा सोही साग खेलमा कान्छीमाया कोजू तथा अर्जुन बस्नेतले रजत पदक जितेका थिए।

**–मनोज घिमिरे**

## ५ प्रश्न



*वाई. बी. घले कुनै समय लोकप्रिय फुटबल खेलाडीका रूपमा परिचित थिए। नेपालमा उनको आफ्नै परिचय भए पनि घले भिक्टोरिया क्रस विजेता गजे घलेका छोरा पनि हुन्। नेपाली फुटबललाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन २५ वर्षदेखि गणेश थापासँगै रहेका घले अहिले एन्फा अध्यक्ष थापाको विरुद्धमा उत्रिएका छन्। घले आफ्नो विद्रोह थापाका कमी-कमजोरीहरूलाई सुधार गर्दै नेपाली फुटबलको स्तर बढाउन केन्द्रित भएको बताउँछन्।*

**२५ वर्षदेखि गणेश थापासँग रहेको मित्रतालाई एक्कासि कसरी छोड्नुभयो ?**

हाम्रो मित्रता फुटबलकै कारणले थियो। हामी फुटबलको मैदानदेखि अहिले टेबलसम्म सहयोगीका रूपमा थियौं। सक्रिय खेलजीवनबाट संन्यास लिएपछि हामी नेपालको नयाँ पुस्तालाई उचाइमा पुऱ्याउनुपर्छ भन्ने मान्यतामा मित्र थियौं, तर उनको काम-कारबाही एकलौटी भएका कारण मैले त्यसलाई निरन्तरता दिन चाहिनँ र उनको साथ छोडें।

**पुरानो साथी भएका कारण सम्झाउनुभएन ?**

ऊ अरूको कुरा सुन्ने किसिमको मानिस नै होइन। ऊ जहाँ पनि आफ्नो हठले जित्ने प्रयास गर्थ्यो। ऊ हामीलाई देखाउँदै एकलौटी रूपमा एन्फा चलाउने स्वभावको छ। त्यसै कारण एन्फा भनेको हामी होइन, गणेश थापा मात्र हो भन्ने देखियो।

**यत्रो वर्षपछि आएर मात्र किन विद्रोह गर्नुभयो ?**

यसअघि पनि मैले दुई पटक उसको साथ छोडिसकेको हुँ तर पनि उसले टिम भावनामा काम गर्नुपर्छ भन्ने कुरामा कहिल्यै सुधार गर्न चाहेन। फेरि मिलेर गरौं भनेर मलाई युवा परियोजनाको अध्यक्षसमेत बनायो तर मेरो सल्लाह र सुझाव कहिल्यै कार्यान्वयन गरेन, न अरूको सल्लाहलाई सकारात्मक रूपमै लियो।

**तपाईंको यो विद्रोहमा क-कसले साथ दिएका छन् ?**

मेरो समर्थनमा अहिले नेपाली फुटबलको विकास हुनुपर्छ भन्ने खेलाडीदेखि पूर्वखेलाडी, प्रशिक्षक, रेफ्री र खेलकुदसँग सम्बन्धित अन्य व्यक्ति तथा संस्थाहरू छन्। यो अभियानलाई हाल एन्फामा रहनुभएका साथीहरूदेखि हालै अस्तित्वमा आएको गणतान्त्रिक खेलकुद महासंघसम्मको समर्थन छ।


**तपाईंको योजनाचाहिँ के हो नि ?**

अन्तर्राष्ट्रिय फुटबलको वरियताक्रममा नेपालको स्तर बढाउनुका साथै नेपालले पछिल्लो १३ वर्षदेखि दक्षिण एसियाली क्षेत्रमा पाउन नसकेको सफलता पुनः दोहोऱ्याउनु। यसबाहेक एन्फामा फुटबलका सबै क्षेत्रलाई समेट्ने किसिमको नेतृत्व ल्याउने, एन्फालाई टिम स्पिरिटका आधारमा अघि बढाउने साथै युवा परियोजनालाई अझ सशक्त पार्दै राष्ट्रिय टिमलाई सबल बनाउने।



## बेकह्यामकै आम्दानी बढी

**फुटबल खेल्न नपाइने हुनाले अमेरिका जान नचाहेका इङ्ल्यान्ड फुटबल टिमका पूर्वकप्तान डेभिड बेकह्याम आम्दानीका दृष्टिकोणले अहिले अमेरिकामै सर्वाधिक आम्दानी गर्ने खेलाडी भएका छन्। श्रीमतीको करकापमा परेर अमेरिकामा बासोबास गर्न थालेका बेकह्यामले स्थानीय लसएन्जलस ग्यालेक्सी क्लबसँग अनुबन्ध गरेका छन्, जसअनुसार उनले यो सिजनका लागि ६५ लाख अमेरिकी डलर पाउनेछन्, जसमा उनको न्यूनतम तलब ५५ लाख डलर पनि सामेल छ। अमेरिकामा फुटबल खासै लोकप्रिय छैन। अमेरिकी दर्शक अमेरिकी फुटबल र बास्केटबलप्रति बढी रुचि राख्छन्। अमेरिकी फुटबलमा सर्वाधिक आम्दानी गर्ने शिकागो फायर क्लबबाट खेल्ने काउथेमोक ब्लान्कोले वार्षिक साढे २६ लाख अमेरिकी डलर कमाउँछन्। यसैगरी कोलम्बिया क्लबका फरवार्ड जुवा पावलो एन्जेलोको आम्दानी पौने २५ लाख अमेरिकी डलर छ।**




व्यावसायिक बक्सिङमा ओस्कार डि ला होयाको नाम अहिले शिखरमा छ। उनी व्यावसायिक बक्सिङका सम्राट् हुन् भन्दा फरक पर्दैन, तर बक्सिङका यी सम्राट् केही साताअघि लसएन्जलसमा भएको एक भिडन्तमा पराजित भए। फ्लोयड मेवाल्टर जुनियरसँग भएको भिडन्तमा उनले भोगेको पराजयले निकै चर्चा पायो। होयाको पराजयका सम्बन्धमा त्यो बेला सञ्चारमाध्यमहरूले जे-जस्तो अनुमान गरे पनि होयाको एक अन्तर्वार्ताले भने ठूलै हल्लीखल्ली मच्चायो। होयाले उक्त अन्तर्वार्तामा आफू पराजित हुनुको कारण स्पष्ट गर्दै भने- 'भिडन्त भैरहेको बेला मैले अचानक सलमा हायकलाई देखेपछि के भयो, मलाई नै थाहा भएन। हलिउडकी नायिका हायकलाई देखेपछि म केही सेकेन्ड टोलाएछु। यही क्रममा मैले मुक्का खाएँ, जसका कारण पराजित नै भएँ।'

## एक झलकमै पराजित

# प्रसंग कतिपय



विक्रम राई



दिनभरि पेट्रोलका निम्ति लाइनमा बस्नुपर्दा सवारी साधन नहुने आमनेपाली नागरिलाई भाग्यमानी सम्झनुपरेको छ। लोडसेडिङको समय फेरि बढ्ने हल्लाले आम नेपालीलाई देश पछाडि फर्कन थालेको महसुस गराएको छ। नेटवर्कको समस्याले ग्रस्त मोबाइलले काम गर्न नसकेको अवस्थामा थ्री जी मोबाइलको झर्कोलाग्दो आगमन भएको छ। जलस्रोतको धनी देश भएर पनि खानेपानीको समस्या भोग्नुपरिरहेकोमा कुन दिन कुन भूभाग बाढीले बगाउने हो, थाहा छैन। कहिले खाना पकाउने ग्यासको अभाव त कहिले मट्टीतेलको, दैनिकी चलाउन कठिन हुँदै गएको हाम्रो आमजीवन चक्काजाम, विरोध र बन्दले गुञ्जयमान छ। सबैलाई आ-आफ्नो हक, अधिकार सोसिएको, खोसिएको र खुम्चिएको महसुस 'अहिले आएर' भएको छ, स्वाभाविक हो। गणतन्त्रबाट सुरु भएको कथा संविधानसभा अनि समावेशीकरण हुँदै फेरि गणतन्त्र र संविधानसभाको चुनावको तिथिमिति वरिपरि नै घुमिरहेको छ। तराईमा लागेको आगोको धूवाँले नेपाली आकाशलाई ढाक्दै गएको छ। दोलखाको मन्दिरमा देवतालाई पसिना आएको छ र थप अनिष्टको शंका गरिएको छ। पुरानाहरू नासिँदै र भत्किँदै जाने अवस्थामा छन् भने नयाँ महाराजाहरू उदय भएका छन् वा लाइनमा छन्, कसैले ८० प्रतिशत ठाउँ लिन खोज्छन्, कसैले २० प्रतिशत, मात्र मात्राको फरक छ। टायरे राजनीतिको अनुभव हासिल गरिरहेका हामीले यो देशमा लोकतन्त्र ल्याउने सिरियल निर्माण गर्दैछौं। यो संक्रमणकालीन लोकतन्त्रमा पनि ठूला र सुकुमारहरूको दबदबा भएकाले पनि होला, कहिल्यै नदेखिएको गुन्डागर्दी, आगजनी र अपहरणका श्रृंखला पनि देखिएका छन्। रातो, नीलो, पहेंलो र अरूको झगडामै अस्तव्यस्त छौं हामी तर पनि आशाहरू जीवितै छन्। पेट्रोलियम पदार्थको अभाव हुँदाहुँदै पनि मित्रराष्ट्रले सरकारलाई गाडी उपहार दिई नै रहेको छ। पानीको समस्या भएकैले मिनिरल वाटर र सफ्ट ड्रिंकको व्यवसाय चम्किएको छ। हड्तालमा पनि कष्टप्रद दैनिकी चलेकै छ। ग्यास नभएर के भो र? नेपालको वन हरियो धन छँदैछ। सम्पूर्ण समस्याको समाधान आठ दलले गर्न नसके नौ दल, दस दल वा एघार हुँदै तीन करोड नेपालीको दलले टुङ्ग्याउने नै छ। तसर्थ आशाहरू जीवितै छन् तर यो तिनीहरूको आशा होइन जो आफूलाई पूर्णता दिन छिमेकीहरूतिर फर्किएका छन्, यो तिनीहरूको आशा पनि होइन जो पाताल भास्सिएका छन्। यो तिनीहरूको आशा हो जो समुन्नत राष्ट्रको कल्पना गर्दै नेपाली भूमिमा फेरि बुद्ध जन्माउन चाहन्छन्, आ□नै दस नङ्ग्रा खियाएर आ□नो घर-संसार सजाउन चाहन्छन्।


**होटल तथा पर्यटन तालिम**

★Tour & Travel Mgmt ★Tour Operation ★Airlines Ticketing (Amadeus, Abacus & Galileo) ★Hotel Management ★F & B Management ★Cook ★Waiter ★Bakery ★Front Office ★Bartender ★Housekeeping

SATS Course मा आधारित तालिम

Compare our quality with the others

सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र — स्थापनाको आठौं वर्ष

नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)

४४७२५५३/४४७५११३

(विहान ७:०० देखि बेलुका ७:०० सम्म)

**होटल तालीम**

छुट्टा (%)

★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver

International Air Fares & Ticketing with (International Certificate)

ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.

नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)

फोन नं: ४४९३८०१, २०८२७३१

(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

**सबै भन्दा पुरानो ! सबैभन्दा विश्वासिलो ! ! अत्याधुनिक प्रविधि ! हजारौं लाभान्वित ! !**

● फोटोग्राफी ● फोटोएडिटीङ्ग ● भिडियोग्राफी ● भिडियो एडिटीङ्ग ● फोटो ल्यामिनेसन ● दुई हप्ते HOBBY फाटोग्राफी / भिडियोग्राफी

सम्पर्क: अरूण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर

**नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट**

(मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्ष्टिच्यूट) भोटाहिटी साझा भण्डार माथिल्लो तल्ला

२११९१०३७
४२१६२९१

**CAREER FOCUSED तालिम** ३०% छुटमा

फोटोग्राफी भिडियोग्राफी Lab + Practical + Theory

DIGITAL VIDEO EDITING

PHOTO पत्रकारिता VIDEO पत्रकारिता

नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)

KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE

पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९




साँझपख एकान्तमा, तिमीलाई म दोबाटोमा, आँखामा तिमीलाई आदि गीत सुन्नेबित्तिकै दर्शक तथा श्रोताले उनलाई चिनिहाल्छन् गायक नवीन के भट्टराई भनेर। २०३० सालमा काठमाडौंमा जन्मिएका गायक भ राईले आफ्ना कणप्रिय गीतहरूका माध्यमबाट स्वदेश तथा विदेशमा रहेका नेपालीहरूको मन जितेका छन्। अहिलेसम्म उनले रहर, जिन्दगी, आवाज, स्मृति, सम्झना, समर्पण, नवीन ब्लु, स्मृति, रिलोडेड, जी मेजर एल्बमहरू बजारमा ल्याइसकेका छन्। अमेरिका, अस्ट्रेलिया, जापान, हङकङ आदि देशमा पटक-पटक आफ्ना गीतहरू प्रस्तुत गरिसकेका भट्टराई पछिल्लो समयमा विदेशका कार्यक्रममा बढी व्यस्त देखिए। पछिल्लो समयमा चर्चाभन्दा बाहिर रहेका गायक भट्टराईसँग पोखरामा फुर्सदमा गरिएको कुराकानी

## फुर्सदको कुराकानी

**पछिल्लो समयमा आएर तपाईंको चर्चा अलि कम भयो नि ?**

मैले चर्चाका लागि कहिल्यै गाइनँ। म अहिले पनि गाइरहेको छु। पहिलेजस्तो थिएँ अहिले पनि त्यस्तै छु। ममा केही परिवर्तन आएको छैन। अहिले म बढी देशबाहिरका कार्यक्रममा व्यस्त भएँ सायद, त्यसैले पनि हुन सक्छ तर गीत संगीतमा मेरो सक्रियता जस्ताको त्यस्तै छ।

**तपाईंले आफ्नो गाउने शैली परिवर्तन नगरेर पनि हो भन्छन् नि ?**

अरूले के भन्छन् त्यो मलाई थाहा छैन। फेरि म भन्नेहरूको पछि पनि लाग्दिनँ। खासमा भन्दा म शैली परिवर्तन नगरेरै कारण अहिलेसम्म टिकिरहेको छु। यही शैलीलाई श्रोता-दर्शकले मन पराउनुभएको छ। शैली परिवर्तन गरें भने मत डुबिहाल्छु नि।

**अहिले तपाईंभन्दा पछि आएकाहरू पनि हिट भएका छन् त ?**

हिट हुनु नराम्रो होइन। पहिलेको तुलनामा अहिले चर्चा पाउन सजिलो छ। गीत हिट नभए पनि म्युजिक भिडियो बनाएपछि चर्चा भैहाल्छ।

**त्यसो भए अहिले पपगीत गाएर चर्चा पाउन सजिलो छ ?**

पहिलेभन्दा धेरै सजिलो छ। पहिले एल्बम हिट हुनलाई ८० हजार क्यासेट बिक्री हुनुपर्थ्यो। अहिले ५ हजार बिक्री नभए पनि हिट हुन्छ। गीतको एउटा म्युजिक भिडियो हिट भएपछि क्यासेट, गायक सबै हिट हुने परम्परा छ।

**तपाईंलाई प्रायः कस्तो गीत गाउँदा आनन्द लाग्छ ?**

म भावपरक अनि भावुक शैलीका गीतहरू रोज्छु। जसले मलाई मात्र होइन, स्रोतालाई पनि आनन्द दिलाओस्। सुखका गीतले भन्दा दुःखका गीतले धेरैको मन छुन्छ।

**के पाउनुभयो यो क्षेत्रमा लागेर ?**

मुख्य कुरा आत्मसन्तुष्टि नै हो। अहिलेसम्म यो क्षेत्रमा लागेर नाम कमाएँ, श्रोता-दर्शकको माया पाएँ। योभन्दा ठूलो कमाइ के हुन सक्छ ? सहरमा मात्र होइन, विकट गाउँमा पनि चिनिन पाएको छु।

**आफूभन्दा पछि आउनेले उछिनेजस्तो लाग्दैन तपाईंलाई ?**

मलाई त्यस्तो लाग्दैन। अरू आएकै कारणले म पछि परेको छैन। मेरो इमेज आफनो ठाउँमा छ

**तपाईंका गुरु को हुन् ?**

शास्त्रीय गुरु प्रभुराज ढकाल, त्यसै गरी डयाइनियल वर्च र गेट मेथस मेरा सांगीतिक गुरु हुन्।

**अरू पनि पेसा छ कि ?**

संगीत नै मेरो जीवन हो। यसबाहेक अरू केही छैन।

**सुख र दुःखको क्षण ?**

सुख मात्र जीवन होइन। जीवनमा सुख-दुःखको क्षण त आइरहन्छन् नि।

**-शिव शर्मा**

# सहर चर्चा

## प्रदीप पौडेल



संस्थापन पक्षले पाखा लगाएको गुनासो नेपाली कांग्रेसमा पहिलेदेखि उठ्दै आएको हो। नेपाली कांग्रेस टुक्रिनुमा संस्थापन पक्षको हठलाई पहिलो कारण मानिन्छ। यद्यपि पार्टीभित्रै संघर्ष गऱ्यो भने संस्थापन पक्ष आफ्नो कुरा मान्न बाध्य हुन्छ भन्ने कुरा नेविसंघका नवनिर्वाचित सभापति प्रदीप पौडेलले सावित गरिदिएका छन्। विद्यार्थी राजनीतिमा पटक-पटक पाखा लगाइएका पौडेलले यसपटक संस्थापन पक्षका उमेद्वारलाई दोब्बरभन्दा बढी मतले पराजित गरी घरभित्रै बसेर घरका सदस्यहरूलाई गतिलो पाठ पढाएका छन्।

शिद्धार्थ वनस्थलीबाट विद्यार्थी राजनीतिमा होमिएका तनहुँका यी विद्यार्थीले अखिलको एकछत्र पकड भएको अस्कल क्याम्पसमा २०५३ सालमा नेविसघंबाट निर्वाचित भएर सबैलाई छक्क पारे। नेविसंघका केन्द्रीय सदस्य, महामन्त्री तथा उपाध्यक्ष हुँदै अहिले सभापति भएका पौडेल आफ्नो लोकप्रियताकै कारण दुई वर्षअघि संस्थापन पक्षबाट खोसुवामा परेका थिए। पौडेल गणतन्त्रको नाराबाट नेतृत्वमा आए पनि क्रान्तिकारी विद्यार्थी समूह तथा अनेरास्ववियूभन्दा फरक शैलीमा विद्यार्थीको मुद्दा उठाउने बताउँछन्। उनले एकैसाथ नेपाली कांग्रेसको संस्थापन पक्ष तथा विपरीत सिद्धान्तका विद्यार्थीहरूसँग संघर्ष गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

## साइबर गर्ल

**सफल क्यारियर गर्ल बन्ने चाहना**

मिस नेपाल-२००७ प्रतियोगितामा मिस रियल नेचुरल ट्यालेन्टको उपाधि जितेपछि बुटवलकी २० वर्षीया सुन्दरी सावित्रा श्रेष्ठलाई अहिले अभिनय र मोडलिङका लागि थुप्रै अफर आउन थालेका छन्। टप थ्रीमा पर्छु भन्ने सोचेकी सावित्राले मिस नेपालको इतिहासमा बुटवलको प्रतिनिधित्व गर्दै पहिलो पटक टपटेनभित्र परेर उपाधि जितेकोमा आफूलाई सबैभन्दा बढी गर्व र खुसी लागेको बताइन्। मिस नेपाल प्रतियोगितामा भाग लिएपछि आफूले धेरै कुरा सिक्ने अवसर पाएको, धेरै माझ चिनिन पाएको र केही गरेर देखाउने आत्मविश्वास बढेको बताउँदै सावित्राले मिस नेपाल प्रतियोगिताको विरोध गर्नुपर्ने कुनै कारण नभएको तर्क गरिन्। नृत्यमा रुचि भएकी सावित्रा क्रिकेट तथा फुटबल हेर्न मन पराउँछिन्। जो-सुकैसँग खुलेर बोल्ने, हँसिलो र फरासिलो स्वभावकी सावित्रा सफल क्यारियर गर्ल बनेर आफ्नो जन्मथलो बुटवलको नाम राख्न चाहन्छिन्।



## डेथ जोनबाट फिर्ता



विद्यालय जीवनमा शिक्षकले संसारको सर्वोच्च शिखर नेपालमा रहेको बताएपछि नै उषा विष्टमा सगरमाथा चढ्ने रहर पलाएको थियो, उनको त्यो बालरहर २२ वर्षको उमेरपछि साकार हुने दिन आयो। कैलाली जिल्लाको पथरियाकी यी युवती आफ्नो रहर साकार पार्न विश्वको सर्वोच्च शिखरतर्फ हानिइन्। छेत्री युवतीहरूबाट पहिलो सगरमाथा चढ्ने योजना बनाएर शेर्पा सहयोगीहरूका साथ गएकी विष्ट सगरमाथाको सर्वाधिक चिसो क्षेत्रमा पुगेर अलपत्र परिन्। बिरामी भएपछि उनका सहयोगीहरूले उनको साथ छोडे। उक्त स्थान समुन्द्री सतहबाट ८ हजार ५ सय मिटरमा थियो, तर उनको भाग्य, सगरमाथा चढ्न गएका अन्य आरोहण दलले उनलाई उद्धार गरेर आधार शिविरसम्म ल्याए। चिसोका कारण हात र खुट्टाका केही औंला गुमाएकी विष्ट अहिले आफूले दोस्रो जुनी पाएको बताइरहेकी छिन्। उनले आफूलाई डेथ जोनबाट बचाउने सबैलाई धन्यवादसमेत दिएकी छिन्।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल।**